सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२१ चैत २०८०, बुधबार (3 April 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

### नक्कली शरणार्थी अनुसन्धानको एक वर्ष

## मुख्य बिचौलिया भ्रा पत्राउ नपर्दा रोकियो थप उच्चपदस्थमाथिको अनुसन्धान

**नवराज मैनाली**/नयाँ पत्रिका

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने संगठित ठगी अपराधका मुख्य अभियुक्तहरू एक वर्ष बित्दा पनि पक्राउ परेका छैनन्। प्रहरी इतिहासकै हाइप्रोफाइल अपराध मानिएको यसमा फरार अभियुक्त पक्राउ नपर्दा थप केही उच्चपदस्थ व्यक्तिमाथिको प्रहरी अनुसन्धान रोकिएको छ। प्रहरीले यस अपराधको अनुसन्धान थालेको ठीक एक वर्ष भइसकेको छ।

प्रहरीले पूरक जाहेरी लिएर यसमा दोस्रो चरणको अनुसन्धान गरिरहेको छ। आगामी ७ जेठभित्र पूरक अभियोगपत्र दर्ता गरिसक्नुपर्ने दबाबमा प्रहरी छ। जुन अनुसन्धानको हदम्याद डेढ महिना मात्र बाँकी छ। तर, मुख्य बिचौलिया भ्रा प्रहरीको 'राडार'बाहिर हुँदा अनुसन्धानले गति लिन सकेको छैन।



बेचन भ्रा

मुख्य बिचौलियाको भूमिकामा देखिएका बेचन भ्रा, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का छोरा प्रतीक थापा, तत्कालीन गृहमन्त्री थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईका छोरा नीरज राईलगायत फरार छन्। मुख्य बिचौलिया भ्राले अनुसन्धान सुरु भएलगत्तै देश छाडेका थिए।

यस प्रकरणमा भ्राले नै गृह प्रशासन र उच्च राजनीतिक नेतृत्वबीच समन्वय गरेको प्रहरी अनुसन्धानमा खुलेको थियो। तर, उनी पक्राउ नपर्दा प्रहरीले त्यसमा प्रमाण फेला पार्न सकेको छैन। तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र सचिव टेकनारायण पाण्डेलाई ठगी गिरोहसँग उनले नै भेट गराइदिएको अनुसन्धानमा खुलेको थियो। हाल पूर्पक्षका लागि थुनामा रहेका सचिव पाण्डेले त लिखित बयानमै यो बताएका छन्। उनको बयानमा छ, 'मन्त्रालयमा राजनीतिक रूपमा सम्पर्कमा आएका बेचन भ्रासँग बयान लिएपछि यस विषयमा थप गहिराइमा पुग्न सकिन्छ।'

स्रोतका अनुसार काग्रेसका प्रभावशाली नेताहरूले भ्रालाई भेट्न तत्कालीन सचिव पाण्डेलाई सिफारिस गराइदिएका थिए। सोही आधारमा पाण्डेको सो गिरोहका सदस्यहरू केशव दुलाललगायतसँग निकट सम्बन्ध भएको थियो। सोही आधारमा गृह मन्त्रालयले दर्तामा छुट भएका शरणार्थीको विवरणमा नेपालीहरूको नाम राखेर सोही आधारमा अमेरिका पठाउने प्रयास गरेको थियो। तर, कार्यान्वयन हुन नसकेपछि पीडितहरू आफ्नो पैसा डुबेको भन्दै उजुरी लिएर प्रहरीमा पुगेका थिए।

१९ जेठ ०७९ मा पीडितहरू प्रहरीमा पुगेकामा गत वर्ष गृह प्रशासनमा नेतृत्व फेरिएपछि मात्र यसको अनुसन्धान सुरु भएको थियो। गत वर्ष १० जेठमा जिल्ला अदालत काठमाडौंमा संगठित अपराध, ठगी, राज्यविरुद्धको अपराध र लिखत किर्तेसम्बन्धी मुद्दा दायर गरिएको थियो।

जसमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वसांसद आङटावा शेर्पा, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँ, भुटानी शरणार्थी नेता टेकनाथ रिजालजस्ता हाइप्रोफाइललाई पक्राउ गरी मुद्दा दायर गरेको थियो। त्यसबाहेक सन्दीप रायमाझी, नरेन्द्र केसी,

» पृष्ठ ११ मा क्रमशः

# आत्महत्या दुरुत्साहनको कसुर अदालतमा पुष्टि हुन मुस्किल

## अधिकांश मुद्दा विवाहित महिला र प्रेम सम्बन्ध जोडिएका

**शिल्पा कर्ण**/नयाँ पत्रिका

**घटना १** गुल्मी धुर्कोट बस्ने २८ वर्षीय कुसुम खनाल (श्रीमान्) र सोही ठाउँकी ५९ वर्षीया पोमिता खनाल (सासू)विरुद्ध अर्घाखाँचीका ५६ वर्षीय जितबहादुर पोखरेलले आत्महत्या दुरुत्साहनको उजुरी दिएपछि प्रहरीले अनुसन्धान गरी जिल्ला अदालत अर्घाखाँचीमा मुद्दा दर्ता गराएको थियो। पोखरेलकी भतिजी लक्ष्मी पोखरेललाई श्रीमान् र सासूले दाइजो कम ल्याएको भन्दै हेलाहोचो, गाली-गलौज र कुटपिटसमेत गर्ने गरेको तथा खान-लाउन नदिने गरेको उजुरीमा थियो। शारीरिक र मानसिक यातना सहन नसकी लक्ष्मी माइती पुगेपछि दुःख नदिने सर्तमा फिर्ता ल्याउने गरेको, तर फेरि उस्तै व्यवहार गरिरहेपछि लक्ष्मी आत्महत्या गर्न बाध्य भएको व्यहोरा अभियोगपत्रमा छ।

लक्ष्मीले विवाह भएको चार वर्षपछि ३ साउन ०७९ को एकाबिहानै घरनजिकैको सामुदायिक वनमा आत्महत्या गरेकी थिइन्। श्रीमान् र सासू दुवैले भने प्रहरीसामु सबै आरोप इन्कार गरेका थिए।

यस मुद्दामा फैसला गर्दै न्यायाधीश श्रीकृष्ण भट्टराईको इजलासले ठोस प्रमाण नभएको निष्कर्षसहित दुवै अभियुक्तलाई सफाइ दियो। गत वर्ष ११ फागुनमा आएको फैसलमा वादीका तर्फबाट अभियोग पुष्टि गर्ने कागज पेस भए पनि 'तथ्ययुक्त सपोर्टिभ डकुमेन्ट' नपुगेको ठहर थियो। सुसाइड नोट, प्रहरी वा अन्य कुनै अड्डा, अदालत वा स्थानीय निकायमा मृतक जिउँदो हुँदा कुनै सिकायत, रिपोर्ट वा निवेदन/उजुरबाजुर गरेको पुष्टि हुने प्रमाण अभियोगपत्रसाथ पेस नभएको भन्दै सफाइको फैसला गरिएको थियो।

**घटना २** १८ चैत ०७८ मा बैतडीको डिलासैनी गाउँपालिकामा सल्लाको रुखमा झुन्डिएको अवस्थामा १८ वर्षीया यशोदा नाथको शव भेटिएको थियो। घटनापछि जिल्ला अदालत बैतडीमा भाउजू नाता पर्ने हिराकुमारी नाथलाई प्रतिवादी बनाउँदै आत्महत्या दुरुत्साहन मुद्दा दायर भएको थियो। भाउजूले नै एक युवकसँग अनैतिक सम्बन्धको लाञ्छना लगाई बदनाम गराइदिने र गाली-गलौजसमेत गर्ने गरेपछि यशोदाले पासो लगाई आत्महत्या गर्नुपरेको दाबी अभियोगपत्रमा थियो।

प्रतिवादी हिराकुमारीले भने आफ्नो रोजाइको केटासँग विवाह गर्न नपाएका कारण र जाहेरवाला तथा प्रतिवादीबीच एक दिनअघि झगडा भएका कारण यशोदाले आत्महत्या गरेको दाबी गरेकी थिइन्। मान्छेहरूले गरेका कागजबाहेक दुरुत्साहन पुष्टि गर्ने कुनै वस्तुनिष्ठ प्रमाण नभएको भन्दै अदालतले हिरालाई सफाइ दियो। बदनाम गराइदिने धम्कीकै कारण यशोदाले आत्महत्या गरेको पुष्टि भएन।

**घटना ३** मोरङको तत्कालीन धनपालथान गाविसमा २७ वर्षीया पूजादेवी बहरदारको विवाह ०७३ मा शत्रुधन मुखियासँग भएको थियो। पूजाले ७ फागुन ०७८ मा घरमै झुन्डिएर आत्महत्या गरिन्। विवाहको केही वर्षपछि दुईबीच सम्बन्ध ठीक नरहेको र मुखियाले मादक पदार्थ सेवन गरी श्रीमतीमाथि कुटपिट र मानसिक यातना दिने गरेको परिवारको दाबी थियो।

आफूले मादक पदार्थ सेवन गरेका कारण श्रीमतीसँग कुटपिट र झैझगडा हुने गरेको पूजाका श्रीमान् तथा प्रतिवादी मुखियाले स्विकारेका थिए। पूजाले आत्महत्या गर्नु एक दिनअघि पनि दुवैको यसै विषयमा झगडा भएको थियो। बहिनीलाई आत्महत्या गर्न बाध्य बनाएको भन्दै पूजाका दाइ नारायण गोढीले उजुरी दिएका थिए र मोरङ जिल्ला अदालतमा मुद्दा चलेको थियो। यसमा मुखियाले सफाइ पाइसकेका छन्।

०००

आत्महत्याका घटना बढेसँगै अदालतमा आत्महत्या दुरुत्साहनका मुद्दा पनि बढेका छन्। आत्महत्या दुरुत्साहनलाई अपराध मान्ने गरी कानुनी व्यवस्था गरिएपछि प्रहरीमा उजुरीसँगै अदालतमा यससम्बन्धी मुद्दा परेका हुन्। तर, अदालतबाट कसुर पुष्टि हुन

» पृष्ठ ११ मा क्रमशः



### आत्महत्या दुरुत्साहन कसुरका मुद्दाको अवस्था कुन अदालतमा कस्तो ?

**सर्वोच्च**

पाँच वर्षमा सर्वोच्च अदालतमा यस्ता दुई मुद्दा पुगेका छन्। त्यसमध्ये ०७७/७८ मा दर्ता मुद्दा सोही वर्ष ठहर भइसकेको छ भने ०७९/८० को मुद्दा विचाराधीन छ।

**उच्च अदालत**

| | लगत | ठहर | सफाइ | अन्य | बाँकी |
|---|---|---|---|---|---|
| ०७९/८० | २०९ | ३३ | १०४ | ० | ७१ |
| ०७८/७९ | १९९ | २६ | ८९ | १ | ८३ |
| ०७७/७८ | ११८ | १५ | ४६ | ० | ५७ |
| ०७६/७७ | ४२ | ७ | १० | ० | २५ |
| ०७५/७६ | ५ | ० | २ | ० | ३ |

**जिल्ला अदालत**

| | लगत | ठहर | सफाइ | अन्य | बाँकी |
|---|---|---|---|---|---|
| ०७९/८० | ४९१ | ५४ | १६० | ३ | २७४ |
| ०७८/७९ | ४४७ | ६९ | ११४ | ७ | २५७ |
| ०७७/७८ | ३८८ | ४९ | ११९ | १ | २१९ |
| ०७६/७७ | २५० | २५ | ६६ | १ | १५८ |
| ०७५/७६ | ९५ | १० | २० | ० | ६५ |

(अन्य : फिर्ता, मुल्तबी, अन्य)

स्रोत : महान्यायाधिवक्ताको प्रतिवेदन

### सुसाइड नोटमै नाम मात्र राखेर आरोप लगाइदिएकै भरमा अदालतले त्यसलाई प्रमाण मान्दैन



● **सञ्जीवराज रेग्मी**
नायब महान्यायाधिवक्ता

दाइजोको निहुँमा मानसिक/शारीरिक यातना दिई मर्न बाध्य बनाउने, बुहारी वा श्रीमतीलाई घरमा यातना दिनेजस्ता घटना बढिरहेका बखत त्यसलाई रोक्न कानुनमा दुरुत्साहनसम्बन्धी व्यवस्था गरिएको हो।

हामीकहाँ कस्तो हुन्छ भने उजुरी लिएर आउनेलाई आफ्नो मान्छेको मृत्युको पीडा हुन्छ। यस्तोमा ठोस प्रमाण नभए पनि किटानी जाहेरी दिन्छन् र मुद्दा अदालतसम्म पुग्छ। विद्यालयमा आत्महत्या गरे शिक्षक/प्रधानाध्यापक, होस्टेलमा गरे वार्डेन, अफिसमा गरे हाकिम, घरमा गरे सासू-श्रीमान्लाई प्रतिवादी बनाएको पाइन्छ। सुसाइड नोटमै नाम मात्र राखेर आरोप लगाइदिएकै भरमा अदालतले त्यसलाई प्रमाण मान्दैन।




### इलामको उम्मेदवार चयनमा कांग्रेसभित्र विवाद

## संस्थापन खड्का र इतर समूह आचार्यको पक्षमा

नयाँ पत्रिका



डम्बर खड्का



भेषराज आचार्य

एमाले, रास्वपा र राप्रपाले उम्मेदवार टुंग्याएर चुनावी प्रचार थालिसक्दा पनि इलाम २ को उम्मेदवार चयनमा विवाद बढेपछि कांग्रेसभित्र छलफल लम्बिएको छ। मंगलबार सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा बसेको संसदीय बोर्डको बैठकमा सभापति देउवा र महामन्त्री विश्वप्रकाश शर्मा दुई खेमामा बाँडिएर विवाद बढेपछि बैठक विनानिष्कर्ष टुंगिएको हो। २४ चैतमा उम्मेदवारी मनोनयनको निर्वाचन कार्यतालिका छ।

सभापति देउवा र उपसभापति पूर्णबहादुर खड्काले तत्कालीन संविधानसभा अध्यक्ष सुवास नेम्वाङसँग पराजित डम्बर खड्कालाई नै मौका दिनुपर्ने प्रस्ताव गरेका छन्। महामन्त्री शर्मा, सहमहामन्त्री भीष्मराज आङ्देम्बे र नेता शेखर कोइराला भेषराज आचार्यलाई टिकट दिनुपर्ने पक्षमा उभिएका छन्। तर, देउवा टसमस नभएपछि बैठक विनानिष्कर्ष टुंगिएको हो।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने एकजनाको नाम टुंगो लगाउँदा सिफारिसमा परेकालाई पनि बोलाएर छलफल गरी सम्झाउने नीति लिइएकाले बुधबारसम्म छलफल लम्बिएको बताए। 'सोमबार अनौपचारिक छलफल भएको थियो, मंगलबारको संसदीय बोर्डको औपचारिक बैठकमा सिफारिसमा आएका नाममाथि सबैले धारणा राखे पनि छलफल जारी रहेकाले

» पृष्ठ ११ मा क्रमशः




# वैदेशिक अध्ययनमा सात महिनामा बाहिरियो ६६ अर्ब ६४ करोड

### गत आवको सोही अवधिभन्दा २२ अर्ब ९० करोड अर्थात ५२.३ प्रतिशत बढी बाहिरियो

■ प्रतिमहिना ९-१० अर्ब रकम विद्यार्थीबाट बाहिरिने गरेको राष्ट्र बैंकको आकलन

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

वैदेशिक अध्ययनमा जाने विद्यार्थीबाट पछिल्लो सात महिनामै ६६ अर्ब ६४ करोड रकम बाहिरिएको छ। चालू आवको माघ मसान्तसम्म गत वर्षको भन्दा २२ अर्ब ९० करोड बढी रकम बाहिरिएको छ। यो तथ्यांक गत वर्षको सोही अवधिको भन्दा ५२.३ प्रतिशतले बढी हो।

चालू आर्थिक वर्षको माघ मसान्तसम्म ६९ हजार तीन सयले एनओसी लिएका छन्। गत वर्ष (०७९) माघ मसान्तसम्म ५१ हजार ८१६ जना विद्यार्थीले एनओसी लिएका थिए। विद्यार्थी संख्या बढेसँगै वैदेशिक अध्ययनका लागि बाहिरिने रकम पनि बढेको हो।

राष्ट्र बैंकका सहप्रवक्ता डा. डिल्लीराम

» पृष्ठ ११ मा क्रमशः



सानोठिमीस्थित वैदेशिक अध्ययन अनुमतिपत्र कार्यालयमा एनओसी लिन लाइन लागेका विद्यार्थी। फाइल तस्बिर

### ■ मध्यचैतसम्म ८५ हजारले लिए एनओसी

वैदेशिक अध्ययन अनुमति शाखा (एनओसी) कार्यालयका अनुसार गत वर्षको तुलनामा यस वर्ष बिदेसिने विद्यार्थीको संख्या पनि धेरै हुने अनुमान छ। गत आर्थिक वर्षमा एक लाख १० हजार विद्यार्थी बिदेसिएका थिए। चालू आर्थिक वर्षको १४ चैतसम्म ८५ हजार पाँच सय विद्यार्थीले एनओसी लिएका छन्।

चालू आर्थिक वर्षको अझै साढे तीन महिना अवधि बाँकी रहेकाले गत वर्षभन्दा यस आर्थिक वर्षमा बढीले एनओसी लिने एनओसी कार्यालयको अनुमान छ। कार्यालयका प्रमुख वासुदेव वस्तीका अनुसार यस आर्थिक वर्षमा सबैभन्दा बढी विद्यार्थी जापान गएका छन्। जहाँका लागि ३५ हजार विद्यार्थीले एनओसी लिएका छन्। त्यसपछि अस्ट्रेलिया, क्यानडा, युएसएलगायत देशका लागि एनओसी लिने विद्यार्थीको संख्या बढी देखिन्छ। 'गत वर्षको भन्दा यस वर्ष एनओसी लिनेको संख्या बढी हुने देखिन्छ,' कार्यालय प्रमुख वस्तीले भने, 'यस वर्ष जापान जाने विद्यार्थीको संख्या अत्यधिक छ।'

## ■ फेरि आन्दोलनमा उत्रिँदै बन्चरेडाँडावासी

# फोहोर बोकेका गाडी रोक्ने तयारी



● **श्रीराम ढुंगाना**, संयोजक, ल्यान्डफिल साइट प्रभावित क्षेत्र सरोकार समिति

फोहोरमैला ढुवानी गर्ने सवारीसाधनको असावधानीका कारण दर्जनौँ स्थानीयवासीको मृत्यु भएको, सयौँको संख्यामा क्यान्सरजस्ता प्राणघातक रोग फैलिएको र यही कारण दर्जनौँको मृत्यु भएकोलगायत मानवताविरोधी अपराध गरेकाले अबउप्रान्त सधैँका लागि फोहोरमैला निषेध गर्नुबाहेक अर्को विकल्प छैन । यसपटक पूर्वसहमति कार्यान्वयनको चरणमा नपुगुन्जेल चरणबद्ध आन्दोलन गर्ने र फोहोरमैला बोकेका गाडीलाई प्रवेश निषेध गर्छौं ।

**शान्ति तामाङ**/नयाँ पत्रिका

काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहोर व्यवस्थापन हुँदै आएको बन्चरेडाँडा ल्यान्डफिल क्षेत्रका बासिन्दाले फेरि आन्दोलन गर्ने भएका छन् । स्थानीयवासीसँग केन्द्र सरकार, काठमाडौं महानगरपालिका र अरू स्थानीय तहले गरेको सहमति कार्यान्वयन नभएको भन्दै उनीहरू आगामी शनिबार (२४ चैत)देखि आन्दोलनमा उत्रिन लागेका हुन् । शनिबारदेखि नै उनीहरूले फोहोर बोकेका कुनै पनि गाडी बन्चरेडाँडा जान नदिने घोषणा गरेका छन् ।

यसपटक पूर्वसहमति कार्यान्वयनको चरणमा नपुगुन्जेल चरणबद्ध आन्दोलन गर्ने र फोहोरमैला बोकेका गाडीलाई प्रवेश निषेध गर्ने बन्चरेडाँडा ल्यान्डफिल साइट प्रभावित क्षेत्र सरोकार समितिका संयोजक श्रीराम ढुंगानाले बताए । 'नेपाल सरकार र काठमाडौं महानगरपालिकासमेतका फोहोरमैला ढुवानी गर्ने सवारीसाधनको असावधानीका कारण दर्जनौँ स्थानीयवासीको मृत्यु भएको, सयौँको संख्यामा क्यान्सरजस्ता प्राणघातक रोग फैलिएको र यही कारण दर्जनौँको मृत्यु भएकोलगायत मानवताविरोधी अपराध गरेकाले अबउप्रान्त सधैँका लागि फोहोरमैला निषेध गर्नुबाहेक अर्को विकल्प छैन,' संयोजक ढुंगानाले भने । शनिबारदेखि फोहोर बोकेका गाडी तारकेश्वर नगरपालिका र नुवाकोटको ककनी गाउँपालिकाको सीमामै रोकिने संघर्ष समितिले जनाएको छ ।



### ■ मेयर बालेनले आफ्नै वाचा भुलेको आरोप



दुई वर्षअघि काठमाडौं महानगरको मेयरमा निर्वाचित हुनेबित्तिकै बालेन्द्र साह (बालेन)ले बन्चरेडाँडा पुगेर फोहोरमैला व्यवस्थापनको समस्या समाधान नभएसम्म खादा, माला नलगाउने घोषणा नै गरेका थिए । फोहोरमैला व्यवस्थापन समस्या दीर्घकालीन समाधान नभई चुप लाएर नबस्ने र यसका लागि केही महिना समय दिन अनुरोध गरेका थिए । सोहीअनुसार स्थानीय ढुक्क भएका भए । तर, अहिले आफ्नै वाचा भुलेर स्थानीयसँग वार्ता, छलफलसमेत गर्न नचाहेको स्थानीयको आरोप छ । 'हामीलाई त्यतिबेला आश्वासन दिइयो । तर, अहिले भेट्न, छलफल गर्नसमेत पाएका छैनौं । बन्चरेडाँडावासीसँग नभेट्ने भन्नुभएको छ रे,' ढुंगानाले भने । १३ जेठ ०७९ मा निर्वाचित हुनेबित्तिकै र २० जेठमा उपमेयर सुनीता डंगोलसहित बन्चरेडाँडा पुगेका थिए । ककनी गाउँपालिकाको वडा नम्बर १, २ र ३ तथा धुनिबेंसी नगरपालिका वडा नम्बर १, ३ र ४ लाई प्रभावित क्षेत्र भनेर तोकिएको छ ।

### महानगरसँग यस्ता माग

- ल्यान्डफिल साइटमा खडा गरेको सशस्त्र प्रहरी पोस्ट खारेज गर्नुपर्ने
- कोल्पुखोलाको पानीलाई पूर्ववत् स्वच्छ कायम गर्नुपर्ने
- फोहोरमैला ढुवानी गर्ने सवारीसाधन महासंघ र नगरपालिकाले प्रमाणीकरण गरी अप्रिय परिस्थितिको जवाफदेही बन्नुपर्ने
- सिसडोल बन्चरेडाँडा साइटमा काम गर्न राखेका स्थानीय सबै कामदारलाई स्थायी नियुक्ति दिई १० लाखसम्मको जीवन बिमा गर्नुपर्ने
- प्रभावित क्षेत्रका दुई सयजना महिला तथा पुरुषलाई सरकारी सेवामा समावेश गर्नुपर्ने
- तीनपिप्लेदेखि बन्चरेडाँडासम्मको सडकमा पर्ने जग्गाको लगत कट्टा गरी मुआब्जा भुक्तानी गरी चार लेन सडक निर्माण गर्नुपर्ने
- फोहोरमैला ढुवानीका लागि आठ माइल देवकोटा टोल ढाँडे-बन्चरेडाँडा सडक द्रुत प्रक्रियाद्वारा निर्माण गुर्नुपर्ने
- फोहोरमैला ढुवानीका साधन दुर्घटनाबाट मृत्यु भएका, बस्तीमा भएको वातावरण विनाशको क्षति अनुमानित ४५ अर्बभन्दा धेरै भएकाले उच्चस्तरीय संसदीय संयुक्त छानबिन समितिको प्रतिवेदनबमोजिम भुक्तानी दिनुपर्ने
- ल्यान्डफिल साइटमा फोहोरमैलासम्बन्धी उद्योग द्रुत प्रक्रियाद्वारा स्थापना गर्नुपर्ने । साथै, फोहोरमैला विकास प्राधिकरण गठन छिटो गर्नुपर्ने
- ल्यान्डफिल साइटमा फोहोरमैलासम्बन्धी उद्योग स्थापना गर्नुपर्ने
- फोहोरमैला विकास प्राधिकरणको छिटो गठन गरी बन्चरेडाँडाको समस्या समाधान गर्नुपर्ने

### केन्द्र सरकारसँगका माग

- मानव बस्तीरहित ल्यान्डफिल साइट विकास क्षेत्र
- फोहोरमैला प्रदूषणरहित विकास क्षेत्र
- फोहोरमैला प्रभावित क्षेत्रलाई विशेष संवेदनशील क्षेत्र निर्णय गरी कार्यान्वयन गुर्नपर्ने
- फोहोरमैला विकास प्राधिकरण गठन र फोहोरमैलासम्बन्धी उद्योग स्थापना गर्नुपर्ने
- ल्यान्डफिल साइट क्षेत्रमा त्रासदी बढाउन खडा गरेको सशस्त्र प्रहरी पोस्ट तत्काल खारेज गर्नुपर्ने
- प्रभावित क्षेत्रका दुई सयजनालाई सरकारी सेवा अवसर दिनुपर्ने
- नेपवेस्ट प्रालिसँग सरकारले गरेको सम्झौता खारेज गर्नुपर्ने
- फोहोरमैला व्यवस्थापन ऐन, ०६८ र फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, ०७९ खारेज गर्नुपर्नेलगायत

### संक्षेपमा उपत्यका

**टेकु** : मौसम परिवर्तनसँगै कोरोना भाइरसका लक्षण भएका बिरामी देखिन थालेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार एक सातामा मात्रै २८ जनामा कोरोना संक्रमण देखिएको छ । ती संक्रमितमा सुदूरपश्चिम प्रदेशमा भारतबाट आएका रहेका छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले पनि कोरोना संक्रमितहरू उपचारका लागि अस्पतालमा आउने गरेको बताए । 'मौसममा आएको परिवर्तनसँगै रुघाखोकी र ज्वरोका बिरामी आउने गरेका छन्,' उनले, 'तर, बाहिर हल्ला गरेजस्तो कोरोना संक्रमित अस्पतालमा छैनन् ।' निर्देशक डा. बसौलाका अनुसार अहिले तीन संक्रमितले सघन उपचार कक्ष (आइसियू) र दुईजनाले जनरल शय्यामा उपचार गराइरहेका छन् । अन्य अस्पतालमा आइसोलेसन नभएर टेकु अस्पतालमा बिरामी आउने गरेको उनले बताए ।

**गोकर्णेश्वर** : चक्रपथभित्र मेलम्ची खानेपानी आपूर्ति केही हदसम्म सहज भए पनि मेलम्ची र सुन्दरीजलको खानेपानी पाइप बिछ्याइएको क्षेत्र गोकर्णेश्वर क्षेत्रमा भने पानीको चर्को अभाव देखिएको छ । यो समस्या समाधान गर्न खानेपानीमन्त्री रामकुमार राईलाई त्यस क्षेत्रबाट संघीय संसद्मा प्रतिनिधित्व गर्ने सांसद, स्थानीय नगरपालिकाका प्रमुख एवं उपप्रमुख, उपभोक्ताहित संरक्षणसँग जोडिएका प्रतिनिधिले मंगलबार भेटेर माग गरेका छन् । प्रतिनिधिसभा अर्थसमितिका सभापति सन्तोष चालिसेले काठमाडौंवासी तिर्खाएका वेला पाइप बिछ्याउन जग्गा उपलब्ध गराउनेहरू अहिले मर्कामा परेकाले सरकारले त्यस पाटोलाई बुझ्न आवश्यक रहेको बताए । भेटघाटमा सांसद शान्ति श्रेष्ठ, पूर्वसांसद रामेश्वर फुँयाल, कृष्णबहादुर राई, गोकर्णेश्वर नगरपालिकाका मेयर दीपक रिसाल र उपमेयर सान्नानी लामासहित सहभागी थिए ।

**चाँगुनारायण** : चाँगुनारायण नगरपालिकाले नगरभित्र हुन सक्ने विपत्मा तत्कालै तालिमप्राप्त दक्षजनशक्ति घट्नास्थल पुगेर खोज, उद्धार तथा प्राथमिक उपचार दिन सक्ने गरी ३० जना महिलासहित ८१ जनाको खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार गर्ने दक्ष स्वयंसेवक उद्धारकर्ताको दस्ता तयार पारेको छ । जुनसुकै बेलामा आइपर्ने जस्तोसुकै विपत्मा पनि खोज तथा उद्धार गर्ने र विपत् प्रतिकार्यका लागि आवश्यक तालिमप्राप्त जनशक्ति तयार पार्ने उद्देश्यले उनीहरूलाई १० दिने तालिम प्रदान गरिएको नगर प्रमुख जीवन खत्रीले जानकारी दिए । नगरपालिकाले प्रत्येक वडामा वडास्तरीय विपत् व्यवस्थापन समिति गठन गरेको थियो । सोहीअनुसार प्रतिकार्यका लागि विभिन्न तीन समूह एवं चरणमा तालिमप्राप्त उद्धारकर्तालाई निर्देशनसमेत दिइएको छ ।

**बोडे** : मध्यपुरथिमि नगरपालिकाको बोडेमा हरेक वर्ष २ वैशाखमा आयोजना हुने 'जिब्रो छेड्ने जात्रा'मा बोडेका २७ वर्षीय सुजन बाग श्रेष्ठले दोम्रोपटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिने भएका छन् । नवौंपटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिँदै आएका बोडेका ५० वर्षीय बुद्धकृष्ण बाग श्रेष्ठले आफ्ना कान्छा छोरा सुजनलाई गत वर्ष जिब्रो छेडाएर पुस्तान्तरण गरेका थिए । कृष्णचन्द्रले १२ पटक जिब्रो छेडाएपछि उनका भाइ बुद्धकृष्ण बाग श्रेष्ठले नौपटक जिब्रो छेडाएका थिए । यस वर्ष बुद्धकृष्णका कान्छा छोराले दोम्रोपटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिन लागेको स्थानीय दिलकृष्ण प्रजापतिले जानकारी दिए ।

## ठगी आरोपमा तीनजना पक्राउ

**काठमाडौं**/ वैदेशिक रोजगारमा विभिन्न देश पठाइदिने भन्दै ६ करोड १९ लाख ३२ हजार ठगी गरेको आरोपमा तीनजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापा कमल गाउँपालिका-७ घर भई काठमाडौं कागेश्वरी-मनोहरा नगरपालिका-७ बस्ने ३७ वर्षीय केदार चौधरी, बाँके कोहलपुर नगरपालिका-१० घर भई काठमाडौं टोखा बस्ने ३२ वर्षीय जीवराज केसी र म्याग्दी गाउँपालिका-१ घर भई कास्की पोखरा महानगरपालिका-६, लेकसाइड बस्ने ३८ वर्षीय नन्ददेवी पुन रहेका छन् ।

केदार चौधरीले युके पठाइदिने भन्दै ३०-३५ जनाबाट नौ लाखदेखि २० लाखसम्म उठाई भारतका विभिन्न स्थानमा आइआरआइएस एक्सप्रेस कन्सल्टेन्सीमार्फत काम गर्ने भनी अजरबैजानसम्म पुऱ्याई पीडितबाट करिब ६ करोड लिई फरार भएका थिए । यसैगरी, जीवराज केसीले फ्रान्स पठाइदिने भन्दै ११ लाख ६५ हजार ठगी गरेको र नन्ददेवी पुनले युके पठाइदिने भन्दै सात लाख ६७ हजार ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले बताए ।

उनीहरूलाई सोमबार पक्राउ गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मंगलबार सार्वजनिक गरेको हो । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरी उपरीक्षक पोखरेलले बताए ।

## काठमाडौं महानगरभित्रका गरिब घरपरिवार गणना हुँदै

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले गरिब घरपरिवार गणना सुरु गर्ने भएको छ । महानगरले २५ चैतदेखि गणना सुरु गर्ने भएको हो । महानगरले बनाउने नीति, योजना तथा कार्यक्रममा सबैलाई समेट्न सकियोस् भनी गरिब घरपरिवार गणना गर्न लागेको हो ।

यसका लागि गणना कार्यमा खटिने गणक र सुपरिवेक्षकका लागि मंगलबारदेखि थापाथली इन्जिनियरिङ क्याम्पसमा चार दिनको तालिम सुरु भएको छ । तालिम सुरु गर्दै महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले गणकहरूले भरेको विवरण स्रोतमा पुष्टि हुनुपर्ने बताए । 'अवस्था अनुमान गरेर विवरण भर्ने सुविधा कसैलाई छैन । यसबाट प्राप्त हुने तथ्यांक नीति, योजना तथा कार्यक्रम निर्माण गर्ने आधार हुन् । फिल्डमा जानुअघि तथ्यांकको संवेदनशीलता हेरेक गणक, सुपरिवेक्षक र यसमा खटिने अधिकारीलाई बोध हुन जरुरी छ,' उनले भने, 'फिल्डमा जाने हरेक व्यक्तिसँग नागरिकले आफ्ना कोणबाट कुरा राख्न सक्नुहुन्छ । यसरी सोधिने हरेक प्रश्नको सहजतापूर्वक उत्तर दिने क्षमता लिएर फिल्डमा जानुहोला । आफूले उत्तर दिन नसक्ने सवाल भए आफ्नो भूमिकाबारे बुझाएर सोधिएका प्रश्नको उत्तर पाउने ठाउँबारे भनिदिनुपर्छ ।' सामाजिक विकास समितिका संयोजक रामकुमार केसीका अनुसार वास्तवमै विपन्नहरू जायजेथा बेचेर भए पनि समृद्ध भएको देखाउन चाहन्छन् । समृद्धहरूचाहिँ सुविधा लिन आफूलाई विपन्नका रूपमा देखाउन चाहन्छन् । यो मनोविज्ञानबारे गणक र सुपरिवेक्षक जानकार हुनुपर्छ । फिल्डमा खटिने गणकहरू कामका दौरानमा विवरण लिनुपर्ने व्यक्तिबाट जस्ता प्रतिक्रिया आए पनि रिसाउँदिनँ भन्ने विचारले प्रोत्साहित हुनुपर्छ ।

चारदिने तालिममध्ये पहिला दुई दिन सैद्धान्तिक र पछिल्ला दुई दिन प्रयोगात्मक हुनेछ । सैद्धान्तिक कक्षामा गरिबी, गरिब परिचयपत्र, विवरण संकलन र परिचयपत्रको कानुनी पक्ष र प्राविधिक कक्षामा ट्याबको प्रयोग गरेर अनलाइन प्रणालीमा आधारित विवरण संकलन, भण्डारण गर्न र सम्बन्धित अधिकारीको पहुँचमा पठाउने विधि सिकाइनेछ । प्रशिक्षणका लागि महानगरपालिकाले ८ देखि १२ चैतसम्म २६ जना अधिकारीलाई प्रशिक्षण दिएर प्रशिक्षकका रूपमा उत्पादन गरेको छ ।

---

**दोरम्बा शैलुंग गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
टोकरपुर रामेछाप, बागमती प्रदेश

**वोलपत्र स्वीकृतिको आशयपत्र जारि गरिएको बारे सूचना**

**प्रकाशित मिति : २०८०/१२/२१**

यस दोरम्बा शैलुंग गाउँपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलापत्रहरु मध्ये तर्पासिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावाग्राही भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क.स | ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | DSRM/Works/ NCB/080/81-15 | Karangmarang Khola Muhan Hudai Hagsum Gumba Water Supply Scheme | Khusi Group Pvt Ltd | 16,66,343.5 | |

---

**गण्डकी प्रदेश सरकार**
**उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रलाय**

## भूमिगत जलश्रोत तथा सिचाई कार्यालय, कास्की

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/१२/२१**

भूमिगत जलश्रोत तथा सिचाई कार्यालय, पोखरा, कास्कीको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार विद्युत महसुल अनुदान कार्यक्रम प्रारम्भ भएकोले गण्डकी प्रदेश भित्रका लिफ्टिङ सिंचाइ र भूमिगत सिंचाइले आ.व. २०८०/८१ को लागि "लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८०" बमोजिम कार्यक्रममा १५ दिन भित्र अनुसूची ३ बमोजिमका आवश्यक कागजात सहित सहभागी हुन सूचना आह्वान गरिएको छ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**भूमिगत जलश्रोत तथा सिचाई कार्यालय, पोखरा कास्की**
**सम्पर्क नं. :** ०६१-४५७९८६
ईमेल : groundwater2075@gmail.com
वेभसाईट : gwriokaski.gandaki.gov.np

**"लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८०"** उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयको वेभसाइट moewrws.gandaki.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा अनुरोध छ ।

---

## Invitation for Bids

*Government of Nepal (GoN)*
*Ministry of Health & Population*
***Sushil Koirala Prakhar Cancer Hospital***
Date of publication: 2024-04-03
Invitation for Bids No: **SKPCH/GOODS/02/080/81**

The **Sushil Koirala Prakhar Cancer Hospital** *invites* ***electronic*** bids from eligible bidders for the **Procurement of Supply, Delivery, Commissioning and Installation of Ultrasound Machine**

1. Under National competitive bidding – Single Stage Single Envelope procedures.*The bidder may submit the bid for single or more packages/lots as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done for each package/lot, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.*
2. Eligible Bidders may obtain further information and inspect the bidding documents on PPMO egp system **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **(Rs.3000.00/-NPR)** in the following Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank : **Rastriya Banijya Bank**
   Name of Office : **KO.LE.NI.KA. Banke (Deposit to Sushil Koirala Prakhar Cancer Hospital)**
   Office Code no. : **370005701** Rajaswa (revenue) Shirshak no. **14229**
   Office Account no. : **1000100200010000 (Rajaswa Khata)**
4. Pre-bid meeting shall be held at ***Sushil Koirala Prakhar Cancer Hospital Khajura Banke*** at ***2024-04-18 at 14:00 pm Hour***
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Am hour*** on **2024-05-03 .**Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 PM*** at **2024-05-03** the office of ***Sushil Koirala Prakhar Cancer Hospital***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be amounting to a minimum of ***(195000/-Nrs) of amount,*** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***120days)***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholy or partly any or all the bid without assigning reason, whatsoever. Conditional bids are not allowed.

---

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Beni, Myagdi**

## Invitation for Online Bids

**Date of publication: 2024 April 3rd (2080 Chaitra 21st)**

Infrastructure Development Office, Myagdi invites electronic/online bids only from Nepalese eligible bidders for the construction of project mentioned below under National Competitive Single Stage, Double Envelope Bidding procedures. All other information and bid documents can be obtained from www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-bid only as per instructions within mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Bid Security (NRs.) | Bid Security Validity | Other Requirements |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Darbang - Bima - Dichyam Road (Khara - Upallo Bima Section) | IDO-MYAGDI-NCB-W-UG-06-2080/81 | 10,000 | 41,70,000.00 | 150 days after the last date of submission of bids | Refer to bid document. |

**Pre-Bid Meeting:** 2024 April 22nd, 13:00 hr **Bid Submission deadline:** 2024 May 3rd, 12:00 hr
**Bid Opening:** 2024 May 3rd 13:00 hr

**Information to deposit the cost of bidding document in the bank:**
Name of Bank: Nepal Bank Limited, Beni, Name of Office: Infrastructure Development Office, Myagdi
Office Code No.: 3370144014, Office Account No.: 27302000001001000001,
Rajaswa Shirsak No.: 14229

# मन्त्रालयमा 'इन्टर्न' भर्ना गर्ने कार्यविधि जारी गरेपछि शिक्षामन्त्री विवादमा

## कार्यविधिले मन्त्रालयको काममा असन्तुलन ल्याउने र भइरहेका निजामती कर्मचारीलाई निरुत्साहित बनाउने आशंका

**शिवहरि घिमिरे** / नयाँ पत्रिका

विश्वविद्यालयका विद्यार्थीलाई प्रशिक्षार्थी कामदारका रूपमा मन्त्रालय र मातहतका ठाउँहरूमा 'इन्टर्न'का रूपमा भर्ना गराउने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको प्रक्रियाको विरोध भएको छ। मन्त्री श्रेष्ठकै अवधारणाअनुसार सोमबार मात्रै प्रशिक्षार्थी (इन्टर्न)सम्बन्धी कार्यविधि, २०८० जारी भएको थियो।

यो कार्यविधिले मन्त्रालयको काममा असन्तुलन ल्याउने र भइरहेका निजामती कर्मचारी निरुत्साहित पार्ने भन्दै राजनीतिक दलका नेता तथा पूर्वशिक्षामन्त्रीले नै विरोध गरेका हुन्। उनीहरूले रोजगारको विषयलाई जोडेर मन्त्रालयलाई थप बोझ थप्न थालेको पनि बताएका छन्। मन्त्री श्रेष्ठकै इच्छानुसार पाँच दिनअघि ल्याइएको 'शिक्षा उत्प्रेरक कार्यविधि, २०८०' को विरोध भएपछि रोकिएको छ।

सत्तारूढ दल एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले शिक्षामन्त्रीले पारित गरेको कार्यविधि गलत अभ्यास भएको र यसबारे उनले सदनमा जवाफ दिनुपर्ने माग राखे। 'शिक्षा मन्त्रालयमा रहेका कर्मचारीलाई अविश्वास गर्दै प्रशिक्षार्थीलाई काम दिने नीति सरासर निजामतीलाई प्यारालाइज गर्ने गरी ल्याएको नीति हो भन्ने लाग्छ,' उनले भने, 'कर्मचारी बाहिरबाट ल्याएर काम चलाउन खोज्दा भइरहेको कर्मचारीतन्त्रमाथि हस्तक्षेप हुन्छ कि हुँदैन ? आज शिक्षामन्त्रीले गरेजस्तै भोलि गृहमन्त्रीले मेरो अन्डरका पुलिसले काम गरेनन्, सहयोग गरेनन्, म छुट्टै प्रशिक्षार्थी पुलिस भर्ना गर्छु भन्ने कि नभन्ने ?'

शिक्षा मन्त्रालयले सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम ९ को उपनियम (१) अनुसार कार्यविधि तयार पारेको छ। कार्यविधि कार्यान्वयन मन्त्रालयको उच्च शिक्षा महाशाखाका सहसचिवको संयोजकत्वमा गठित प्रशिक्षार्थी छनोट समितिले गर्ने उल्लेख छ। पढाइ तथा रोजगारमा विद्यार्थीको रुचि बढाउन, अध्ययन गरेको विषयमा सम्भावना खोज्न, जागिरको अवस्था बुझ्न, अवसर पहिचान गर्न यस प्रकारको कार्ययोजनाले भूमिका खेल्ने कार्यविधिमा उल्लेख छ।



मन्त्रालय तथा मातहतका क्षेत्रमा प्रशिक्षार्थी कामदार प्रयोग गर्दा कार्य सम्पादनमा त्रुटि र समस्या पैदा हुने, भइरहेका कर्मचारीले नपत्याउने, गुणस्तरीय काम नहुने र काममा लगाउने क्षेत्र कमजोर भएको भन्दै विरोध भइरहेको हो। कतिपयले यसलाई राजनीतिक 'स्टन्ट'को रूपमा लिएका छन्।

पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले मन्त्री श्रेष्ठले तयार पारेको कार्यविधि न्यायसंगत र प्रभावकारी नभएको टिप्पणी गरे। 'ब्युरोक्र्याट्सले नै नपत्याउने गरी त्यसरी कामदार राख्ने योजना राम्रो होइन, बरु विज्ञको रूपमा सुझाव लिन सकिन्छ,' उनले भने, 'मन्त्रालयमातहत र विश्वविद्यालयमा भएका ब्युरोक्र्याट्सलाई प्रयोग गर्नुपर्छ।' उनले हाल देशभर ५३ हजार शिक्षकको दरबन्दी खाली भएकाले बरु यसलाई पूर्ति गराउनेबारे मन्त्री श्रेष्ठले ध्यान दिन सुझाव दिए।

तर, शिक्षाविद् विद्यानाथ कोइरालाले मन्त्री श्रेष्ठको कदम सकारात्मक रूपमा लिँदै यो शंका गर्ने विषय नभएको बताए। 'जेमा पनि विरोध गरेर हुँदैन, कमाउने सीप सिकाउनु राम्रो हो। इन्टर्नको एउटा विशेषता भनेको विद्यार्थीको सिकाइमा राम्रो हुन्छ,' उनले भने, 'उनीहरूले सम्भावना खोज्न सक्छन्, कमाउने र सिक्ने सम्भावना विद्यार्थीले खोज्न र उनीहरूलाई आशावादी बनाउन यो कदम राम्रो छ।' मन्त्री श्रेष्ठले विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीलाई मन्त्रालय तथा मातहतका निकायमा काम दिँदा त्यसले शैक्षिक उपलब्धि र व्यावहारिकतामा महत्त्वपूर्ण योगदान दिने बताउँदै आएकी छिन्। विद्यार्थीलाई कार्य अनुभव र पढाइ सक्नेबित्तिकै काममा प्रेरित हुन पनि यस प्रकारको कार्यविधिले सहयोग गर्ने मन्त्री श्रेष्ठको दाबी छ।

कार्यविधिअनुसार स्नातक तह, स्नातकोत्तर तह वा सोभन्दा माथिल्लो तहमा अध्ययन पूरा गरिसकेपछि दिने भन्ने व्यवस्था छ। पढाइ सकेपछि विद्यार्थीले कामको खोजी गर्ने हुँदा यसले भर्खरै पढाइ सकाएका र एक तहको पढाइ सकाएर बसेकालाई शिक्षा र कामप्रति रुचि जगाउन यस्तो योजना अघि सारेको शिक्षामन्त्रीले बताउँदै आएकी छिन्। तर, शिक्षामन्त्रीले यसरी रोजगारका क्षेत्र तयार पारेर रोजगार दिन नसक्ने भन्दै कतिपयले यसलाई राजनीतीकरणसँग जोडेका छन्।

शिक्षामन्त्री सुमना श्रेष्ठले कतिपय विचारणीय र विवादास्पद विषयमा बोल्न थालेको भन्दै शिक्षाविद्ले सचेत गराएका छन्। शिक्षाविद् कोइरालाले शिक्षामन्त्रीले गर्न नसक्ने किसिमका कामबारे पनि बोलेकाले आफूले सुझाव दिएको बताए। 'उहाँले निःशुल्क शिक्षाबारे बोल्नुभएको छ, तर सरकारले नै निःशुल्क शिक्षा सञ्चालन गर्न सक्ने गरी बजेट छुट्याएको छैन, पैसा नभएको थाहा हुँदाहुँदै पनि आश्वासन दिनु राम्रो होइन,' कोइरालाले भने, 'उहाँले विचारणीय विषयमा बोल्न हुँदैन, शिक्षा क्षेत्रको वास्तविकता हेरेर गर्न सक्नेबारे मात्रै विचार दिनुपर्छ।' हाल शिक्षामन्त्रीले निजी विद्यालयको शुल्क तोक्ने विषय पनि उठान गरेकी छिन्। तर, यसमा निजी विद्यालयले विरोध गर्दै आइरहेका छन्। कतिपय सरकारी विद्यालयमा विद्यार्थी नहुँदा सरकारको लगानी निजी विद्यालयसरह खर्च भइरहेको छ। कतिपय जिल्लामा दशजना विद्यार्थी पढाउन २० जना शिक्षक राखिएकाले त्यसमा सरकारको धेरै लगानी खर्च भइरहेको कोइरालाको बुझाइ छ।



● **राजेन्द्र पाण्डे**, सांसद, एकीकृत समाजवादी

शिक्षा मन्त्रालयमा रहेका कर्मचारीलाई अविश्वास गर्दै प्रशिक्षार्थीलाई काम दिने नीति सरासर निजामतीलाई प्यारालाइज गर्ने गरी ल्याएको नीति हो भन्ने लाग्छ। कर्मचारी बाहिरबाट ल्याएर काम चलाउन खोज्दा भइरहेको कर्मचारीतन्त्रमाथि हस्तक्षेप हुन्छ कि हुँदैन ? आज शिक्षामन्त्रीले गरेजस्तै भोलि गृहमन्त्रीले मेरो अन्डरका पुलिसले काम गरेनन्, सहयोग गरेनन्, म छुट्टै प्रशिक्षार्थी पुलिस भर्ना गर्छु भन्ने कि नभन्ने ?



● **देवेन्द्र पौडेल**, पूर्वशिक्षामन्त्री

ब्युरोक्र्याट्सले नै नपत्याउने गरी त्यसरी कामदार राख्ने योजना राम्रो होइन, बरु विज्ञका रूपमा सुझाव लिन सकिन्छ। मन्त्रालयमातहत र विश्वविद्यालयमा भएका ब्युरोक्र्याट्सलाई प्रयोग गर्नुपर्छ।



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

जेमा पनि विरोध गरेर हुँदैन, कमाउने सीप सिकाउनु राम्रो हो। इन्टर्नको एउटा विशेषता भनेको विद्यार्थीको सिकाइमा राम्रो हुन्छ। उनीहरूले सम्भावना खोज्न सक्छन्, कमाउने र सिक्ने सम्भावना विद्यार्थीले खोज्न र उनीहरूलाई आशावादी बनाउन यो कदम राम्रो छ।

---

■ रामहरि श्रेष्ठ हत्या प्रकरण

# फरार खाम १५ वर्षपछि पक्राउ

नयाँ पत्रिका



रेस्टुरेन्ट व्यवसायी रामहरि श्रेष्ठ हत्या घटनाको पुनः अनुसन्धान हुने भएको छ। प्रहरीले तत्कालीन माओवादीका पूर्वकमान्डर कालीबहादुर खामलाई पक्राउ गरेर अनुसन्धान सुरु गर्न लागेको हो। खाम माओवादीको राष्ट्रिय सुरक्षा विभाग सदस्य हुन्।

जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएका प्रहरी टोलीले उनलाई मंगलबार ठमेलबाट पक्राउ गरेको हो। श्रेष्ठ हत्याको अभियोग लागेका खाम १५ वर्षदेखि फरार थिए। त्यही घटनामा संलग्न गोविन्दबहादुर बटाला भने अदालतबाट दोषी ठहर भई तीन वर्ष कैद सजाय भुक्तान गरेर जेलबाट छुटिसकेका छन्। तर, खामको हकमा भने मुद्दा मुल्तबीमा राखिएको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले खामविरुद्धको मुद्दा मुल्तबीमा राखिएको र अदालतको आदेशपछि पुनः अनुसन्धान हुने बताए। '१५ वर्षअघि व्यवसायी रामहरि श्रेष्ठको हत्या भएको थियो। सोही मुद्दामा केही जेल बसेर छुटे, केही फरार थिए। सोहीमध्येका एक खामको मुद्दा मुल्तबीमा राखिएको थियो। अब यो 'रिओपन' भएको छ। प्रमाणसहित हामी अब अदालत जान्छौं। अदालतको आदेशपछि घटनाको पुनः अनुसन्धान गर्छौं,' उनले भने।



● **एसएसपी भूपेन्द्र खत्री**, प्रमुख, जिल्ला प्रहरी परिसर काठमाडौं

१५ वर्षअघि व्यवसायी रामहरि श्रेष्ठको हत्या भएको थियो। सोही मुद्दामा केही जेल बसेर छुटे, केही फरार थिए। सोहीमध्येका एक खामको मुद्दा मुल्तबीमा राखिएको थियो। अब यो 'रिओपन' भएको छ। प्रमाणसहित हामी अब अदालत जान्छौं। अदालतको आदेशपछि घटनाको पुनः अनुसन्धान गर्छौं।

कोटेश्वरका व्यवसायी श्रेष्ठको २८ वैशाख ०६५ मा अपरहणपछि हत्या गरिएको थियो। मरणासन्न गरी कुटपिट गरिएका उनको टाउको, छाती, तिघ्रा र हातमा गम्भीर चोट लागेको थियो। अत्यधिक कुटाइकै कारण उनको मृत्यु भएको थियो। चितवनबाट काठमाडौं आउने क्रममा उनको भालुढुंगामा मृत्यु भएको थियो। श्रेष्ठको शरीरलाई तन्नामा पोको पारी ढुंगाले बाँधी नारायणी नदीमा फालिएको अवस्थामा शव फेला परेको थियो।

प्रहरीका अनुसार त्यसवेला खाम तत्कालीन जनमुक्ति सेनाका कमान्डर थिए। उनको आदेशपछि बटालाले १५ वैशाख ०६५ मा श्रेष्ठलाई कोटेश्वरबाट राति २ बजे अपहरण गरी चितवनको शक्तिखोरस्थित जनमुक्ति सेनाको क्यान्टोन्मेन्टमा पुऱ्याएको थियो। उनीमाथि जनमुक्ति सेनाको हतियार र १७ लाख रुपैयाँ चोरी गरेको आरोप लागेको थियो। घटनाको छनबिन गर्न माओवादीले बटालालाई जिम्मेवारी दिएको थियो। सोही क्रममा बटालाले श्रेष्ठसहित केशव अधिकारी, गंगाराम थापासँग सोधपुछ गरेको थियो। ७ वैशाख ०६५ मा सोधपुछ काठमाडौंमै गरिएको थियो।

तर, घटनाको चुरो नखुलेपछि खामको आदेशमा बटालासहितको टोलीले श्रेष्ठलाई अपहरण गरी शक्तिखोर लगेका थिए। शक्तिखोरस्थित क्यान्टोनमेन्टमा श्रेष्ठलाई यातना दिई सोधपुछ गरिएको थियो। यातनापछि श्रेष्ठ गम्भीर घाइते भएका थिए। चोटकै कारण उनको मृत्यु भएको थियो। मृत्युपछि शव व्यवस्थापन गर्न खामकै आदेशपछि बटालासहितको टोलीले जनमुक्ति सेनाकै गाडी प्रयोग गरेको थियो।

कोटेश्वरनिवासी श्रेष्ठको घरमा तत्कालीन जनमुक्त सेनाको तेम्रो डिभिजन कार्यालय राखिएको थियो। सोही कार्यालयबाट १४ चैत ०६४ मा हतियारसहित १७ लाख रुपैयाँ चोरी भएको थियो। घटनामा श्रेष्ठ संलग्न रहेको खामको दाबी थियो। घटना छानबिन गर्न तेम्रो डिभिजन कार्यालयले बटालालाई खटाएको थियो।



# केन्द्रीय विभागलाई सरकार र संसद्मा केन्द्रित गराउँदै एमाले

## विभागहरूको कामप्रति ओली असन्तुष्ट

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले पार्टीका केन्द्रीय विभागहरूलाई सरकार र संसदीय फाँटको काममा सक्रिय गराउने भएको छ। कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर पाँचदलीय सरकार बनेलगत्तै एमालेले नयाँ समीकरणलाई ध्यानमा राखेर केन्द्रीय विभागहरूलाई सक्रिय गराउन लागेको हो।

प्रमुख प्रतिपक्षमा रहँदा राज्यका मन्त्रालयका समानान्तर ढाँचामा प्रतिपक्षीय भूमिकामा समेत क्रियाशील केन्द्रीय विभागहरूलाई समीकरण फेरिएर पार्टी सत्तापक्ष बनेपछि एमालेले राष्ट्रिय राजनीतिक परिस्थिति र भूमिकामा धेरै बदलाव आएको भन्दै विभागहरूलाई अभिमुखीकरण गरेको छ। एमालेमा ३२ वटा केन्द्रीय विभाग छन्। प्रमुख र सचिवसहित करिब एक हजार नेता-कार्यकर्ता केन्द्रीय विभागमा आबद्ध भएर काम गर्छन्।

गत शनिबार पार्टी केन्द्रीय कार्यालयमा विभागका प्रमुख र सचिवहरूलाई बोलाएर अध्यक्ष केपी ओलीले तत्काल चार काममा केन्द्रित हुन कडाइका साथ निर्देशित गरेका छन्। सरकारको काममा सहयोग पुग्ने गरी पार्टीले सम्हालेको मन्त्रालय र अन्य मन्त्रालयले जनताले राहत अनुभूति गर्ने गरी तत्काल र दीर्घकालका लागि गर्नुपर्ने काम, बजेट तथा नीति कार्यक्रमका लागि राष्ट्रिय योजना आयोग र सरकारलाई सुझाव, संसद् र संसदीय समितिहरूमा पार्टीका सांसदहरूले नीतिगत रूपमा उठाउनुपर्ने मुद्दा र कानुन निर्माणसम्बन्धी काम तथा १६औँ पञ्चवर्षीय योजनामा समृद्ध नेपाल र सुखी नेपालीलाई केन्द्रविन्दुमा राखेर चुनावी घोषणापत्रमा पार्टीले अगाडि सारेका प्रतिबद्धताका लागि सुझाव दिन विभागहरूलाई निर्देशित गरेका छन्। विभागका प्रमुख र सचिवहरूको बैठकमा एमालेले पार्टीको सिफारिसमा नियुक्त भएका राष्ट्रिय योजना आयोगका सदस्यलाई पनि सहभागी गराएको थियो।

स्थायी समिति सदस्य तथा केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले पार्टीले प्रत्येक वर्ष विभागहरूसँग वार्षिक कार्ययोजना मागेर काम गराइरहेकाले उनीहरूले गरिरहेका काम र परिणामबारे जानकारी लिने र राज्यका मन्त्रालयसँग मिल्ने गरी गठित विभागलाई उनीहरूलाई आवश्यक सुझाव दिन निर्देशन दिने उद्देश्यले बैठक सम्पन्न गरिएको बताए। 'वार्षिक कार्ययोजनाअनुसार विभागहरूले के-कसरी काम गरिरहेका छन्, परिणाम के छ जानकारी लिने र राज्यका मन्त्रालयसँग मिल्ने गरी गठन भएका विभागले सम्बन्धित मन्त्रालयलाई सरकारको काममा सहयोग पुग्ने गरी आवश्यक नीतिगत सुझाव दिन निर्देशन दिनका लागि बैठक गरिएको हो,' उनले भने।



### यी हुन् एमालेका ३२ केन्द्रीय विभाग

अर्थ तथा योजना विभाग, उद्योग, वाणिज्य तथा आपूर्ति विभाग, उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग, ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग, कृषि तथा पशुपक्षी विभाग, कानुन विभाग, केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग, खानेपानी तथा सरसफाइ विभाग, निर्वाचन विभाग, पर्यटन तथा नागरिक उड्डयन विभाग, परराष्ट्र मामिला विभाग, प्रचार तथा प्रकाशन विभाग, पार्टी स्कुल विभाग, भूमि व्यवस्था विभाग, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, युवा तथा खेलकुद विभाग, राष्ट्रिय हित तथा सुरक्षा विभाग, वन तथा वातावरण विभाग, विज्ञान तथा प्रविधि विभाग, विपत् व्यवस्थापन तथा स्वयंसेवक विभाग, शिक्षा तथा मानवस्रोत विभाग, श्रम तथा रोजगार विभाग, संगठन विभाग, संसदीय विभाग, संघीय मामिला तथा सामान्य प्रशासन विभाग, सामाजिक सुरक्षा तथा समाजकल्याण विभाग, सामाजिक सेवा विभाग, सहकारी तथा गरिबी निवारण विभाग, सहरी विकास विभाग, संस्कृति विभाग, स्थानीय तह विभाग, स्वास्थ्य तथा जनसंख्या विभाग।

केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टले अध्यक्ष ओलीले सरकार, संसद्को काममा समन्वय र राष्ट्रिय योजना आयोगमार्फत सरकारले ल्याउने १६औँ पञ्चवर्षीय योजनामा समेट्नुपर्ने विषयबारे तत्काल नीतिगत सुझाव दिन निर्देशन दिएको बताए। 'उहाँले मुख्यतः बदलिएको परिस्थितिअनुसार विभागहरूलाई काम गर्न निर्देशन दिनुभएको छ,' उनले भने, 'त्यसअनुसार विभागहरूले अब काम अगाडि बढाउनेछन्।'

वार्षिक कार्ययोजनाअनुसार विभागहरूले के-कसरी काम गरिरहेका छन्, परिणाम के छ जानकारी लिने र राज्यका मन्त्रालयसँग मिल्ने गरी गठन भएका विभागले सम्बन्धित मन्त्रालयलाई सरकारको काममा सहयोग पुग्ने गरी आवश्यक नीतिगत सुझाव दिन निर्देशन दिनका लागि बैठक गरिएको हो।



● राजेन्द्र गौतम
प्रमुख, प्रचार विभाग एमाले

ओलीले नीतिगत काम गर्ने गरी विभागहरू बनाइए पनि यसले गरेका काम र निर्माण गरेका नीतिबारे सरकार र संसद् बेखबर बन्न नहुने भन्दै तत्काल समन्वयात्मक ढंगले काम अगाडि बढाउन ध्यानाकर्षण गराएका थिए। प्रतिपक्षमा रहँदा र सत्तामा रहँदा विभागले गर्ने काम र भूमिका पनि बदलिने उनको भनाइ थियो।

'केन्द्रीय विभागहरूले पार्टी सत्तामा हुँदा नीतिगत हिसाबले सही काम गर्न र कार्यान्वयन गराउन सहयोगी भूमिका खेल्नुपर्छ, प्रतिपक्षमा हुँदा दबाबको भूमिका खेल्नुपर्छ त्यसैले अहिले भूमिका बदलिएको छ,' ओलीको भनाइ थियो, 'अहिलेको काम सरकारलाई सफल बनाउने हो, पार्टीबाट सरकारमा सहभागी मन्त्री र अरू मन्त्रीहरूलाई सुझाव दिने, काम गर्न र गराउन समन्वय गर्ने हो।'

सामाजिक सुरक्षा तथा समाज कल्याण विभागका सचिव पुस्कर खातीले अध्यक्ष ओलीले केन्द्रीय विभागहरू पद सिर्जनाका लागि मात्र नभएर विज्ञहरू समेटेर काम गर्न बनाइएकाले सबै सदस्यले विज्ञको भूमिका खेल्नुपर्नेमा जोड दिएको बताए। 'विभागहरू कसैलाई पद नपुगेर पदमा राख्न र आशनग्रहण गराउन बनाइएको होइन, विज्ञहरू समेटेर काम गर्न बनाइएको हो, त्यसैले सबै सदस्यहरूले तदनुरूप विज्ञको भूमिका खेल्नुपर्छ,' ओलीलाई उद्धृत गर्दै खातीले भने।

ओलीले पार्टीको केन्द्रीय विभाग र संसदीय समितिहरूमा रहेका सांसदहरूबीच पनि निरन्तर समन्वय र अन्तर्क्रियाको आवश्यकता औँल्याएका थिए। 'सांसदहरूले संसद्मा के-के विषय उठान गर्ने, विषयगत संसदीय समितिमा कसरी प्रस्तुत हुने, कानुनमा के-के कुरा समेट्दा देश र जनताको हित हुन्छ, सबै विभागले सम्बन्धित समितिका सांसदलाई सुझाव दिनुपर्छ, त्यो कामले निरन्तरता पाओस्,' ओलीले भनेका थिए।

एमालेले अघिल्लो असारमै केन्द्रीय विभागहरूको वार्षिक कार्ययोजना बनाउन लगाएर काममा क्रियाशील गराउँदै आएको छ। पछिल्लोपटक गत असोजमा प्रमुख र सचिवको बैठक बोलाएर अध्यक्ष ओलीले केन्द्रीय विभागहरूलाई जनसरोकारका मुद्दा र दबाबकारी भूमिकामा प्रस्तुत हुन निर्देशन दिएका थिए। त्यसको ठीक पाँच महिनापछि बदलिएको भूमिकाअनुसार विभागहरूलाई एमालेले परिचालन गराउने गरी अभिमुखीकरण गरेको छ।

ओलीले कतिपय विभाग र विभागीय सदस्यहरूले आफ्नो जिम्मेवारीअनुसारको भूमिका निर्वाह गर्न नसकेकोप्रति असन्तुष्टि जनाएका छन्। 'ट्यास्स विभागमा राखिएको छ, आशनग्रहण गर्न पाइहालिन्छ भनेर तपाईंहरूले आशनग्रहण खोज्ने होइन, यो त विज्ञहरू समेटेर बनाइएको हो, त्यसअनुसारको काम गर्नका लागि बनाइएको हो, काम गर्नुस्,' ओलीले भनेका थिए। एमालेका सबै विभाग र जनसंगठनहरूले काम गर्ने हो भने सिंगै देश परिवर्तन गर्न कति पनि समय नलाग्ने हो भन्दै उनले उनीहरूको कामले नै समग्र देश विकासको एजेन्डा समेटिने धारणा पनि राखेका थिए।

महासचिव शंकर पोखरेलले १८ चैतभित्र विभागको अवस्था र कार्ययोजनाअनुसारको कामको प्रगति विवरण पठाइसक्न निर्देशन दिएका छन्। उनले विभागहरू पहिलेभन्दा कामकाजी बन्दै गए पनि अझै क्रियाशीलतामा कमी देखिएको भनाइ राखेका थिए।

### ● उपाध्यक्षहरूलाई विभागीय अनुगमन र निर्देशनको जिम्मेवारी

एमालेले केन्द्रीय विभागले गर्ने सम्पूर्ण कामको अनुगमन, समन्वय र निर्देशनको जिम्मेवारी उपाध्यक्षहरूलाई दिँदै आएको छ। जसअनुसार योजना तथा नीतिसँग सम्बन्धित विभागमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, पूर्वाधार र विकाससँग जोडिएको विभागमा सुरेन्द्र पाण्डे छन्। कृषि तथा उद्यमशीलतासम्बन्धी विभागमा रामबहादुर थापा, सामाजिक विकाससम्बन्धी विभागमा अष्टलक्ष्मी शाक्य, मानवस्रोतसँग सम्बन्धित विभाग युवराज ज्ञवाली, सुशासन र सेवाप्रवाहसँग सम्बन्धित विभागका सुवासचन्द्र नेम्वाङ (दिवंगत) र संगठन तथा प्रशिक्षणसँग सम्बन्धित विभागको संयोजन विष्णु पौडेलले गर्ने गरी तोकेको थियो। उपाध्यक्षमार्फत ओलीले विभागीय कामको रिपोर्टिङ लिन सामूहिक रूपमा अलग्गै भेटेर कुराकानी पनि गर्ने गरेका छन्।


**नबिल बैंक लिमिटेड, बिरगंज (पि.एच.सी.) शाखा, पर्साको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/१२/२१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दाबी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

कुवर राउत कुर्मीको नाती, कपिलदेव राउत कुर्मीको छोरा, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, नागरिकता ना.प्र.नं. ३४१०२२/३७२६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (मितिः बि.सं. २०६५/०२/२३), भएको **श्री देव प्रकाश पटेल।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. जदु राउत कुर्मीकी छोरी, कुवर राउत कुर्मीकी बुहारी, कपिलदेव राउत कुर्मीकी श्रीमती, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८ बस्ने, ना.प्र.नं. १६०३१७०९५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (जारी मितिः २०४२-०४-१५), भएकी **श्रीमती सुदामा देवी कुर्मी।**
२. भागिरथ प्रसाद कुर्मीकी छोरी, कपिलदेव राउत कुर्मीकी बुहारी, जयप्रकाश पटेलकी श्रीमती, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८ बस्ने, ना.प्र.नं. ३४-०१-६९-०१९०७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (जारी मितिः २०६९-०६-१६), भएकी **श्रीमती इन्दु देवी।**
३. कुवर राउत कुर्मीको नाती, कपिलदेव राउत कुर्मीको छोरा, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, नागरिकता ना.प्र.नं. १६०३३००९४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (मितिः बि.सं. २०६०/०५/२९), भएको **श्री जय प्रकाश पटेल।**
४. नरेश प्रसाद कुर्मीकी छोरी, कपिलदेव राउत कुर्मीकी बुहारी, ओम प्रकाश पटेलकी श्रीमती, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १५ स्थायी घर भई हाल पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८ बस्ने, ना.प्र.नं. ३४-०१-७५-०५५४५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (जारी मितिः २०७५-०४-३०), भएकी **श्रीमती मनतुरा पटेल।**
५. शम्भु प्रसाद सिंह (कुर्मी)की छोरी, कपिलदेव राउत कुर्मीकी बुहारी, देव प्रकाश पटेलकी श्रीमती, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८ बस्ने, ना.प्र.नं. ३४१०२२/७२६० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (जारी मितिः २०६६-०४-२८), भएकी **श्रीमती नितु पटेल।**
६. कुवर राउत कुर्मीको नाती, कपिलदेव राउत कुर्मीको छोरा, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, नागरिकता ना.प्र.नं. १६०३३००९५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (मितिः बि.सं. २०६०/०५/२९), भएको **श्री ओम प्रकाश पटेल।**
७. कुवर राउत कुर्मीको नाती, कपिलदेव राउत कुर्मीको छोरा, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, नागरिकता ना.प्र.नं. १०२२/९५२५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (मितिः बि.सं. २०६७/०२/०५), भएको **श्री सत्य प्रकाश पटेल।**
८. कुवर राउत कुर्मीको नाती, कपिलदेव राउत कुर्मीको छोरा, पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, नागरिकता ना.प्र.नं. ३४-०१-७०-११२९९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, (मितिः बि.सं. २०७०/१०/०७), भएको **श्री वेद प्रकाश पटेल।**

**धितोको विवरण**

पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा., वडा नं. १८, बस्ने, **श्री देव प्रकाश पटेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला नौतन गा.वि.स वडा नं. ६ सिट नं. ६ र ६क मा अवस्थित कि.नं. ४५८ र ५८८ को क्षेत्रफल क्रमश ०-०-६-१.७५ र ०-१-०-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१


## आन्दोलनको तयारीमा राप्रपा

**काठमाडौं**/ राष्ट्रिय प्रजातन्त्र पार्टीले आगामी २७ चैतमा काठमाडौंमा जनप्रदर्शन गर्ने तयारी गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ४० बुँदे मागपत्र बुझाएर आन्दोलन घोषणा गरेको राप्रपाले आन्दोलनको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

'हामी पूर्वघोषित आन्दोलनका कार्यक्रमअनुसार काठमाडौंमा जनप्रदर्शनको अन्तिम तयारीमा छौँ। २५ चैतदेखि नै विरोध प्रदर्शन सुरु हुन्छ, जनप्रदर्शनको मुख्य कार्यक्रम २७ चैतमा हुन्छ,' राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने। उनका अनुसार २५ चैतमा राप्रपाको पूर्वसैनिक संगठनले काठमाडौंमा मार्चपास गर्नेछ भने २६ गते मोटरसाइकल र्‍याली र मसाल जुलुस आयोजना हुनेछ। '२७ चैतमा देशैभरिबाट जनसहभागितामा काठमाडौंमा जनप्रदर्शन हुनेछ,' उनले भने।

काठमाडौंमा हुने जनप्रदर्शनको तयारीका लागि अध्यक्ष लिङ्देन नेतृत्वमा शीर्ष नेताहरू पछिल्लोपटक मधेश र कोशी प्रदेशको भ्रमण गरेका थिए। सबैजसो जिल्ला र सहरमा साना-ठूला सभा आयोजना भएको उनले बताए। 'काठमाडौं उपत्यकाका टोल-टोलमा आन्दोलन तयारीका लागि कार्यक्रम भइरहेका छन्,' उनले भने।

राप्रपा प्रवक्ता मोहन श्रेष्ठका अनुसार राप्रपाले काठमाडौं उपत्यकाका हरेक नगरपालिकामा कमान्डर तोकेको छ। 'ती कमान्डरले वडास्तरमा पनि कमान्डर तोकेका छन्,' उनले भने, 'उनीहरूको नेतृत्वमा काठमाडौं उपत्यकाको दर्जनौं स्थानबाट झाँकीसहितको र्‍याली निस्कनेछ र २७ चैतमा बृहत् सभामा परिणत हुनेछ।'

प्रधानमन्त्री प्रचण्डलाई ९ फागुनमा बुझाएको ४० बुँदे माग पूरा गराउन दबाब दिन जनप्रदर्शन गर्न लागेको राप्रपाले जनाएको छ। राप्रपाले संवैधानिक राजसंस्था हुनुपर्ने, सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दु अधिराज्य घोषणा गर्नुपर्ने, संगठित, योजनाबद्ध, प्रलोभन तथा छलकपटपूर्ण धर्मान्तरणमा तत्काल रोक्नुपर्ने, प्रदेश संरचनाको खारेजी र दुई तहको सरकार-केन्द्र र अधिकारप्राप्त स्थानीय तह बनाउनुपर्ने, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री रहने शासकीय व्यवस्था गर्नुपर्ने, कार्यकारी पदहरूमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी बस्न नपाउने संवैधानिक, कानुनी सुनिश्चितता गर्नुपर्नेलगायत माग अघि सारेको छ।

## वामशक्तिलाई नजिक ल्याउन समीकरण फेरबदलको जोखिम मोलेँ : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सबै वामपन्थी शक्तिलाई नजिक ल्याउन सरकारको समीकरण फेरबदल गर्ने जोखिम मोलेको बताएका छन्। समाजवादी मोर्चाले मंगलबार काठमाडौंमा आयोजित अन्तर्क्रियामा उनले वामपन्थी शक्तिबीच एकता र सहकार्य भए मात्र समाजवादको यात्रा सहज बन्ने पनि बताए।

'म अहिले धेरै व्याख्या गर्न चाहन्न। कमरेडहरूलाई थाहै छ, मैले जोखिम मोलेकै हो,' उनले भने, 'नेपाल मात्र त्यस्तो परिस्थितिमा छ जहाँका समाजवादी, राष्ट्रवादीहरू एक ठाउँमा केन्द्रित हुने हो भने समाजवादी देश बन्न सक्छ। यसैले पनि सबैलाई एक ठाउँमा ल्याउन मैले जोखिम मोलेकै हो।'

संविधानमा थुप्रै पुँजीवादका विशेषता रहेकाले जित हासिल गरेरै समाजवादतिर अगाडि बढ्नुपर्नेमा उनको जोड थियो। 'यो संविधान पूर्ण छैन। यो सम्झौताको दस्तावेज हो। संविधानमा पुँजीवादका पनि थुप्रै विशेषता छन्, समाजवादका पनि विशेषता छन्,' प्रचण्डले भने, 'पुँजीवादी र प्रतिक्रियावादीले जित्दै गए भने यी उपलब्धि पनि उल्टिनेछन्। हामी एकताबद्ध नहुने हो भने त्यतातिर जाने सम्भावना पनि रहन्छ।'

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कम्युनिस्ट पार्टीले आफ्ना कार्यकर्तालाई रूपान्तरण गर्न सके मात्र छिटो समाजवादको आधार तयार हुँदै जाने बताए। 'हामी जनतासँग जोडिन्छौँ कि जोडिँदैनौँ, बस्तीमा पुग्छौँ कि पुग्दैनौँ कम्युनिस्ट पार्टीहरूले समीक्षा गर्नुपर्छ। भ्रष्टीकरण, कार्यकर्तामा देखिएको व्यक्तिवाद रोक्न सकेका छौँ ? मैले के पाएँबाट सुरु गर्ने प्रवृत्तिबाट कार्यकर्ता रूपान्तरण गर्न सकेका छौँ ? जनताको कुरा बेग्लै हो,' नेपालले भने। समाजवादी मोर्चाले सरकारले गरेका राम्रा कामलाई प्रोत्साहित गर्नुपर्ने, तर कमजोरी छ भने सुझाव दिएर ध्यानाकर्षण गराउने, जनतामा चेतना जगाउने, विश्वास जगाउने काममा लाग्नुपर्नेमा नेपालले जोड दिए।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले अहिलेको शासकीय स्वरूपबाट समाजवाद नआउने भन्दै संविधान संशोधनमा जोड दिए। 'अहिलेको संविधानमा समाजवादउन्मुख लेखेको भए पनि, अहिलेको संविधान र संवैधानिक व्यवस्था समाजवादको बाधक छ। यसलाई संशोधन गरौँ। अहिलेको शासकीय स्वरूपबाट समाजवाद हुनै सक्दैन। हामी गरिरहेका छौँ, तपाईंहरूले तमासा हेरिराख्नुभएकै छ। यो शासकीय स्वरूप बदल्नुपर्छ,' यादवले भने।

नेकपाका महासचिव तथा समाजवादी मोर्चाका संयोजक नेत्रविक्रम चन्दले अहिलेको समस्याको समाधान नेपाली विशेषताको समाजवादबाट मात्र सम्भव रहेको जिकिर गरे। 'हामी कम्युनिस्टहरूले जनताको कसरी नेतृत्व गर्ने भन्ने स्पष्ट दृष्टिकोण दिएको छ। आजको सबै समस्याको समाधान नेपाली विशेषताको समाजवादबाट मात्रै सम्भव छ। बाहिर केही गलत ढंगले भाष्य निर्माण भइरहेका छन्,' चन्दले भने। एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले सत्ता, संसद् र सडक तीनतिरैबाट संघर्ष गरेर समाजवादको आधार तयार गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए। 'अब नीति, कार्यक्रम, संगठन, अभियान र वर्गसंघर्षमा निकटता बढाऔँ,' खनालले भने, 'बालुवाटारबाट समाजवाद आउँदैन। सत्ता, संसद् र सडक संघर्ष गरौँ।'

## फुटतर्फ नागरिक उन्मुक्ति

### केन्द्रीय समिति बैठकमा नेताहरूमाथि हातपात गरेको भन्दै बागमती र गण्डकी प्रदेश अध्यक्ष निष्कासित

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम सरकारमा सहभागिताको विषयलाई नागरिक उन्मुक्ति पार्टीभित्र चर्किएको आन्तरिक विवाद पार्टी फुटतर्फ उन्मुख भएको छ। अध्यक्ष रञ्जिता श्रेष्ठले केन्द्रीय समिति बैठकमा नेताहरूमाथि हातपात गरेको भन्दै पार्टीका दुईजना प्रदेश अध्यक्षलाई निष्कासित गरेकी छिन्। श्रेष्ठले पार्टीको बागमती प्रदेश अध्यक्ष दीपबहादुर योञ्जन तामाङ र गण्डकी प्रदेश अध्यक्ष राजन गुरुङलाई पदमुक्त गर्दै पार्टीबाट निष्कासित गरेकी हुन्। उनीहरू दुवैजना पार्टीका संरक्षक रेशम चौधरी पक्षधर हुन्।

पार्टीका संस्थापक केन्द्रीय सदस्यको बैठक चलिरहेका वेला संस्थापक केन्द्रीय सदस्य रामलाल डगौरा थारू र रमेश विश्वकर्मामाथि अभद्र व्यवहार र कुटपिट गरेकाले पार्टी विधानअनुसार निष्कासन गरिएको अध्यक्ष श्रेष्ठले जारी गरेको पत्रमा उल्लेख छ। सोमबार भएको बैठकमा रेशम र रञ्जिता पक्षबीच हात हालाहाल भएको थियो।

विवादको छिनोफानो गर्न भन्दै पार्टीका संरक्षक रेशम चौधरीले २३ र २४ चैतमा पहिलो महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यको बैठक डाकेका छन्। अध्यक्ष श्रेष्ठ पक्षलाई लक्षित गर्दै चौधरीले पार्टीमा गलत काम गर्नेलाई उक्त बैठकले कारबाही गर्ने बताएका छन्।

केन्द्रमा सत्तागठबन्धनलाई समर्थन गरेकी अध्यक्ष श्रेष्ठ सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकारबाट बाहिरिनुपर्ने पक्षमा छिन्। उनका पतिसमेत रहेका पार्टीका संरक्षक रेशम चौधरी भने कांग्रेस नेतृत्वको सरकारको समर्थन कायम राख्नुपर्ने अडानमा छन्।

रेशमनिकट महासचिव गंगा चौधरीले सोमबार जारी गरेको पत्रमा २३ र २४ गते तोकिएको बैठकमा पदाधिकारी र केन्द्रीय सदस्यलाई आफ्नो सक्कल नागरिकता र मतदाता परिचयपत्र लिएर बैठकमा आउन भनिएको छ। अध्यक्ष श्रेष्ठले भने उक्त बैठक आधिकारिक नभएको जनाएकी छिन्।

'सरकारमा सहभागिताको सन्दर्भमा रेशम र रञ्जिता दुवै आफ्नो अडानबाट पछि हट्ने देखिएन। दुवै पक्षका गतिविधि हेर्दा पार्टी फुटतर्फ उन्मुख छ,' नागरिक उन्मुक्तिका एक नेताले भने, 'विवाद साम्य नभए २३ चैतमा बोलाएको बैठकबाट अध्यक्षलाई हटाएको निर्णय गर्ने सम्भावना छ।' तर, निर्वाचन आयोगबाट भने उक्त निर्णयले आधिकारिता पाउन नसक्ने उनको भनाइ छ।

नागरिक उन्मुक्तिभित्र विवाद बढ्दै गएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरीसँग मंगलबार छुट्टाछुट्टै छलफल गरेका छन्। अध्यक्षसँगको छलफलमा प्रधानमन्त्रीले पार्टी एकता बचाएर जान तथा संघ र प्रदेश सरकारमा सहभागी हुन आग्रह गरेको संस्थापक केन्द्रीय सदस्य चौधरीले बताए।

## बागमतीमा एकैदिन दुईपटक मन्त्रिपरिषद् विस्तार

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंगलबार एकैदिन दुईपटक मन्त्रिपरिषद् विस्तार गरेका छन्। सोमबार प्रदेश सभाबाट विश्वासको मत लिएका मुख्यमन्त्रीले १२ वटा मन्त्रालय रहेको बागमती प्रदेशमा १३ जना मन्त्री बनाएका छन्।

मंगलबार बिहान र साँझ गरी एकैदिन दुईपटक मन्त्रिपरिषद् विस्तार गरेका उनले एकीकृत समाजवादीका एक र एमालेका चारजनालाई मन्त्री बनाएका छन्। नवनियुक्त मन्त्रीहरूलाई बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले पद तथा गोपनीयताको शपथग्रहण गराएका छन्।

सोमबार साँझ विनाविभागीय मन्त्रीका रूपमा नियुक्ति पाएकी एकीकृत समाजवादीकी रमा आलेमगरले मंगलबार बिहान शपथ लिएकी हुन्। उनलाई विनाविभागीय मन्त्रीका रूपमा शपथग्रहण गराइएको छ। मंगलबार साँझ एमालेबाट प्रकाश श्रेष्ठले उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री, केशव पोखेलले वन तथा वातावरणमन्त्री, एकालाल श्रेष्ठले खानेपानी ऊर्जा तथा सिँचाइमन्त्री र रामेश्वर श्रेष्ठले स्वास्थ्यमन्त्रीका रूपमा शपथ लिएका छन्।

प्रदेशमा पाँचजना मन्त्री पाएको एमालेबाट यसपटक चारजना पुरानै अनुहार दोहोरिएका छन्। एकजना नयाँ अनुहार थपिएका छन्। १७ चैतमा आर्थिक मामिला तथा योजनामन्त्री बनेका जगन्नाथ थपलियासहित मंगलबार एमालेबाट मन्त्री बनेका केशव पोखरेल, एकालाल श्रेष्ठ र रामेश्वर श्रेष्ठ पुराना अनुहार हुन्।

बागमती प्रदेशमा रहेको मौजुदा १२ मन्त्रालयमा १३ जना मन्त्री नियुक्त भएका छन्। मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारमा माओवादीका चार, एमालेका पाँच, एकीकृत समाजवादीका तीन र हाम्रो नेपाली पार्टीका एकजना मन्त्री नियुक्त भएका छन्।

# प्रहरी जागिरमा युवाको आकर्षण घट्दो

**नयाँ पत्रिका**

प्रहरी जागिरमा युवाको आकर्षण क्रमशः घट्दै गएको छ। यस वर्ष प्रहरी जवानको भर्नामा तुलनात्मक रूपमा न्यून आवेदन परेको छ। एक हजार आठ सय ५६ प्रहरी जवान माग भएकामा यस वर्ष ४७ हजार पाँच सय ९५ आवेदन परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। ०७८ मा प्रहरी जवानमा ६३ हजार चार सय ७९ तथा ०७७ मा ९३ हजार एक सय ४५ आवेदन थियो। ०७९ मा भर्नाको विज्ञापन नै भएको थिएन। समग्र सुरक्षा निकायको भर्नामा पछिल्लो वर्ष क्रमशः आकर्षण घट्दै गएको देखिएको छ। प्रहरी प्रवक्ता भीमप्रसाद ढकाल यसमा विभिन्न कारण हुन सक्ने तर्क गर्छन्।

यो समग्र देशकै समस्या भएको उनको टिप्पणी छ। 'अहिले नयाँ पुस्तामा विदेश जाने ट्रेन्ड बढेको छ,' उनले भने, 'कलेजहरूमै विद्यार्थी घटेका छन्, त्यसकारण प्रहरीमा आवेदन घट्नु स्वाभाविक हो।' प्रहरी सेवामा आकर्षण बढाउन प्रहरी संगठनले सक्दो प्रयास गरिरहेको उनको भनाइ छ। संख्या घट्दा पनि आवेदन २५ गुणा धेरै रहेको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ।प्रहरी सेवामा आकर्षण घटेको विषयमा तीन वर्षअघि प्रहरी प्रधान कार्यालयले अध्ययनसमेत गरेको थियो। जसमा न्यून सेवा-सुविधा मुख्य कारण देखिएको थियो।

यसका साथै अन्य क्षेत्रमा धेरै अवसर र सहज काम भएकाले पनि प्रहरी सेवा रोज्ने युवा वर्ग घट्दै गएको प्रहरी अधिकारीहरूको भनाइ छ। प्रहरीमा पछिल्लो समय राष्ट्रसंघीय शान्ति मिसनको अवसर पनि लगभग बन्द भएकाले सेवाप्रति आकर्षण कम हुँदै गएको आकलन गरिएको छ। सोही कारण पेन्सन अवधि नै नपुगी जागिरबाट राजीनामा दिएर अन्यत्र लाग्ने प्रवृत्तिसमेत बढेको छ।

एकातर्फ भर्नामा आकर्षण घट्ने र अर्कोतर्फ बीचमै जागिर छाड्ने प्रवृत्तिले सुरक्षा निकायमा दूरगामी असर पार्न सक्ने प्रहरी अधिकारीको चिन्ता छ। सुरक्षा निकायमा आवेदन घटे पनि निजामती प्रशासनलगायत अन्य निकायको भर्नामा भने अझै उच्च आवेदन पर्ने गरेको छ।

**पछिल्लो ६ वर्षमा जवान भर्नामा आवेदन**



| वर्ष | माग | आवेदन |
|---|---|---|
| ०७४ | ७६७ | ४४३५५ |
| ०७५ | ६२४४ | ४१८७१ |
| ०७६ | ३५९६ | ३९७३४ |
| ०७७ | ५२२७ | ९३१४५ |
| ०७८ | २४७४ | ६३४७९ |
| ०८० | १८५६ | ४७५९५ |

---

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर

### कर बक्यौता दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाशन मितिः २०८०/१२/२१

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुलाई कर बक्यौता रकम दाखिला गर्न विभिन्न मितिमा फोन सम्पर्क, एसएमएस, इमेल तथा पत्राचार गरी जानकारी गराईएको र कार्यालयबाट कारोबार स्थलमा संकलन भ्रमण गर्दा बक्यौता रकम दाखिला गर्ने भनी प्रतिवद्धता प्रकट गरेका करदाताबाट समेत हालसम्म बक्यौता रकम दाखिला भएको छैन। कर बक्यौता दाखिला गर्ने विषयको पत्र हुलाक मार्फत रजिष्ट्रि गरी पठाईएकोमा केही पत्रहरु कार्यालयमा फिर्ता आएका छन्। कर बक्यौता असूलीमा कार्यालयको निरन्तर प्रयासका बावजुद र कम दाखिला नभएकोले बक्यौता रहेका कुनै करदाताले जानकारी तथा पत्र प्राप्त नगर्नु भएकोमा यसै सूचनालाई आधार मानी कर बक्यौता हुनु नपर्ने कुनै प्रमाण भए सो प्रमाण पेश गरी वा रकम बैक दाखिला गरी बक्यौता फरफारक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र बक्यौता फरफारक नभएमा आयकर बक्यौताको हकमा आयकर ऐन, २०५८ को दफा १०४ देखि दफा १११ सम्म तथा मूल्य अभिवृद्धि कर बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा उल्लेखित कुनै वा सबै प्रकृया अपनाई कानूनी कारवाहीबाट असुल गरिने व्यहोरा जानकारी गराईन्छ।

| क्र. सं. | स्था.ले.नं. | करदाताको नाम | ठेगाना | मुख्य व्यक्ति | बक्यौताको किसिम |
|---|---|---|---|---|---|
| १. | ६०१०९८९४१ | कर्पोरेटिभा मुराटोरी एण्ड सिमनटिष्ट सि.एम.सी.डि रेभेना इटाली | का.म.न.पा. ११ ट्रेड टावर, काठमाण्डौ | श्री डेभिड प्यास्ट्रिनो | आयकर/ मू.अ.कर |
| २. | ६००२३४९७३ | म्याक्स कन्स्ट्रक्सन प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री श्रजेश प्रसाद वर्मा | मू.अ.कर |
| ३. | ३०००५३५६६ | मुडभरी एण्ड जोशी कन्ट्रक्सन (प्रा.लि.) | का.म.न.पा. १२ भोटेवहाल, काठमाडौं | श्री अजय कुमार मुडवरी | आयकर/ मू.अ.कर |
| ४. | ६०३५२१९८२ | एभिन्यूज नेटवर्क्स प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाण्डौ | श्री समृद्धी राजकर्णीकार | मू.अ.कर |
| ५. | ३००१६७८९२ | नेपाल औषधी लिमिटेड | का.म.न.पा. १० बबरमहल, काठमाडौं | श्री मोहम्मद सफिउल्लाह | आयकर/ मू.अ.कर |
| ६. | ६०१३९५७७४ | होराइजन इन्टरप्राइजेज प्रा.लि. | का.म.न.पा. ११ सुन्धारा, काठमाण्डौ | श्री शिव ओम श्रेष्ठ | आयकर |
| ७. | ६००५७७८२५ | युनिक वाईड इन्टरनेशनल प्रा. लि. | का.म.न.पा. ११ थापाथली, काठमाण्डौ | श्री जीवन मान बस्नेत | मू.अ.कर |
| ८. | ६०७१२८०९९ | मुडवरी एण्ड जोशी । आर.के. इन्टरनेशनल जे.भी. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री राकेश कुमार अग्रवाल | मू.अ.कर |
| ९. | ३०४४९२३०५ | पि. के. एस. ट्रेडर्स प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाडौं | श्री तारा लिम्बु | आयकर |
| १०. | ६०६५६७६२४ | गेट जब प्रा.लि. | का.म.न.पा. ३१ नयाँबानेश्वर, काठमाडौं | पंकज पन्थी | मू.अ.कर |
| ११. | ३०२३१४७०० | दुगड आइरन एण्ड स्टिल ट्रेडिङ्ग कम्पनी प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री उमेश मान सिंह | आयकर |
| १२. | ६०७९१९२५७ | टि वि इ ए स्यान्डङ्ग लुनेङ्ग टाइसनकेवल कम्पनी लिमिटेड र मुडभरी एण्ड जोशी क.प्रा.लि. (जे.भी.) | का.म.न.पा. ११ सुन्धारा, काठमाडौं। | श्री अजय कुमार मुडवरी | मू.अ.कर |
| १३. | ६०३३२२१९८ | श्री जय दुर्गा ट्रेडर्स | का.म.न.पा. १२ टेकु, काठमाण्डौ | श्री सुमन कुमार श्रेष्ठ | आयकर/ मू.अ.कर |
| १४. | ३०४३७०६८३ | जेड आई.ई.सी/आर के आई जे.भी. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | राकेश कुमार अग्रवाल | आयकर |
| १५. | ६०७२३५३०८ | स्याङ्गडङ्ग टाइकाइ पावर इन्जिनियरीङ्ग कम्पनी लि. चाइना, मुडभरी एण्ड जोशी | का.म.न.पा. ११, सुन्धारा, काठमाडौं | श्री किरण कुमार मुडभरी | मू.अ.कर |
| १६. | ५००२१७९५७ | द कम्फर्ट हाउजीङ्ग प्रा.लि. | का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाण्डौ | श्री ओम बहादुर राजभण्डारी | आयकर/ मू.अ.कर |
| १७. | ६०१८५८१०७ | सुगम एयर कुरियर प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाण्डौ। | श्री सालिकराम भट्ट | आयकर/ मू.अ.कर |
| १८. | ३०२३१९६८६ | देवीथान कालिका निर्माण जे.भी | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री केशव काफ्ले | आयकर/ मू.अ.कर |
| १९. | ३०४९२३२९६ | मुकेश डेन्टस पेन्टस | का.म.न.पा. ११ बबरमहल, काठमाडौ | श्री मुकेश राय | मू.अ.कर |
| २०. | ५००१३७८२८ | कन्ट्रयाक्ट एक्सप्रेस एण्ड कार्गो प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाडौं | श्री नेत्र प्रसाद अर्याल | मू.अ.कर |
| २१. | ५०००५६७१२ | हिमालय फाइनान्स लि. (वित्तिय संस्था) | का.म.न.पा. ११ बागदरवार, काठमाडौं | श्री सिसम मल्ल | आयकर |
| २२. | ३०३१०२९७५ | एरो नेट प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | नविन कुमार श्रेष्ठ | मू.अ.कर |
| २३. | ३००८४२२२३ | न्यू युनिक इण्टरनेशनल | का.म.न.पा. ११ थापाथली, काठमाडौ | श्री जीवन बस्नेत | आयकर/ मू.अ.कर |
| २४. | ३०११२३९२३ | सर्जि ट्रेर्ड | का.म.न.पा. १२ टेकु, काठमाडौं | राजेश कुमार झा | आयकर/ मू.अ.कर |
| २५. | ३००१४३९४२ | स्टार इन्टरनेशनल लिमिटेड कम्पनी | का.म.न.पा. ११ थापाथली, काठमाडौं | सिनधु रत्न तुलाधर | मू.अ.कर |
| २६. | ६०१०९२९१४ | हेल्थ ट्रयाक फिटनेस प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | सुमित कुमार वंशल | मू.अ.कर |
| २७. | ३०००८७१७८ | सेकुरीटी ट्रेडर्स | का.म.न.पा. १२ टेकु मचली, काठमाडौं | शोभा देवी गर्तौला | मू.अ.कर |
| २८. | ३०३५९१८७८ | जय बालाजी इम्पोरियम प्रा.लि. | का.म.न.पा. २० भिमसेन स्थान, काठमाडौं | श्री प्रकाश कुमार स्वर्णकार | आयकर/ मू.अ.कर |
| २९. | ३०४५६८९३४ | परिचय मार्केटिङग एण्ड सर्भिसेज | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | चन्द्र कुमार राई | मू.अ.कर |
| ३०. | ६०१६४९५३२ | ओराक फुड्स | का.म.न.पा. ११ बबरमहल, काठमाडौं | राज करण श्रेष्ठ | मू.अ.कर |
| ३१. | ३००१४२८८८ | साझा कुरियर्स प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाडौं | केवल कुमारी थापा | आयकर/ मू.अ.कर |
| ३२. | ५०००९०९७० | विना श्रेष्ठ | का.म.न.पा. १२ ब्रम्हटोल, काठमाडौं | विना श्रेष्ठ | मू.अ.कर |
| ३३. | ६००५७७८३८ | मूलचोक रेष्टुरेन्ट एण्ड बार | का.म.न.पा. ११ बबरमहल, काठमाडौं | सनी मानन्धर | मू.अ.कर |
| ३४. | ६०२४८३९५१ | मिडिया स्केप प्रा. लि. | का.म.न.पा. ११ थापाथली, काठमाडौं | नविन महर्जन | मू.अ.कर |
| ३५. | ५००००१२८८ | पेरेमाउण्ट ट्रेडर्स | का.म.न.पा. २१ भोटेबहाल, काठमाडौं | नातीकाजी महर्जन | मू.अ.कर |
| ३६. | ६०६५७००८६ | डि.के. ढुवानी सेवा प्रा.लि. | का.म.न.पा. २१ लगनटोल, काठमाडौं | श्री कुमार वाइवा | मू.अ.कर |
| ३७. | ३०१६३५०८८ | निहाल ईन्टरनेशनल | का.म.न.पा. १२ टेकु, काठमाडौं | श्री समा लक्ष्मी श्रेष्ठ | आयकर/ मू.अ.कर |
| ३८. | ३०१२१५३७६ | न्यु कृष्ण अटो ट्रेडर्स | का.म.न.पा. ११ माईतीघर , काठमाडौं | श्री रत्न प्रसाद सिल्पकार | मू.अ.कर |
| ३९. | ६०३६५२२१५ | सुधर प्रधान ट्रेडर्स | का.म.न.पा. १२ टेकु, काठमाडौं | श्री उमा प्रधान | मू.अ.कर |
| ४०. | ३०४७२८११८ | वी. टेक प्रा. लि. | का.म.न.पा. ११ थापाथलि, काठमाडौं | श्री विनय कुमार गौतम | आयकर/ मू.अ.कर |
| ४१. | ३०१५८५५६९ | अरिहन्त सप्लायर्स | का.म.न.पा. १२ ब्रम्मटोल टेकु, काठमाण्डौ | श्री श्याम कुमार रामपुरीया | आयकर/ मू.अ.कर |
| ४२. | ३०२९५८२४९ | तामाङ्ग/पि.एस./गोल्डेन गुड जे.भि. | का.म.न.पा. ११ अनामनगर काठमाण्डौ | श्री गोञ्जे लामा | आयकर/ मू.अ.कर |
| ४३. | ३०००६३८५५ | जस्मिन कन्सट्रक्सन | का.म.न.पा. २० मार्कविच्छेवहाल, काठमाडौं | श्री सुरज मानन्धर | आयकर/ मू.अ.कर |
| ४४. | ६०६८६६६०४ | अदित बिल्डवैल नेपाल प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाडौं | पंकज सागवान | आयकर/ मू.अ.कर |
| ४५. | ६००२३१०७७ | द टोय स्टोर इन्टरप्राइजेज | का.म.न.पा. ११ सुन्धारा, काठमाडौं | सन्तोषी श्रेष्ठ | आयकर/ मू.अ.कर |
| ४६. | ६०४२८८७५० | कुवेर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | का.म.न.पा. १४ कुलेश्वर, काठमाडौं | निशान्त लुनावत (जैन) | आयकर/ मू.अ.कर |
| ४७. | ६०२४४५७५९ | सेन्ट्रल इन्भेस्टिगेसन सेक्युरिटी फोर्स प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौ । | श्री डिल वहादुर खत्री | मू.अ.कर |
| ४८. | ३०४७२८००२ | सुवास इन्टरटेनमेन्ट प्रा. लि. | का.म.न.पा. ११ काठमाडौं | श्री सुवास गिरी | मू.अ.कर |
| ४९. | ६०५४९६९७८ | बैकिङ्ग अटोमेशन | का.म.न.पा. ११ थापाथली, काठमाडौं | श्री लक्ष्मी राई | मू.अ.कर |
| ५०. | ३०२७८८८११ | सि.ई सर्भिसेज प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री विजय वहादुर राजभण्डारी | मू.अ.कर |
| ५१. | ३०२८३२७३४ | अलटेक सोलुसन्स एण्ड इन्जिनियर्स प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री विपिन कुमार पोखेल | मू.अ.कर |
| ५२. | ६०१८८०७०० | नाशा साइन्टिफिक लिंक प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री नारायण प्रसाद कोइराला | मू.अ.कर |
| ५३. | ३०२१६५८५० | सत्य शक्ति प्रिन्टर्स | का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौं | श्री निर्मला श्रेष्ण | मू.अ.कर |
| ५४. | ६१३१८०२१६ | नविउल सेक | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री नविउल सेक | मू.अ.कर |
| ५५. | ६०४३०५२९७ | चन्द्रागिरी अटो मोवाईल प्रा.लि. | का.म.न.पा. ११ भोटेवहाल, काठमाडौं | श्री जंग वहादुर पुन | मू.अ.कर |
| ५६. | ६००५८१०२६ | एभरग्रिन | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री हरेराम सिंह भट्टराई | मू.अ.कर |
| ५७. | ३०३७३१४०३ | ब्रम्ह ग्रुप कम्पनी प्रा.लि. | का.म.न.पा. २१ टेकु, काठमाडौं | श्री बंसी कृष्ण डंगोल | मू.अ.कर |
| ५८. | ३०००६६२९८ | हिकृसं निर्माण सेवा | का.म.न.पा. २१ गोफलटोल, काठमाडौं | श्री संजय कुमार डंगोल | मू.अ.कर |
| ५९. | ३०३७३१७५७ | होम अटोमेसन नेपाल प्रा.लि. | का.म.न.पा. ११ टेकु, काठमाडौं | श्री केयुर कृष्ण श्रेष्ठ | मू.अ.कर |
| ६०. | ३०३५९१४७६ | आरटेक्स प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री ज्वलित बुढाथोकी | मू.अ.कर |
| ६१. | ३०२७८२१७० | मुड्स रेष्टुरेन्ट एण्ड वार प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री न्यूच्छे रत्न श्रेष्ण | मू.अ.कर |
| ६२. | ६०२४०२९३८ | ओसन इन्जिनियरिङ्ग एकेडेमी प्रा.लि. | का.म.न.पा. ११ बबरमहल, काठमाडौं | श्री जगत नारायण प्रसाद गुप्ता | मू.अ.कर |
| ६३. | ६११६९४०१४ | भिम सर्जिकल कन्सर्ज | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री चेतनाथ ढकाल | मू.अ.कर |
| ६४. | ३०००४७०९९ | नेपाल पोलिथिन एण्ड प्लास्टिक इण्डष्ट्रीज प्रा.लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | श्री अरुण कुमार खनाल | मू.अ.कर |
| ६५. | ३०४३७७१३४ | सुनसरी कन्स्ट्रक्सन प्रा. लि. | का.म.न.पा. ११ थापाथली, काठमाडौं | वैजनाथ महोत | मू.अ.कर |
| ६६. | ५०००६४७८० | काठमाडौं पार्किङ्ग प्रा. लि. | का.म.न.पा. ११ सुन्धारा, काठमाडौं | प्रकाश आचार्य | मू.अ.कर |
| ६७. | ३०००५०७२१ | जय महाविर स्टोर्स | का.म.न.पा. २१ भोटेवहाल, काठमाडौं | सुनिता देवी अग्रवाल | मू.अ.कर |
| ६८. | ६०६५४३७१६ | एस.टि.आर. एडभरटाइजमेन्ट प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | संदिप हिराचन | मू.अ.कर |
| ६९. | ३०३५९१४२१ | महाकाश फेब्रिक कन्सर्न | का.म.न.पा. ११ टेकु, काठमाडौं | श्री राजु सार्की | आयकर |
| ७०. | ३०३८४९९५३ | वेष्ट डेभलपमेन्ट प्रा. लि. | का.म.न.पा. १२ बुद्धवारी, टेकु, काठमाडौ | श्री सानु भण्डारी | आयकर |
| ७१. | ३००१६५७०६ | खनाल ट्रेडिङ्ग कम्पनी प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौ | श्री अनन्त कुमार खनाल | आयकर |
| ७२. | ३०३५९२४८२ | के.एस.डी. इन्भेष्टमेन्ट प्रा. लि. | का.म.न.पा. ११ काठमाडौ | श्री सुब्रत धिताल | आयकर |
| ७३. | ३०४१४१३८२ | गौरी कन्सर्न | का.म.न.पा. ११ त्रिपुरेश्वर काठमाडौं | श्री सुनिल रेग्मी | आयकर |
| ७४. | ३०२५९५०२८ | पशुपति ट्रेडिङ्ग कन्सर्न | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाण्डौ | श्री अजित सिंह | आयकर |
| ७५. | ५०००७५५३५ | न्यू रुंगटा ब्रदर्श | का.म.न.पा. १२ ताहागल्ली सुन्धारा, काठमाडौं | श्री दिलिप कुमार रुङ्गटा | आयकर |
| ७६. | ६०२४२०००२ | कान्तिपुर भेराईटि सप्लायर्स प्रा.लि. | का.म.न.पा. १२ टेकु, काठमाण्डौ | श्री अन्जला नेपाल | आयकर |
| ७७. | ३००४३७२९४ | वटुक भैरव वालुवा प्रशोधन उद्योग प्रा. लि. | का.म.न.पा. ११ थापाथली, काठमाडौं | श्री विनय अमात्य | आयकर |
| ७८. | ६००२३५००८ | अष्टमंगल इन्टरनेशनल प्रा.लि. | का.म.न.पा.२१ यंगाल, काठमाडौं | श्री सानुमाया राजभण्डारी | आयकर |
| ७९. | ३०४७२०९१८ | योन्कर्स क्लोथिङ्ग प्रा.लि. | का.म.न.पा. ११ सुन्धारा, काठमाण्डौ | श्री गौरव कुमार श्रेष्ठ | आयकर |
| ८०. | ३०११२३४१५ | भगवान ट्रेडर्स | का.म.न.पा. ११ वागदरवार, काठमाडौं | श्री नेत्र वहादुर थापा | आयकर |
| ८१. | ३०४२४२६६१ | लेनवास ग्रीक नेपाल प्रा. लि. | का.म.न.पा. १२ त्रिपुरेश्वर, काठमाडौं | बबि बिजुक्छे श्रेष्ठ | आयकर |
| ८२. | ३०२७८३४७२ | डाउन टाउन इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. | का.म.न.पा. ११ त्रिपुरेश्वर, काठमाडौं | मिन मान श्रेष्ठ | आयकर |
| ८३. | ३०००८८५५७ | वरदान ट्रेडर्स | का.म.न.पा. १२ टेकु, काठमाडौं | गोपाल प्रसाद गेलाल | आयकर |
| ८४. | ६००८०५३७७ | अमन ट्रेड लिङक्स | का.म.न.पा. १२ टेकु, काठमाडौं | रोहित कुमार गाडिया | आयकर |
| ८५. | ३००१६७१३३ | सोदरेज फर्निचर्स | का.म.न.पा. ११ माईतिघर, काठमाडौं | संगिता श्रेष्ठ | आयकर |

# नेपालको आर्थिक कूटनीति

## देशको अर्थतन्त्रमा सुधार गर्दै जनताले चाहेको विकास र सुरक्षालाई सुनिश्चित गर्न स्पष्ट दूरदृष्टिसहितको कूटनीति अपरिहार्य छ



अग्रलेख

● दुर्गा लामिछाने

बढ्दो राजनीतिक र आर्थिक ध्रुवीकरणका कारण विश्वमै आर्थिक वृद्धिदर न्यून रहन गई उत्पादन र रोजगारीका अवसरमा कमी आई गरिबी र असमानता बढिरहेको छ। कोभिड(१९ यता गम्भीर रूपमा प्रभावित विश्व अर्थतन्त्र सन् २०२१ मा उत्साहजनक रूपमा विस्तार भए पनि सोपश्चात्का वर्षमा भने सुस्त नै रहेको देखिन्छ। कोभिड(१९ र रसिया-युक्रेन युद्धसमेतका कारण मुलुकबीच बढ्दै गएको व्यापारिक तनावले गर्दा पनि सन् २०२२ को विश्व आर्थिक वृद्धि प्रतिशत संकुचित भएको अनुमान गर्न सकिन्छ। सन् २०२२ मा २.७ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०२३ मा १.४ प्रतिशतले घटेर १.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण रहेको छ भने उदीयमान तथा विकासशील एसियाको अर्थतन्त्र ५.३ प्रतिशतमा विस्तार हुने प्रक्षेपण रहेको छ। यसैगरी सन् २०२४ मा उदीयमान तथा विकासशील एसियाबाहेकको आर्थिक वृद्धिदर बढ्ने प्रक्षेपण गरिएको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२२ का अनुसार दक्षिण एसीयाली मुलुकहरू भुटान र पाकिस्तानको बाहेक बंगलादेश, भारत, माल्दिभ्स, नेपाल र श्रीलंकाको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण छ। सन् २०२२ मा नेपालको आर्थिक वृद्धि ५.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.४ प्रतिशतमा सीमित हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेकोमा राष्ट्रिय प्रक्षेपण २.१६ प्रतिशत रहेको छ। त्यसैगरी कोभिड-१९ संक्रमणका कारण आर्थिक गतिविधि विस्तार हुन नसक्दा सन् २०२३ मा छिमेकी राष्ट्र चीनको अर्थतन्त्र ५.२ प्रतिशतले मात्र विस्तार हुने अनुमान छ।

यसरी हेर्दा विश्वका सम्पन्न तथा अन्य राष्ट्रबीचको राजनीतिक वा आर्थिक सम्बन्धले सिंगो विश्वको आर्थिक र राजनीतिक परिवेशलाई प्रभावित गरेको देखिन्छ। विश्वका यस्ता भू-राजनीतिक र आर्थिक परिवेशको आकलन तथा सिकाइबाट देशहरूले आफ्नो विदेश नीति निर्माण गर्छन्। विश्वव्यापीकरणको वर्तमान परिवेशमा अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक लगानी, पर्यटन, वैदेशिक रोजगारीसमेतबाट राष्ट्रको आर्थिक एवं सामाजिक हित पूरा गर्न कूटनीतिको सकारात्मक भूमिका रहन्छ। अर्कातर्फ, एक-अर्काबीच सैन्य परिचालन, आर्थिक नाकाबन्दी, सुरक्षाको विषयमा समेत राष्ट्रहरूले कूटनीतिको प्रयोग गर्ने गरेको पाइन्छ। यसरी अन्य राष्ट्रसँगको सम्बन्ध स्थापनार्थ निर्माण गरिने विदेश नीतिमा ती देशसँग गरिने आर्थिक सम्बन्ध के-कस्तो रहने भन्ने विषयलाई आर्थिक कूटनीतिमार्फत परिभाषित गरिन्छ।


नेपालको आर्थिक कूटनीतिका सन्दर्भमा हेर्दा परराष्ट्र नीति निर्माण गर्दा या वैदेशिक सहायता लिँदा राष्ट्रिय हितलाई सर्वोपरि राखी हाम्रा कानुनले जोड दिएको पाइन्छ। जस्तै,
नेपालको संविधानको धारा ५१ (घ) को राज्यको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको देहाय (११) मा 'वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने' भनी व्यवस्था गरिएको छ।

त्यसैगरी अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति (धारा ५१ को ङ) मा परराष्ट्र नीति तय गर्दा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हित रक्षा हुने गरी मात्र सञ्चालन गरिने नीति लिइएको छ। यो प्रावधानअनुसार नेपालको वैदेशिक सम्बन्ध तय गर्दा वा सन्धि-सम्झौता गर्दा राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यतासँग बाझिने गरी गर्न मिल्दैन। नेपालले सञ्चालन गर्ने परराष्ट्र नीति स्वतन्त्र हुनुपर्छ। असंलग्नताबाहेकको अर्को कुनै खेमातिर ढल्कन मिल्दैन। राष्ट्रिय हित प्रतिकूल हुने गरी तथा राष्ट्रिय नीतिविपरीत कुनै पनि कार्यमा सहभागी हुन वा समर्थन गर्न पाइँदैन।

विभिन्न मितिमा भएका राजनीतिक परिवर्तनसँगै नेपालको परराष्ट्र नीतिमा पनि समयानुकूल परिवर्तन हुँदै आएको छ। वि.स. २०५२, २०६३ र २०७४ मा गठित उच्चस्तरीय कार्यदलबाट प्राप्त परराष्ट्र नीतिसम्बन्धी सुझावले नेपालको परराष्ट्र नीति अद्यावधिक गर्न सहयोग पुगेको छ। समयकालीन अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थितिमा परराष्ट्र सम्बन्धमा तीव्र परिवर्तन भई विश्वको शक्ति सन्तुलनमा बदलाव देखापरेको छ। यस्तो विषम परिस्थितिमा राष्ट्रिय हित तथा सुरक्षालाई केन्द्रबिन्दुमा राख्दै अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा र राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने दिशामा हाम्रो परराष्ट्र नीति परिलक्षित छ।

यी सबै आधारका बाबजुद नेपालले अब अवलम्बन गर्ने नीति समयसापेक्ष र पूर्ण रूपमा निष्पक्ष रही सन्तुलित हुनुपर्ने देखिन्छ। हालको आर्थिक संकट समाधान गर्न तथा वर्तमान अवस्थाबाट देशलाई सुरक्षित अवतरण गराउन राष्ट्रका सम्पूर्ण निकाय चनाखो हुनुपर्ने देखिन्छ। चाहे त्यो सरकारदेखि सरकारसम्मको कूटनीति होस् वा कूटनीतिक निकायबीचको। राष्ट्रबीचको आर्थिक सम्बन्धलाई मजबुत बनाई लगानीकर्ताबीचको सम्बन्धसमेत सुमधुर बनाउनतर्फ आर्थिक कूटनीति उन्मुख हुनुपर्ने आवश्यकता छ।

त्यसैगरी विश्वव्यापीकरणका कारणले विभिन्न



> नेपालले सञ्चालन गर्ने परराष्ट्र नीति स्वतन्त्र हुनुपर्छ। असंलग्नताको मन्त्र भुलेर कुनै खेमातिर ढल्कन मिल्दैन। राष्ट्रहित प्रतिकूल हुने गरी तथा राष्ट्रिय नीतिविपरीत कुनै पनि कार्यमा सहभागी हुन वा समर्थन गर्न पाइँदैन।

शक्तिराष्ट्रसँगको परम्परागत सम्बन्धलाई कायम राख्दै नयाँ शक्तिबीचको सम्बन्धलाई स्थापित गरी राष्ट्रहितमा जोड दिनु अपरिहार्य छ। यी कुरामा जोड दिँदै गर्दा उत्तर तथा दक्षिणमा रहेका हाम्रा अत्यन्त नजिकका मित्रराष्ट्र चीन र भारतबीचको सम्बन्धलाई एकैसाथ राष्ट्रहितको पक्षमा लिएर हिँडनु पनि अर्को अत्यन्त महत्त्वपूर्ण र चुनौतीपूर्ण विषय हो। दक्षिण एसियामा उदाउँदै गरेका हाम्रा दुई छिमेकी राष्ट्रसँग बन्धुत्वको भावना अझ विस्तार गरी त्यसबाट नेपालले लिन सक्ने बहुआयामिक सम्भावनालाई मात्र भित्र्याउन सकेमा देशको वर्तमान आर्थिक एवं सामाजिक विकासमा प्रचूर फाइदा पुग्ने देखिन्छ।

यसका अलावा नेपालले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धलाई फराकिलो गर्नका लागि देशको कूटनीतिक क्षेत्रमा आबद्ध मानव संसाधनलाई थप प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने देखिन्छ।

राष्ट्रले तय गरेको कूटनीति कार्यान्वयनार्थ स्थापित कूटनीतिक संस्थामा कार्यरत मानव स्रोतको क्षमता अभिवृद्धि गर्दै आर्थिक सम्बन्ध विस्तार गर्ने, लगानी प्रवर्द्धन गर्ने र निर्यातका अवसरको खोजी गर्नेसम्मका कार्य गर्न सकिन्छ। यस्ता क्रियाकलापमार्फत देशभित्र रोजगारी सिर्जना गर्ने तथा देशको आर्थिकस्तर बढाउनेतर्फ आर्थिक कूटनीतिको प्रयोग गर्नुपर्छ। विगतमा आर्थिक कूटनीतिलाई त्यति महत्त्वसाथ हेरिएको नभए पनि विश्वव्यापीकरण तथा भू-राजनीतिक गतिविधिका कारण पछिल्लो समयमा यसको महत्त्वलाई कुनै पनि राष्ट्रले नकार्न सक्दैन।

उल्लिखित विषयको चर्चा-परिचर्चा गर्दा मुख्य रूपमा नेपालको आर्थिक कूटनीतिमा विद्यमान चुनौती तथा समाधानलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- देशको अर्थतन्त्रमा सुधार गर्दै जनताले चाहेको विकास र सुरक्षालाई सुनिश्चित गर्न हामीलाई स्पष्ट दूरदृष्टिसहितको कूटनीति अपरिहार्य छ।
- यसरी निर्माण गरिएको नीतिको प्रभावकारी कार्यान्वयनका लागि क्षमतावान् र सोसँग सम्बन्धित ज्ञान भएको व्यक्ति छनोट गरिनुपर्छ।
- अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनार्थ क्रियाशील संस्थाहरू, जस्तै- परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली नियोग तथा दूतावास देशको लक्ष्य, आ-आफ्ना जिम्मेवारी तथा रणनीतिका विषयमा प्रस्ट हुनु जरुरी छ।
- यसरी स्थापित संस्था र नेपालस्थित सरकारी संस्थाबीच स्पष्ट जिम्मेवारी र पर्याप्त समन्वय हुनु आवश्यक छ।
- सरकारी संयन्त्रका अलवा विदेशस्थित छरिएर रहेका व्यावसायिक विज्ञ, नेपाली डायस्पोरा तथा अन्य अनौपचारिक संरचनासमेतलाई राष्ट्रिय हित र आर्थिक समृद्धिमा समाहित गर्नुपर्छ।
- सरकारी तथा गैरसरकारी संस्थाको आर्थिक कूटनीतिमा परिचालन, परराष्ट्र सम्बन्धको देशको नीति एवं समग्र राष्ट्रिय हित सम्बन्धमा हाम्रा राजनीतिक दलको ऐक्यबद्धता आजको मुख्य आवश्यकता हो।

आर्थिक कूटनीति अन्तर्राष्ट्रिय सम्बन्धको यस्तो महत्त्वपूर्ण विधा हो, जुन अर्थव्यवस्था र आर्थिक उपदेयतासँग सम्बन्धित छ। अहिलेको आधुनिक कूटनीतिलाई हेर्दा आर्थिक कूटनीति अन्तर्राष्ट्रिय सम्बन्धको मूल जडका रूपमा टड्कारो देखिन्छ। मुलुकको आर्थिक लक्ष्य हासिल गर्न आवश्यक आर्थिक क्रियाकलाप, जस्तै- निर्यातमा वृद्धि, वैदेशिक लगानी तथा सहायतामा बढोत्तरी, पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारजस्ता विषयलाई आर्थिक कूटनीतिद्वारा सम्बोधन गरी वैदेशिक सम्बन्ध कायम गर्न सकेमा मात्र वैदेशिक नीति सम्बन्धमा निर्मित राज्यका कानुनको सार्थक कार्यान्वयन भएको मान्न सकिन्छ।

बदलिँदो आर्थिक परिवेश र देशको वर्तमान आर्थिक अवस्थामा नेपालले विद्यमान कूटनीतिक संरचना परिचालन गरी आर्थिक क्रियाकलापमा बढोत्तरी गर्नुपर्ने देखिन्छ। यसका लागि मुलुकभित्र र बाहिर स्थापित सरकारी संरचनाबीच पारस्परिक सम्बन्ध र समन्वयको वातावरण निर्माण गर्ने मुख्य भूमिका राजनीतिक दलले निर्वाह गर्नुपर्छ भने राज्यको आर्थिक लक्ष्य निर्धारण गरी सो प्राप्तिका लागि सबै सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति एवं समूहलाई लक्ष्य प्राप्तिका लागि समाहित गर्न राज्य जागरुक हुनुपर्छ।

वर्तमान अवस्थामा देशबाहिर नेपाली विज्ञ एवं समाज छरिएर विभिन्न व्यापार व्यवसाय गरी बस्दै आएका छन्। यस्ता कूटनीतिका अनौपचारिक संयन्त्रलाई समेत परिचालन गरी छरिएका डायस्पोराको ज्ञान, सीप र क्षमताको राज्यले उपयोग गर्ने, लगानीमैत्री वातावरण सिर्जना गर्ने र कूटनीति कार्यान्वयनको बलियो संयन्त्रका रूपमा यसलाई परिचालन गर्न सकेमा हामीले परिकल्पना गरेको समाज निर्माण गर्न सकिन्छ भन्ने विषयमा दुईमत नहोला।

अन्त्यमा, आर्थिक विकास र समृद्धिका लागि राष्ट्रको हितलाई सर्वोपरि राखी कूटनीतिका औपचारिक र अनौपचारिक संयन्त्रको समन्वयलाई प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय फोरममा सहभागी हुने हाम्रा संस्थाको भूमिका थप सशक्त बनाउनुपर्छ। यस्ता अन्तर्राष्ट्रिय साझा मञ्चमा भएका अन्तर्क्रिया तथा छलफलमा मुलुकको राष्ट्रिय 'इन्ट्रेस्ट'लाई प्राथमिकतामा राख्दै 'एजेन्डा'मा छलफल गर्नुपर्छ। घुमफिर तथा आतिथ्यभन्दा माथि उठेर राष्ट्रिय हित प्रवर्द्धनमा केन्द्रित हुनु आजको आवश्यकता हो।

*(अधिवक्ता लामिछाने अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्दै छन्)*

## ३ प्रश्न

म्यारियट होटेलका सञ्चालक **शशिकान्त अग्रवाल**लाई



**▮ २९ प्रतिशत विदेशी पर्यटक वृद्धिको तथ्यांकलाई कसरी हेर्नुभएको छ ?**

कोभिडकालभरि संसारभरका मानिस घरमै थुनिएर बस्न बाध्य भए। जसले गर्दा संसारभरकै पर्यटन क्षेत्र थला पऱ्यो। कोभिड नियन्त्रणपछि मानिसहरू चलायमान हुन थाले। जसले गर्दा विश्वका महत्त्वपूर्ण पर्यटकीय मुलुकहरूको पर्यटनले गति समातेको छ। त्यहाँ डेढ-दुई सय प्रतिशतसम्म पर्यटक आगमनमा वृद्धि भएको छ। हामीकहाँ मुस्किलले २९ प्रतिशत पुगेको छ। यसलाई निरन्तरता दिँदै अबको समयमा बढाउने उपाय अपनाउनुपर्छ।

**▮ पर्यटकको संख्या बढाउन हामीकहाँ के-कस्ता अप्ठ्यारा छन् ?**

हामीकहाँ आउँदा पर्यटकले अनेकौं अप्ठ्यारा र झन्झट व्यहोर्नुपर्ने अवस्था छ। यसले गर्दा पनि पर्यटकको संख्या बढाउन सहज छैन। खासगरी, विमानस्थलमा हुने 'डिले'ले पर्यटक आगमनमा नकारात्मक प्रभाव पारिरहेको छ। यसमा तत्काल सुधारको आवश्यकता छ। आन्तरिक र वाह्य विमान भाडा र अन्य विभिन्न कारकले गर्दा नेपाल महँगो 'डेस्टिनेसन'मा पर्न थालेको छ। यसतर्फ पनि सरोकारवाला सबैको ध्यान जानु जरुरी छ। काठमाडौंबाहिर जान सडकको अवस्था दयनीय छ। छोटो दूरीका पोखरा चितवनजस्ता पर्यटकीय गन्तव्यसम्म पुग्न पनि घन्टौं लाग्ने अवस्था छ। यसमा छिटो सुधार हुनुपर्छ।

**हाम्रा पर्यटकीय सेवा क्षेत्रको अवस्थाचाहिं कस्तो छ ?**

▮ अहिले पर्यटकको संख्या बढ्दै गर्दा पनि चारतारे र पाँचतारे होटेलहरूको बुकिङ ६० प्रतिशतभन्दा माथि पुग्न सकेको छैन। साना होटेलहरूको संख्या धेरै पनि छ र त्यहाँको बुकिङको अवस्था ४० प्रतिशतभन्दा माथि छैन। त्यसैले, अहिले पर्यटकलाई सेवा दिन सक्ने पूर्वाधार कमजोर छैनन्। अझै थपिने क्रम जारी छ।

## दोषी को हो ?



प्रेरक प्रसंग

कुनै वेला महात्मा गान्धी चम्पारणमा पुगेका थिए। एक दिन उनी बिहानै आफ्नो कुटीबाहिर बसेर चर्खा कातिरहेका थिए। यो उनको जहाँ पुगे पनि चलिरहने दैनिकी थियो। त्यतिखेर उनी बसेको स्थाननजिकै दुईजना बच्चा आपसमा खेलिरहेका थिए। मिलेरै खेलिरहेका ती दुवै बालक एकैछिनमा आपसमा चर्काचर्की गर्दै झगडा गर्न थाले। झगडा गर्दागर्दै ती दुवै बालक अति नै उत्तेजित भए र एक-अर्कालाई नराम्रा शब्द प्रयोग गरी गाली गर्न थाले। ससाना बच्चाका मुखबाट त्यति नराम्रो गाली सुन्नुपर्दा गान्धीलाई बडो अफसोच लाग्यो। उनले बालकको झगडा रोकेर तिनका आमाबाबुलाई बोलाउन लगाए।

बालकका आमाबाबु आएपछि गान्धीले उनीहरूलाई गाली गर्न थाले। केही क्षणसम्म उनीहरूले यो सब चुचाप सुनिरहे। तर, उनीहरूमध्ये एउटा बच्चाका बाबु चुप लागिरहन सकेनन्। उनले गान्धीलाई सोधे, 'बापु, हाम्रो गल्ती के थियो र तपाईं यसरी हामीलाई गाली गर्दै हुनुहुन्छ ? पहिला त्यो त बताउनुस्।

उनको प्रश्न सुनिसकेपछि गान्धीले स्पष्ट गर्दै भने, 'तिमीहरू दुवैका बच्चा यहाँ नजिकै खेलिरहेका थिए। अचानक उनीहरूबीच झगडा सुरु भयो। एकैछिनमा उनीहरू एक-अर्कालाई अत्यन्तै नराम्रा शब्द प्रयोग गरेर गाली गर्न थाले।'

'तर, यसका लागि तपाईंले हामीलाई चाहिँ किन बोलाउनुभएको त ? उनीहरूलाई नै बोलाएर हप्काइदिनुभएको भए भइहाल्थ्यो नि ! तपाईंलाई उनीहरूलाई गाली गर्ने पूरा अधिकार छ,' ती व्यक्तिले जवाफमा भने। उनका कुरा सुनिसकेपछि गान्धी गम्भीर भए र भने, 'हो, पक्कै पनि म आफैं उनीहरूलाई गाली गर्न सक्थें। तर, त्यो वेला गाली गर्नु जायज हुन सक्थ्यो, जतिखेर उनीहरू दोषी हुन्थे। यिनीहरूले यस्तो गाली आफैं सिर्जना गरेका होइनन्। यिनीहरूले त यस्तो फोहोरी गाली तिमीहरूबाटै सिकेका न हुन्।' गान्धीको तर्क सुनेर बच्चाका आमाबाबुले लाजले टाउको निहुऱ्याए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## दलहरूले चासो किन दिँदैनन् ?

नेपाली जनताले महँगीको मार खेपिरहनुपर्ने, बेरोजगारीले तनाव व्यहोरिरहनुपर्ने र भ्रष्टहरूले भ्रष्टाचार गर्न पाइरहने अवस्था कहिलेसम्म कायम रहने हो ? हाम्रा राजनीतिक दलहरू सत्ता, शक्ति र सम्पत्तिकै लागि दौडधुपमा व्यस्त रहँदा देश र जनताका लागि विकास अभियान कसले कसरी अघि बढाउने हो, अझै अन्योलपूर्ण नै देखिन्छ। २०४६ सालको परिवर्तनयता केही त भएकै छ, तर जति हुनुपर्ने हो, त्यति हुन नसक्दा हामी परनिर्भर बन्दै गएका छौं। युवाले देशभित्रै रोजगारी पाउन नसक्दा दैनिक हजारौंको संख्यामा बिदेसिनुपरिरहेको छ। गाउँघर रित्तिँदै गएका छन्। सहरबजारले मानिसको भिड थेग्न मुस्किल हुन लागिसक्यो। तैपनि सत्तामा रहेका र नरहेका दलमा कुनै चासो नदेखिनुको कारण के हो ?

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

### पर्यटन विकासमा ध्यान दिऊँ

मार्चमा मात्रै एक लाख २८ हजार विदेशी पर्यटक नेपाल भित्रिएको समाचार पढ्दा खुसी लाग्यो। नेपालको मुहार यदि कुनै क्षेत्रले फेर्न सक्छ भने त्यो पर्यटन नै हो। यहाँ पर्यटन विकासका सम्भावना अथाह छन्। विदेशी पर्यटकको प्राथमिक रोजाइमा पर्न सक्ने गतिला पर्यटकीय सम्भावना बोकेका स्थानको यहाँ कुनै कमी छैन। सरकार र निजी क्षेत्रले देशको पर्यटन विकासमा ध्यान दिन ढिलो गर्नु हुँदैन।

● **वन्दना माझी**
बनेपा, काभ्रेपलान्चोक

### भरपर्दो छानबिन गर

कानुनविपरीत ५१ करोड भ्याट छुट दिने ६० कर अधिकारी छानबिनको घेरामा परेको समाचार पढियो। यतिखेर जतातै भ्रष्टाचारै भ्रष्टाचारका खबर आइरहेका छन्। सर्वसाधारणले वित्तीय संस्थामा राखेको निक्षेप संकटमा परिरहेको छ। विकास निर्माण आयोजनामा गम्भीर लापरबाही भइरहेको छ। कुनै पनि काम कमिसन र घुसविना पूरा गर्ने सकिन्न। यस्तो अवस्थामा अनियमितता गर्नेमाथि भरपर्दो छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्नैपर्छ।

● **सन्देश विक**
ताहाचल, काठमाडौं

### स्वास्थ्य बिमामा सुधार

हाम्रो देशको स्वास्थ्य सेवाका क्षेत्रमा दुई-चारवटा काम गर्ने हो भने सुधार आउँछ। तर, यहाँ त मन्त्री फेरिइरहने तर काम भने कहिल्यै नफेरिने समस्याले गाँजेको छ। मन्त्री धेरै फेरिए, सरकारी अस्पतालको अवस्था कहिल्यै फेरिएन। स्वास्थ्य बिमाको कार्ड लिएर जाँदा अस्पतालमा राम्रो व्यवहार गरिँदैन। यो सिर्तैमा उपचार गर्न आएको त हो नि भन्नेजस्तो व्यवहार गरिन्छ।

नेपाल सरकारले स्वास्थ्य बिमा सेवा लागू गरेको छ। स्वास्थ्य बिमा गराउनु राम्रो पनि हो। तर, स्वास्थ्य बिमा गरेका नागरिकले त्यसबापत सुविधा पाएका छन् कि छैनन्, योचाहिँ अनुगमन कहीँबाट भएको छैन। विकसित देशमा स्वास्थ्य बिमा गरेपछि नागरिकको सम्पूर्ण स्वास्थ्यको जिम्मा राज्यको हुन्छ। जनताबाट कर असुल्ने, तर त्यसबापत जनतालाई भने केही नदिने हो भने जनताले चाहिँ कर किन तिर्ने भन्ने प्रश्न उब्जेको छ। कर तिर, कर तिर भनेर मात्र हुँदैन। कर तिरेबापत न्यूनतम सुविधा त दिनुपऱ्यो नि ! संविधानमै उल्लेख भएको मौलिक हकमा पर्ने स्वास्थ्यसम्बन्धी विषयमा पनि राज्यले किन चासो नदेखाएको हो, थाहा छैन।

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

### सच्याइएको

मंगलबार, २० चैतमा यसै पृष्ठमा प्रकाशित 'राजनीतिमा सत्ताको प्रश्न' शीर्षकको अग्रलेखमा लेखकको नाम सञ्जीव कार्की हुनुपर्नेमा भूलवश अन्यथा हुन गएकाले क्षमायाचनासहित सच्याइएको छ। **–सम्पादक**

# हिटलरकालले ट्रम्पकालमा सिकाएको पाठ

## सन् १९२४ मा हिटलरले झैं ट्रम्पले भ्रष्ट 'डिप स्टेट'लाई दोष लगाउँदै अदालतमा आफूलाई पीडितका रूपमा प्रस्तुत गरिरहेका छन्



देश / विदेश

● मार्क जोन्स

९ अप्रिल १९२४ मा एडोल्फ हिटलर भयग्रस्त भएका थिए होलान्। साढे चार महिनाअघि उनले राजधानी म्युनिखमा असफल कुको नेतृत्व गरेका थिए। इटलीका फासीवादी नेता बेनिटो मुसोलिनीबाट प्रेरित भएर हिटलरले आफ्ना समर्थकलाई बर्लिनमा मार्च गरेर लोकतान्त्रिक वाइमर गणतन्त्रलाई तहसनहस गर्ने योजना बनाएका थिए।

विद्रोह प्रयास ८ नोभेम्बर १९२३ को राति ८ बजेपछि सुरु भएको थियो, जब हिटलर र उनका अनुयायीले एक राजनीतिक च्याली तयार गरेर भिडलाई बन्धक बनाएका थिए। त्यसपछिको मादक पदार्थले मातिएका हिटलरको 'स्टर्म ट्रुपर्स' (जत्था) ले विपक्षीको राजनीतिक कार्यालयमा तोडफोड गरी सहरका यहुदीमाथि आक्रमण गरेर सत्ताकब्जा गर्ने नाजी प्रयास असफल भयो, हिटलरको नेतृत्वको दुई हजारको सशस्त्र समूहले प्रहरी र जर्मन सेनाको सामना गरेको थियो। छोटो भिडन्तपछि चार बाभेरियन प्रहरी मारिए। गोली चल्न थालेपछि भुइँमा लडेका हिटलर काँधमा चोट लागेर घटनास्थलबाट भागेका थिए। उनको छेउमा उभिइरहेका व्यक्तिलाई गोली हानेर मारिएको थियो।

लुकेको अढाई दिनपछि जर्मनीका मोस्ट वान्टेड हिटलर उनका कट्टर समर्थकको ग्रामीण बाभेरियन घरमा फेला परे। हिटलरलाई देशद्रोहको आरोप लगाइयो र मुद्दा २६ फेब्रुअरी १९२४ मा सुरु भयो। उनलाई विद्रोहको 'आत्मा' भन्दै कठोर सजायको माग गरियो।

'मूर्ख दिवस' १ अप्रिलकै दिन न्यायाधीशले हिटलरलाई दोषी पाएपछि बाभेरियन कानुनअन्तर्गत न्यूनतम सजाय तोकियो। अर्थात् राम्रो व्यवहार गरे प्रारम्भिक रिहाइको सम्भावनासाथ पाँच वर्षको कारावास तोकियो। फैसलापछि हिटलरलाई अदालतबाट बाहिर निस्कन र फोटो खिच्न अनुमति दिइएको थियो। अभियोजक उदार सजायविरुद्ध पुनरावेदन गर्न असमर्थ थिए र हिटलर वर्षको अन्त्यभन्दा पहिल्यै मुक्त भए। कैदमै उनले 'मेइन केम्फ' लेखेका थिए।

वाइमर गणतन्त्रलाई समर्थन गर्ने जर्मन आक्रोशित थिए। आफ्नो लोकतान्त्रिक शासन प्रणालीलाई उल्ट्याउन खोज्ने व्यक्तिलाई सामान्य सजाय दिइएको थियो। हिटलरलाई दिइएको हल्का सजायले जर्मनीको सबैभन्दा महत्त्वपूर्ण क्याथोलिक पत्रिकाले भनेझैं राज्यको अख्तियारी 'मरेर गाडिइसकेको' थियो। प्रभावशाली उदारवादीले अदालतलाई अपराध दोहोऱ्याउन अनुमति दिएको आरोप लगाएका थिए।

हिटलरप्रति सहानुभूति राख्नेहरूले उदारवादी विरोधीलाई गिल्ला गर्दै धेरै 'भावनात्मक' नबन्न र 'विगतलाई विगत हुन दिनुपर्छ' भन्दै हिटलरलाई दिइएको सजायलाई 'गम्भीर' भनेका थिए। समर्थकको उत्सवले एक महिना लामो प्रचार अभियानको समापनलाई दर्साउँथ्यो, जसले नाजी नेता हिटलरलाई एक महान् देशभक्तलाई गलाउने पक्षपातपूर्ण न्याय प्रणालीको सिकारका रूपमा चित्रण गरेको थियो।

केही मिडियाले उत्साहपूर्वक हिटलरको पक्ष लिए।

उदाहरणका लागि म्युनिखको एक मध्यम-दक्षिणपन्थी पत्रकारले खुला रूपमा अभियुक्तप्रति आफ्नो पूर्वाग्रह व्यक्त गरेका थिए। पत्रिकाले वाइमर गणतन्त्रका संस्थापकलाई 'नोभेम्बर अपराधी' भनेर उल्लेख गरेको थियो, जसमा नाजीको हिंसाको औचित्य प्रमाणित गर्ने हिटलरको भाषा प्रतिध्वनित हुन्थ्यो।

हिटलरले सुनुवाइका क्रममा दर्शक-श्रोतालाई भड्काएका थिए। खचाखच भरिएको अदालतको कक्षमा समर्थक, जिज्ञासु महिला एवं किशोर पुरुष पनि उपस्थित थिए। इतिहासकार हिटलरको सन्



*तस्बिर : युनिभर्सल हिस्ट्री आर्काइभ*

१९२४ को अदालती सुनुवाइ एक धोखा थियो भन्नेमा सहमत छन्। हिटलरको राजनीतिक जीवन समाप्त गर्नुको सट्टा यो सुनुवाइले उनको लोकप्रियतालाई बलियो बनाउन र उनलाई एक दशकभन्दा कम समयमै वाइमर गणतन्त्रलाई ध्वस्त पार्ने नेता बनाउन मद्दत गऱ्यो। अदालती सुनुवाइको अन्यायका पछाडि अलोकतान्त्रिक दक्षिणी क्षेत्र र सुनुवाइ हेर्ने न्यायाधीश जर्ज नेइथर्ड जिम्मेवार थिए। एक पुरातनपन्थी न्यायाधीशका रूपमा नेइथर्डले हिटलरलाई गणतन्त्रको आलोचना गर्न मञ्चको रूपमा अदालतको कक्ष प्रयोग गर्न स्वेच्छाले अनुमति दिएका थिए।

तर, आज हिटलरको सन् १९२४ को अदालती सुनुवाइको सान्दर्भिकतामा खासै सहमति देखिँदैन। जसरी अमेरिकी पुरातनपन्थीले ट्रम्पवाद र फासीवादको तुलनालाई अस्वीकार गर्छन्। त्यसैगरी केही इतिहासकारले वाइमर गणतन्त्र पतनको अवस्थाको अध्ययन आकर्षक देखिए पनि अमेरिकाको वर्तमान राजनीतिक उथलपुथललाई त्यसबाट विश्लेषण गर्न नसकिने बताउँछन्। यी इतिहासकारले सन् १९२३ मा हिटलरको कु प्रयास र ६ जनवरी २०२१ का घटनाबीच कुनै समानता देख्दैनन्। ६ जनवरीका दिन राष्ट्रपति डोनाल्ड ट्रम्पको 'सेभ अमेरिका' च्याली युएस क्यापिटोलमा विद्रोहका रूपमा परिणत भयो। परिणामस्वरूप पाँचजनाको मृत्यु भयो र एक सय ४० जना घाइते भए। सुरक्षाका कारण कंग्रेसका सदस्य बाहिरिन बाध्य भए।

पुरातनपन्थीले मात्रै यी समानान्तरमा विश्वास नगर्ने होइन, धेरै अमेरिकी उदारवादी पनि सन् १९२४ को घटनालाई ट्रम्पको ६ जनवरीसँग तुलना गर्न अनिच्छुक छन्। यदि उदारवादीले तुलना गर्छन् भने रिपब्लिकन पार्टीका सम्भावित राष्ट्रपति पदका उम्मेदवार ट्रम्पविरुद्धका विभिन्न मुद्दाले हिटलरको मुद्दामा एक शताब्दीअघिको जस्तै प्रभाव पारेको भन्ने बुझ्नेछन्। त्यसवेलाझैं ट्रम्पले समर्थकलाई उत्तेजित गर्दै छन्।

सन् १९२४ मा हिटलरले झैं ट्रम्पले भ्रष्ट 'डिप स्टेट'लाई दोष लगाउँदै अदालतमा आफूलाई पीडितका रूपमा प्रस्तुत गरिरहेका छन्। डेमोक्र्याटले आफ्ना विरोधीमा मात्रै ध्यान केन्द्रित गर्नुको सट्टा उनीहरूले आफ्नो अभियान क्रममा ट्रम्पको सुनुवाइलाई सन् १९२४ को हिटलरको सुनुवाइसँगको तुलनालाई प्राथमिकतासाथ मान्यता दिनुपर्छ।

*(जोन्स युनिभर्सिटी कलेज डब्लिनका इतिहासका उप-प्राध्यापक हुन्)*

**– प्रोजेक्ट सिन्डिकेटबाट**

## सच्याइएको

मंगलबार, २० चैतमा यसै पृष्ठमा प्रकाशित 'राजनीतिमा सत्ताको प्रश्न' शीर्षकको अग्रलेखमा लेखकको नाम सञ्जीव कार्की हुनुपर्नेमा भूलवश अन्यथा हुन गएकाले क्षमायाचनासहित सच्याइएको छ। **–सम्पादक**

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# मानवसिर्जित भोकमरीको सँघारमा गाजा

## इजरायलले गाजामा खाद्यान्न प्रवेशमा प्रतिबन्ध लगाएको मात्र होइन वितरणमा समेत अवरोध पुऱ्याइरहेको छ

अमेरिकी जहाजले गाजामा मानवीय सहायता उतार्ने संरचना निर्माण गर्न आन्द्रमहासागर पार गरिरहेको वेला संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले इजरायल र हमासबीच रमजानको महिनामा युद्धविरामको प्रस्तावमा मतदान हुँदै थियो। अमेरिकी कूटनीतिज्ञहरूले त्यस प्रस्तावलाई तिनको भिटो प्रयोग गरेर रोकिदिए। युद्धविराम रोक्ने प्रयासको कूटनीतिक आलोचना भयो। तर, गाजामा समुद्री मार्गबाट सहायता पठाउने अमेरिकी कदमले इजरायल युद्धप्रति राष्ट्रपति जो बाइडेन प्रशासनको बढ्दो निराशालाई त दर्साउँछ नै साथमा तत्काल सहायता नदिइए गाजाका २२ लाख बासिन्दा भोकै मर्नेछन् भन्ने व्यापक चिन्तालाई प्रतिबिम्बित गर्दछ।

अहिले गाजाको २२ लाख जनसंख्यामध्ये झन्डै आधाले 'गम्भीर खाद्य असुरक्षा'को सामना गरिरहेका छन्। ७० प्रतिशतले अर्को दुई महिनाभित्र 'चरम खाद्य अभाव' अनुभव गर्ने सक्ने एक प्रतिवेदनलाई इंगित गरेको छ। प्रतिवेदन गैरराजनीतिक मूल्यांकन गर्ने एक अन्तर्राष्ट्रिय नेटवर्क 'इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन (आइपिसी)' प्रणालीद्वारा संकलन गरिएको थियो। यसअघि भोकमरीको विवरणलाई अस्वीकार गर्ने इजरायलले आइपिसी रिपोर्टलाई भने खण्डन गरेको छैन।

इजरायलले गाजामा खाद्यान्न प्रवेशमा प्रतिबन्ध लगाएकाले मात्र नभएर खाद्यान्न वितरणमा समेत अवरोध पुऱ्याइरहेको छ। संयुक्त राष्ट्रसंघले इजरायलले नियमित रूपमा सहायता बोकेका ढुवानी वाहनलाई रोक्ने गरेको बताउँछ। यसै महिनाको सुरुमा इजरायलले खाद्यान्न वितरण केन्द्रमा बम विस्फोट गरेको थियो। इजरायली सेनाले गाजाका अधिकांश खेत पनि कब्जा गरेर बसेको छ। त्यस भेगमा खेती गर्ने जनसंख्या विस्थापित छन्।

गाजाबाट प्राप्त विवरण अनियमित छन् र सधैँ विश्वसनीय पनि छैनन्। ३६५ वर्ग किलोमिटरको यस तटीयपट्टिलाई विभिन्न हिस्सामा विभाजन गरिएको छ। केही इजरायली रक्षा बल (आइडिएफ)को पूर्ण नियन्त्रित छ भने अन्य हमासको कब्जामा। त्यहाँ केही त्यस्ता क्षेत्र छन् जहाँ केही स्थानीय आपराधिक परिवारले सहायता खाद्यान्न पनि चोरेर वा खोसेर अत्यधिक नाफामा बेचिरहेका छन्।

भोकमरीबाट मृत्यु हुनेको अहिलेसम्म कुनै विश्वसनीय संख्या छैन, तर आइपिसीले संकलन गरेको तथ्यांकअनुसार फेब्रुअरीमा उत्तरी गाजामा दुई वर्षमुनिका बालबालिकाहरूमध्ये २९ प्रतिशत तीव्र कुपोषणबाट ग्रस्त थिए। त्यहाँका ६६ प्रतिशत परिवार गत महिना कम्तीमा १० दिन खानै पाएनन्। हमासले इजरायलमा आक्रमण गरेयताका झन्डै ६ महिना इजरायलले निरन्तर गाजामा बमबारी गरिरहेको छ। इजरायल रक्षा बल(आइडिएफ)ले



खाद्य कटौती गरेको गाजा सहरमा स्थिति सबैभन्दा खराब छ। केही सीमित खाद्यान्न आपूर्ति ढुवानीका सवारीसाधनलाई मात्रै सहरभित्र प्रवेश गर्न अनुमति दिइएको छ। इजिप्ट सिमानासँग जोडिएको रफाहवरपर १५ लाख प्यालेस्टाइनी आश्रय लिइरहेका छन्। इजिप्टतर्फबाट त्यहाँ नियमित सहायता सामग्री आपूर्ति भइरहेको छ। तर, यी आपूर्ति मागको तुलनामा अपर्याप्त छन्। इजरायलले त्यहाँ हमासको अन्तिम प्रमुख किल्ला रहेको भन्दै सैन्य अभियान चाल्ने धम्की दिँदै आएको छ। इजरायली सैन्य कारबाही सुरु भयो भने खाद्यान्न बोकेका ती सामान जोखिममा पर्नेछन्।

आफ्नो युद्ध सर्वसाधारणलाई नभई 'हमासलाई ध्वस्त पार्नु' रहेको इजरायलले दाबी गरेको छ। गाजालाई जानाजानी भोकै मारेको भन्ने विवरणलाई इजरायलले अस्वीकार गरेको छ। आपूर्ति अवरोध 'इजरायली बन्धकलाई रिहा गर्नेका लागि हमासलाई दबाबको एक औजार' भएको इजरायली सुरक्षा अधिकारीहरूले स्वीकार गरेका छन्। इजरायलले उत्तरी गाजामा जाने पानीको पाइपलाइन पनि काटिएको छ जसकारण त्यहाँका मानिस दक्षिणतिर जान बाध्य छन्।

'यी कार्य जानाजान नगरिएका भए पनि आपराधिक लापरबाही हो, जुन सिमानामा भइरहेको छ,' इजरायली मानव अधिकार संगठन गिसाकी तानिया हरिले भनिन्। मानव अधिकार संगठनलगायतले गाजामा आपूर्तिमा प्रतिबन्ध हटाउन सरकारका नाममा आदेश दिन आग्रह गरेका छन्। केही आइडिएफ अधिकारीहरू माथिबाट आदेश दिइए आफूहरू सबै जनसंख्याको आवश्यकता पूरा गराउन लाग्ने बताउँछन्। तर, प्रधानमन्त्री बिन्यामिन

> भोकमरीबाट मृत्यु हुनेको अहिलेसम्म कुनै विश्वसनीय संख्या त छैन, तर आइपिसीले संकलन गरेको तथ्यांकअनुसार फेब्रुअरीमा उत्तरी गाजामा दुई वर्षमुनिका बालबालिकामध्ये २९ प्रतिशत तीव्र कुपोषणबाट ग्रस्त थिए। त्यहाँका ६६ प्रतिशत परिवारले गत महिना कम्तीमा १० दिन खानै पाएनन्

नेतान्याहुको सरकार यस्तो कुनै आदेश दिने पक्षमा छैन। सरकारमा सामेल उग्र दक्षिणपन्थी मन्त्रीहरूले अमेरिकाले दिने भनेको पिठोको ढुवानीसमेत रोक्न आह्वान गरेका छन्।

युद्ध सुरु भएदेखि गाजामा सामग्री आपूर्तिमा इजरायलको स्थितिमा उतारचढाव आएको छ। पहिला इजरायलले इजिप्टसँगको रफाह सिमानाको माध्यमबाट थोरै संख्यामा लरीहरूलाई प्रवेश दिएको थियो। त्यतिवेला इजिप्टले गाजासँग जोडिएको उसको नाका खुला राखेको थियो। पछि उसले समुद्रबाट ढुवानीलाई अनुमति दिन थाल्यो। नेतान्याहुको सरकारको कदम ती इजरायलीहरूलाई खुसी बनाउन केन्द्रित छ, जो अक्टोबर ७ को नरसंहारबाट आघातमा परेका छन् र हमाससँग बन्धकलाई रिहा गर्न माग गरिरहेका छन्। केही इजरायलीले व्यक्तिगत र सामूहिक रूपमा तिनको देशबाट गाजा प्रवेश गर्न लागेको सहायता वाहनलाई सिमानामा घेरा हालेर रोक्ने प्रयास गरिरहेका छन्। फलस्वरूप सरकार मानवीय सहायतासम्बन्धी कुनै गम्भीर छलफल वा नीति सार्वजनिक गर्न दबाबमा छैन।

'गाजामा आपूर्तिसम्बन्धी सबै निर्णय विनासोचविचार गरिएका छन्। हामीसँग व्यापक रणनीति अघि सार्ने जिम्मेवारी छ भन्ने देशका जनरल वा सरकारले बुझेका छैनन,' एक निराश आइडिएफ अधिकारी गुनासो गर्छन्। इजरायलले उत्तरी गाजामा नयाँ सडक पनि बनाएको छ र निजी प्यालेस्टिनी ठेकेदारमार्फत ढुवानी पुनः सुरु गर्न अनुमति दिएको छ। ती मार्ग हुँदै युद्धअघि गाजाको खाद्यान्न आयात सुरु भए पनि हालको आपूर्ति पर्याप्त छैन। धेरैले गाजाको मुख्य सहायता 'संस्था राष्ट्रसंघीय रिलिफ एन्ड वर्क्स एजेन्सी'ले कार्य पुनः सुरु गर्न आह्वान गरिरहेका छन्। तर, इजरायली सरकारले यस एजेन्सीमा हमासको घुसपैठ रहेको आरोप लगाउँदै आएको छ।

अनिकाल रोक्ने द्रुत उपाय सहायता खुलाउनका लागि अस्थायी युद्धविराम हुनेछ। तर, नेतान्याहुले गाजामा अझै पनि बन्दी बनाइएका १३४ बन्धकहरूको रिहाइ गराउने गरी युद्धविरामको प्रयासलाई अस्वीकार गर्दै आएका छन्। उता हमासले इजरायली फिर्ता नगरी हुने युद्धविराममा सहमति नजाउने बताएको छ। यस घातक युद्धमा फसेका दुवै पक्ष गाजाका जनतालाई भोकै बस्न दिन तयार देखिन्छन्।

*-द इकोनोमिस्टबाट*

### पछिल्लो आक्रमणमा सात सहायताकर्मीको मृत्यु

अमेरिकी परोपकारी संस्था 'वर्ल्ड सेन्ट्रल किचन(डब्ल्युसिके)'ले इजरायली सेनाबाट आफ्ना सात सहायताकर्मी मारिएको बताएको छ। डब्लुसिकेले साइप्रसबाट सामुद्रिक मार्ग हुँदै युद्धग्रस्त गाजामा खाद्य सहायता पुऱ्याइरहेको छ। सोमबारको इजराइली आक्रमणपछि संस्थाले उसको गाजा अभियानलाई अहिलेका लागि रोकेको छ। डब्लुसिकेका अनुसार मारिएका सातजना अस्ट्रेलिया, पोल्यान्ड, संयुक्त अधिराज्य, अमेरिका र क्यानडाका दोहोरो नागरिक तथा प्यालेस्टिनी थिए। र, उनीहरू घटनाको समय साइप्रसबाट समुद्री मार्ग हुँदै गाजा उतारिएको खाद्यान्न सामग्री वितरणको तयारी गर्दै थिए।

'गाजामा आइडिएफको आक्रमणमा हाम्रो टोलीका सातजना सदस्य मारिएका छन्,' 'वर्ल्ड सेन्ट्रल किचन(डब्लुसीके)'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ। ' इजरायली सेनासँग समन्वय गरेर गाजा पुगेका टुकबाट १०० टनभन्दा बढी मानवीय खाद्यान्न सहायताका लागि सामान झारी देइर अल-बलाह गोदामबाट बाहिर निस्कँदै गर्दा आक्रमण गरिएको थियो,' सहायता समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

इजराइली सेना आइडिएफका प्रवक्ता रियर एडमिरल ड्यानियल हगारीले घटनामा परेकाहरूप्रति 'गहिरो समवेदना' प्रकट गर्न डब्लुसिकेका संस्थापक सेलिब्रिटी सेपा जोस एन्ड्रेससँग कुराकानी गरेको बताए। इजराइली सेनाको तथ्य पत्ता लगाउने र मूल्यांकन संयन्त्रले अनुसन्धान गर्ने जानकारी दिँदै हगारीले भने। संयुक्त राष्ट्रसंघीय एजेन्सीहरूले स्थितिलाई मानव निर्मित संकट भन्दै उत्तरी गाजा भोकमरीको सँघारमा रहेको बारम्बार चेतावनी दिएका छन्।

#### चौतर्फी आलोचना

सोमबार गाजामा मानवीय सहायता प्रदान गर्ने क्रममा पाँच मानवीय सहायताकर्मीको मृत्यु भएको घटनाको विश्वभरबाट आलोचना भएको छ। अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले गाजामा सहायता वितरण गर्ने क्रममा मारिएका एक अस्ट्रेलियाली नागरिकको मृत्युमा पूर्ण जवाफदेहिताको माग गरेका छन्। अल्बानिजले अस्ट्रेलियाली नागरिक जोमी प्रयांककमको गाजामा हवाई आक्रमणबाट मृत्यु भएको पुष्टि गर्दै यस्तो माग गरेका हुन्।

उता अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्की प्रवक्ता एड्रिएन वाट्सनले ह्वाइटहाउस यस आक्रमणबाट निकै चिन्तित भएको बताए। 'अत्यावश्यक सहायता प्रदान गर्ने मानवीय सहायताकर्मीहरूलाई सुरक्षाको प्रत्याभूत हुनुपर्छ ,' वाट्सनले समाजिक सञ्जाल एक्समा लेखेका छन्। अरू मुलुकले पनि यस आक्रमणको विरोध गर्दै घटनाको अनुसन्धानको माग गरेका छन्।

#### 'अनजानवश' मारिएको नेतान्याहुद्वारा स्वीकार

इजराइलका प्रधानमन्त्री नेतान्याहुले मंगलबार आफ्ना सशस्त्र बलबाट गाजामा भएको हवाई हमलामा 'अनजानवश' सात सहायताकर्मी मारिएको स्वीकार गरेका छन्। हर्नियाको शल्यक्रियापछि जेरुसेलमस्थित अस्पतालबाट बाहिरिँदै गर्दा नेतान्याहूले पत्रकारसँगको कुराकानीमा भने, 'युद्धमा यस्तो घटना हुन्छ, तर हामी यसको अनुसन्धान अन्तिमसम्म गर्नेछौं। यस्तो नदोहोरियोस् भनेर हामी सम्पूर्ण सावधानी अपनाउनेछौं।'

### इतिहासमा आज

अप्रिल ३



पहिलो मोबाइल सेटका साथ मार्टिन कुपर

**सन् १९७३** : मोटोरोला कम्पनीका कर्मचारी मार्टिन कुपरले मोबाइल सेटबाट विश्वको पहिलो मोबाइल कल न्युयोर्कको म्यानह्याटनबाट सोही सहरको न्यु जर्सीस्थित बेल ल्याबको मुख्यालयको फोनमा गरे।

**सन् १७२१** : रोबर्ट बालपोल बेलायतको 'फस्ट लर्ड अफ ट्रेजरी'(प्रभावका हिसाबले प्रधानमन्त्री मानिने यस पदलाई सार्वजनिक सम्बोधनमा भने त्यसो भनिँदैनथ्यो किनकि त्यतिवेला प्रधानमन्त्री सम्बोधनलाई अपमानजनक ठानिन्थ्यो।) रोबर्ट बेलायत र विश्वकै पहिलो प्रधानमन्त्री हुन्।

**सन् १७७६** : तत्कालीन हारवार्ड कलेजले (हालको हारवार्ड विश्वविद्यालयको पूर्वरूप) अमेरिकी स्वतन्त्रता संग्रामका कमान्डर इन चिफ जर्ज वासिङ्टनलाई सम्मानार्थ विद्यावारिधि (कानुन विषयमा) प्रदान गऱ्यो।

**सन् १९१७** : रुसमा फेब्रुअरी क्रान्तिमार्फत राजतन्त्र अन्त्य भएको खबर पाएपछि नेता लेनिन लामो स्विट्जरल्यान्डको निर्वासनपछि गोप्य रूपमा रुस फर्किए।

**सन् १९४८** : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले दोस्रो विश्वयुद्धबाट क्षतिग्रस्त पश्चिम युरोपको सहायताका लागि अमेरिकी सरकारले ल्याएको महत्त्वाकांक्षी 'मार्सल योजना'मा हस्ताक्षर गरे। यस योजनाअन्तर्गत १६ युरोपेली देशलाई पाँच अर्ब डलर सहायता गरिएको थियो।

**सन् १९८२** : संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले अर्जेन्टिनालाई फकल्यान्ड टापुबाट सेना फिर्ता गर्न निर्देशन दियो।

**सन् २०१९** : ब्रुनाईले नयाँ कानुन लागू गर्दै समलिंगी शारीरिक सम्पर्क र विवाहेत्तर सम्बन्ध राख्नेलाई ढुंगाले हानेर मान्ने व्यवस्था लागू गऱ्यो।

**सन् २०१९** : चर्चित ओन-एमडिबी भ्रष्टाचार काण्डमा संलग्न भएको आरोप लागेका मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रजाकविरुद्धको सुनुवाइ सुरु।

### विश्व संक्षेप

#### बाढीको जोखिम भविष्यवाणी गर्न एआईको प्रयोग

**क्यानबेरा/** अस्ट्रेलियाको दक्षिणपूर्वी राज्य 'न्यु साउथ वेल्स'ले मंगलबार बाढीको सम्भावित प्रभावको भविष्यवाणी गर्न कृत्रिम बौधिकता (एआई) र मोबाइल फोन नेटवर्क प्रविधिको परीक्षण गरेको जनाएको छ। यसले गम्भीर मौसमी घटनाबाट समुदायलाई जोगाउन मद्दत गर्न सक्ने सरकारले उल्लेख गरेको छ। वास्तविक समयमै मौसम जानकारी दिन 'ब्युरो अफ मेटियोरोलोजी डेटा'ले सहयोग गर्नेछ। यस प्रविधिले समुदायलाई सम्भावित जोखिमको द्रुत जानकारी दिएर सुरक्षित रहन सचेत गराउनेछ। यसका लागि राज्यका मोबाइल सेवासँग सहकार्य गरिएको न्यु साउथ वेल्सका मन्त्री जिहाद दिबले जानकारी दिए।

#### दुई कमान्डरको मृत्युको बदला लिने इरानको चेतावनी

**तेहरान/** सिरियाको दमास्कसस्थित इरानी वाणिज्य दूतावास भवनमाथि इजरायलले गरेको सन्दिग्ध हमलाबाट ११ जनासहित आफ्ना दुई शीर्ष कमान्डर माएिपछि कठोर जवाफ दिने तेहरानले चेतावनी दिएको छ। इरानी विदेशमन्त्री होसैन अमिर अब्दोल्लाहिअनले आक्रमणलाई अन्तर्राष्ट्रिय महासन्धिको उल्लंघनको संज्ञा दिए। दमास्कसमा सोमबार गरिएको हमलाको बदलामा उस्तै कदम चाल्ने अधिकार इरानसँग रहेको इरानी विदेश मन्त्रालयका प्रवक्ताले बताएका छन्। आक्रमणमा ११ जना मारिएका विवरणमा जनाइएको छ। मारिनेमध्ये दुईजना इरानको रिभोलुसनरी गार्डसका वरिष्ठ कमान्डर पनि छन्। रिभोलुसनरी गार्ड्सले विज्ञप्ति जारी गर्दै मारिनेमा ब्रिगेडियर जनरल मोहम्मद रेजा जाहेदी रहेको पुष्टि भएको छ। आक्रमणबाट दमास्कसको मेज्जेह जिल्लास्थित इरानी वाणिज्य दूतावास भवन हमलापछि ध्वस्त भएको अनलाइनमा राखिएका भिडिओमा देखिन्छ।

# राष्ट्रपति एर्दोगानका सम्भावित प्रतिद्वन्द्वीका रूपमा उदाउँदै गरेका एक मेयर

## वैचारिक रूपमा विपरीत धारमा उभिएका इमामोउलु र एर्दोगानबीच कैयौं समानता पनि देखिन्छ

इस्तानबुलका मेयरका रूपमा ऐतिहासिक दोस्रो जितपछि टर्कीको प्रमुख विपक्षी दल 'रिपब्लिकन पिपुल्स पार्टी (सिएचपी)का समर्थकलाई सम्बोधन गर्ने क्रममा एकरेम इमामोउलुले 'नयाँ युगको प्रारम्भ' भएको बताए। 'एक नयाँ टर्कीको उदय हुँदै छ, जहाँ प्रजातन्त्र, स्वतन्त्रता, समानता, तर्कसंगतता, विज्ञान, प्रेम र एकता फस्टाउनेछ,' उनले उत्साही समर्थकको भिडलाई सम्बोधन गर्दै भने। यसपटकको देशव्यापी स्थानीय तहको (नगरपालिका) निर्वाचनमा सिएचपीले सन् १९७७ पछिको उत्कृष्ट नतिजा हासिल गरेको छ। 'यस चुनावमार्फत हामीले हामीभित्र रहेको प्रजातन्त्रलाई बाहिर ल्याएका छौं,' इमामोउलुले भने। यो कुरा राष्ट्रपति रेसेप तैयप एर्दोगानले हारपछि दिएको भाषणमा भनेका कुरासँग मिल्दोजुल्दो देखिन्थ्यो, जहाँ एर्दोगानले पछिल्लो निर्वाचनमा कसैको हार नभएको र लोकतन्त्रको जित भएको बताएका थिए।

टर्कीको यसपटकको स्थानीय तहको निर्वाचनमा अधिकांश स्थानमा एर्दोगानको जस्टिस एन्ड डेभलोपमेन्ट(एके)ले नराम्रो हार व्यहोऱ्यो। चुनावमा सबैभन्दा बढी चर्चा रहेको इस्तानबुलको मतपरिणामले एर्दोगानको प्रमुख प्रतिद्वन्द्वीका रूपमा इमामोउलुको छवि थप बलियो बनेको विश्लेषकहरूले बताएका छन्। एर्दोगान आफैंले दशकौंअघि इस्तानबुलको मेयरबाट आफ्नो राजनीतिक हैसियत बलियो बनाएर राष्ट्रिय राजनीतितर्फ फड्को मारेका थिए। यसपटक इस्तानबुलको चुनावमा एर्दोगान आफैं आफ्ना दलको प्रचारमा लागेका थिए। तर, टर्कीको आर्थिक तथा सांस्कृतिक हबलाई पुनः आफ्नो दलको पोल्टामा पार्ने एर्दोगानको प्रयास असफल भयो।

उता इमामोउलुले इस्तानबुलको मेयरको दोस्रो कार्यकाल सुरक्षित गर्ने क्रममा एर्दोगानले खडा गरेको छाया उम्मेदवारविरुद्ध फराकिलो अन्तरको सहज जित हासिल गरे। यस विजयमार्फत राष्ट्रिय राजनीतिमै इमामोउलु एर्दोगानलाई चुनौती दिन सक्ने नेताको रूपमा उदाएको विपक्षी नेता तथा विश्लेषकमाझ चर्चा सुरु भएको छ। एर्दोगानले सन् २०२८ पछि पनि सत्ता फर्किने प्रयास गर्ने आशंकाबीच विपक्षीले यसलाई राहतको संकेत मानेका छन्। एक-अर्काका प्रतिद्वन्द्वीका रूपमा हेरिएका दुई नेताबीच कतिपय कुरा भने समान छन्। दुवै



टर्कीको कृष्णसागरको तटीय क्षेत्रबाट उदाएका नेता हुन्। त्यस्तै दुवैजना टर्कीको सबैभन्दा ठूलो सहर तथा देशको कुल अर्थतन्त्रको एकतिहाइ हिस्सा ओगट्ने इस्तानबुलको मेयरबाट राजनीतिमा चर्चामा आए। दुवैले टर्कीको अदालतबाट धक्काको सामना गरेको इतिहास छ। त्यसबाहेक दुवैजना फुटबलमा बलियो रुचि राख्छन्। सबैभन्दा महत्त्वपूर्ण यी दुई नेतामा मतदातालाई तान्न सक्ने क्षमता छ। व्यक्तित्व र रुचिबाहेक राजनीतिक विचारधाराको कुरामा भने उनीहरू विपरीत धारमा उभिएका छन्।

> इमामोउलुले इस्तानबुलको मेयरको दोस्रो कार्यकाल सुरक्षित गर्ने क्रममा एर्दोगानले खडा गरेको छाया उम्मेदवारविरुद्ध फराकिलो अन्तरको सहज जित हासिल गरे। यस विजयमार्फत राष्ट्रिय राजनीतिमै इमामोउलु एर्दोगानलाई चुनौती दिन सक्ने नेताको रूपमा उदाएको विपक्षी नेता तथा विश्लेषकमाझ चर्चा सुरु भएको छ।

मिलनसार स्वभावका इमामोउलु पहिले व्यापार क्षेत्रमा संलग्न थिए। उनको परिवारमा श्रीमतीसहित तीन छोराछोरी छन्। स्थानीय तहको चुनावी अभियानमा सरसहयोग गरेको अंकारास्थित परामर्शदाता संस्था सान्डा ग्लोबलका प्रमुख सेलिम साजाकले इमामोउलुको राजनीतिक ब्रान्डको सबलता उनको व्यक्तित्वको 'करिस्मा' र कृष्ण सागर क्षेत्रको राजनीतिक पृष्ठभूमि भएको बताए। 'उनी टर्किस राजनीतिका बिल क्लिन्टनजस्ता हुन्, तर विवायेत्तर सम्बन्धको विवादमा नफसेका,' इमामोउलुबारे साजाकले भने। एर्दोगान इस्तानबुलका मेयर इमामोउलुलाई मन पराउँदैनन् भन्ने स्पष्ट देखिन्छ। तर, एर्दोगानको यस भावनाले निम्त्याएको प्रतिद्वन्द्विताले इमामोउलुलाई राजनीतिमा छोटो समयमै उदीयमान नेताको रूपमा विकास गऱ्यो। यसअघिको सन् २०१९ मा भएको मेयर पदको चुनावमा इमामोउलुको प्रारम्भिक जित अस्वीकार गर्दै एर्दोगानले दोस्रो चुनावको माग गरे, दोस्रोमा इमामोउलुको पक्षमा थप धेरै मत खसेको थियो। यसले गर्दा सुरुदेखि नै उनलाई एर्दोगानको प्रतिद्वन्द्वीका रूपमा स्थापित गऱ्यो। तर, यो नतिजा इमामोउलुको पहिलो कार्यकालभरि कानुनी समस्याको रूपमा बल्झिरह्यो।

मेयर पदको पहिलो कार्यकालको जितपछि एक न्यायाधीशले उनलाई सार्वजनिक अधिकारीको आलोचना गरेको घटनामा साढे दुई वर्षको जेल सजाय र राजनीतिक प्रतिबन्ध लगाए। पुनरावेदन अदालतले यस मुद्दामा अझै निर्णय गर्न बाँकी छ। यो सजाय एर्दोगानको विगतको उस्तै घटनाको प्रतिध्वनिजस्तो देखिएको थियो। कुनै समय एर्दोगानले वाचन गरेको एक कविताले धार्मिक घृणा फैलाएको भन्दै उनलाई राजनीतिक प्रतिबन्ध लगाएको थियो। त्यस मुद्दामा सन् १९९९ मा एर्दोगान केही समय जेल पनि परे।

गत वर्ष, अर्को एक अदालतले सन् २०१५ मा बेलिकडुजु जिल्लाको मेयर हुँदा इमामोउलुले सार्वजनिक बोलपत्रमा अनियमितता गरेको आरोपमाथि मुद्दा सुनुवाइ सुरु गरेको छ। आरोप प्रमाणित भए तीनदेखि सात वर्षसम्मको सजाय हुन सक्छ। जबकि इमामोउलुले बारम्बार उनको मेयरको काममा केन्द्रबाट अवरोध पुऱ्याउने गरिएको बताउने गरेका छन्। यसले चुनावी वाचा पूरा गर्न कठिनाइ भएको उनको ठम्याइ छ। उनको यस कुरालाई मतदाताले विश्वास गरेका कारण डेढ करोडभन्दा बढी जनसंख्या भएको सहरमा केन्द्र सरकारको दलका उम्मेदवार पराजित भएका छन्।

चामत्कारिक राजनीतिक व्यक्तित्व भएका यी दुई नेता केही अवसरमा एक-अर्काको सम्मुख पनि परेका छन्। सन् १९९४ मा इस्तानबुल विश्वविद्यालयबाट व्यवसाय प्रशासनमा स्नातक गरेपछि इमामोउलु आफ्नो पारिवारिक निर्माण व्यवसायमा सरिक भए। उनको फुटबल प्रेमले उनलाई ट्राब्जोको गृह फुटबल टिमको प्रशासक बन्न प्रेरित गऱ्यो। यही टिमबाट कुनै समय एर्दोगानले अर्ध-व्यावसायिक फुटबलरको छोटो भूमिका निभाएका थिए। इमामोउलुले हालसालै उनी र एर्दोगानको भेटबारे पनि चर्चा गरे। सन् १९९० को दशकको बीचतिर एर्दोगान इस्तानबुलको मेयर बनेपछि सहरको गुन्गोरेन जिल्लामा एक जवान इमामोउलुले चलाइरहेको मांसाहारी रेस्टुरेन्टमा गएका थिए। 'मेयरको सुरुवाती महिनामा मैले उनलाई सेवा गरेको थिएँ,' इमामोउलुले विगत सम्झँदै भने, 'उनले मेरो रेस्टुरेन्टमा मिटबल खाए। मैले त्यसको पैसा लिइनँ र उनी बाँचुन्जेल त्यो शुल्क तिर्नुपर्नेछैन।'

*- रोयटर्स र एएफपीबाट*

# कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिकको एन.सी.सी. बैंक लि.) केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ वैशाख ०६ गते बिहीबार**का दिन केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

## ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौंमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०५९/०२/१६ मा प्रा.लि/प्रा.फा.नं/सा.फा. नं १८७८४/०५८/०५९ मा दर्ता भई करदाता सेवा कार्यालय काठमाण्डौबाट मिति २०५९/०६/१० मा पान न. ३००९७९६७३ कायम भई काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं १० स्थित रजिष्टार कार्यालय रहेको **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा. लि.।**

**संचालक - भावेश वोहोरा**

## धितो सुरक्षणको विवरण

१. **सरोज गौतम**को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला सैबु २क स्थित कित्ता नं.६२७ को क्षेत्रफल ०-६-२-१ (रोपनी) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला काठमाण्डौं बाडभञ्ज्याङ्ग गा.पा/न.पा/गा.वि.स.,वडा नं.२/ख स्थित कित्ता नं.२६५, ४३०, ४२७ र ४२८ को क्षेत्रफल क्रमश ०-६-०-०, २-३-३-०, ०-१-३-० र ०-६-१-० (रोपनी) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि**को नाममा मालपोत कार्यालय चावाहिल काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला कपन गा.वि.स वडा नं २ स्थित कित्त नं २८ को क्षेत्रफल १२७.२० (व.मि) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. **होमनाथ गौतम**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको जिल्ला धनुषा तल्लो गोदार गा.पा/न.पा वडा नं ३ ख स्थित कित्ता नं ९०५, ९६४, ९६८, ९८७, ९७८, ९७९, ९८४, ९८९, ९९०, ९९१, ९९२, १११६ र १११७ को क्षेत्रफल क्रमश ०-३-१२-०, ०-४-१६-८, ०-५-१०-०, ०-९-३-८, ०-२-२-८, ०-२-७-१४, ०-२-२-६, ०-३-२-६, ०-१-११-८, ०-३-२-६, ०-१-११-८, ०-९-१७-९, ०-५-१३-०, (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत र ऐ.ऐ. वडा नं ९ स्थित कित्ता नं ९८३ को क्षेत्रफल ०-१-८-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. **होमनाथ गौतम**को नाममा मालपोत कार्यालय डिल्लीबजार काडमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं १० स्थित कित्ता नं ६०३, १६९ र ६०१ को क्षेत्रफल क्रमश ७७.३७, ४७.६९ र २८५.४६ (व.मि) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

६. **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि**को नाममा मालपोत कार्यालय चावाहिल काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं ७ स्थित कित्ता नं.१०१, ९८ र ३४४ को क्षेत्रफल क्रमश ०-६-०-१, ०-४-०-३ र ०-०-०-१ (रोपनी) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

७. **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा/म.न.पा वडा नं ५ स्थित कित्ता नं २१३, २१४, २१५ र २१६ को क्षेत्रफल क्रमश ०-८-०-०, ०-८-०-०, ०-४-०-० र ०-४-०-० (रोपनी) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

८. **मछिन्द्र बर्तौला**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स वडा नं ६ स्थित कित्ता नं ३९८, १४ र ४७५ को क्षेत्रफल क्रमश ०-८-४-०, १-१०-८-० र ०-२-०-० (बि.क.धु.क) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि.** कायम भएको तपसिलको सवारी साधन:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| BA 2 KA 6578 | 10100154CHE004134*0147 | 4H3305/1720089 | Roller | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 2940 | DHKCE0ACAF0018177 | DB58TIS528684EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 2941 | DHKCEBACYF0018159 | DB582ITS528641EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3075 | DHKCEBACTF0017733 | DB58TIS527961EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3076 | DMKCEBACCF0017732 | DB58TIS527957EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3077 | DHKCEBACCFO017729 | DB58TIS527962EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3078 | DHKCEBACPF0017734 | DB58TIS527720EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3079 | DHKCEBALEF0017728 | DB58TIS527959EN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5245 | DHKCEBACPGOO19002 | DB58TIS630815EN | Doosan Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7154 | DHKCEBACCHOO19619 | DB58TIS732044EN | Doosan Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7155 | DHKCEBACKHOO19598 | DB58TIS732002EN | Doosan Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7158 | DHKCEBACHH0013593 | DB58TIS731S70EN | Doosan Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7216 | DHKCEBACAH0019526 | DB58TIS732002EN | Doosan Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7214 | DHKCEBACE-HOO19501 | DB58TIS731860GN | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7205 | DHKCEBACCHOO19510 | DB58TIS7318576N | Doosan Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3876 | N602d01613 | 2217992 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3877 | N602D01614 | 22214308 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3878 | N602D01615 | 2214301 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3880 | N602D01618 | 22214667 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3881 | N602D01620 | 22214664 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7127 | YQ15-B5217 | JO5EAT-48094 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7128 | YQ15-B5213 | J05EAT-48026 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7129 | YQ15-B5218 | J05EAT-48065 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7130 | YQ15-B5219 | J05EAT-48095 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7131 | YQ15-B5245 | J05EAT-48055 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7586 | YQ15-B5484 | J05ETA-48293 | Kobelco Hydraulic Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7587 | YQ15-B5483 | JO5ETA-48276 | Kobelco Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 7588 | YQ15-B5482 | J05ETA-48283 | Kobelco Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 9608 | PVNJS22CCH2544107 | H00138421 | JCB Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 9609 | PVNJS22CKH2544119 | HOO138331 | JCB Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 9610 | PUNJS22CCH2544102 | HOO138423 | JCB Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3311 | HAR3DXSUC01494909 | H00106771 | Backhoe Loader | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 6076 | DXCCWLBCCH001109 | 1217A000548 | Doosan wheel loader | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3709 | MAT388116G1R15325 | 61E63521524 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3710 | MAT388116G1R16648 | 61F63529377 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3711 | MAT388116G1R15128 | 61E63523947 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3962 | MAT388116G1R17196 | 61F63530023 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5374 | MAT388116G1R15652 | 61F63526478 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5375 | MAT388116G1R15878 | 61F63526253 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5376 | MAT388116G1R16955 | 61F63529619 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5927 | 118262 | 118262 | Eicher tipper Tera 16 HDR | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5928 | 52976 | 1015171 | Eicher tipper Tera 16 HDR | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 5929 | 51325 | 98174 | Eicher tipper Tera 16 HDR | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 6796 | MC2C8CRC0HB363100 | E413CDHB126853 | Eicher Mini Tipper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 6797 | MC2C8CRCOHA59930 | E413CDHA120608 | Eicher Mini Tipper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 6911 | 53959 | 109123 | Eicher Tipper Tera | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 6959 | MC2C1CRC0GJ353298 | E413CDG1J106152 | Water tank, Truck | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 959 | MC2C1CRC0HK384369 | E413CDHK168553 | Tata Triper | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 960 | MC2K7ERCOHL060766 | E613CDHL177456 | Eicher Tipper Tera | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| NA 5 TA 6027 | RSMN2492 | RSMN2492 | Tractor, 6030 4WH | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| NA 5 TA 6029 | RSMN2507 | RSMN2507 | Tractor, 6030 4WH | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| ME 1 TA 6299 | MBNYHFDHUHNC00183 | NHC2UME0114 | Tractor | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय,झापा |
| ME 1 TA 6311 | MBNYHTDHUND00193 | NHD2UME0077 | Tractor | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय,झापा |
| ME 1 TA 6312 | MBNYHTDHUHND00190 | NHD2UME0075 | Tractor | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय,झापा |
| NA 5 TA 9372 | NAMK00135 | NAMK00135 | Tractor | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| NA 5 TA 9340 | KMTPCO49V87C79957 | SD102-26464380 | Tractor | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| NA 5 TA 6519 | RSMN2439 | RSMN2439 | Tractor | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| NA 5 TA 6521 | RSMN2439 | RSMN2439 | Tractor | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| BA 18 CHA 9504 | MA1TY4MMNH2K43035 | MMH4K21514 | 4WD AB, Scorpio | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| ME 1 CHA 5256 | MAODUGHKH3J-89059 | GHH4J-56915 | Bolero | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय,झापा |
| BA 17 CHA 5634 | MA1RU4GHKH3B90091 | GHH4B58035 | Bolero | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 17 CHA 307 | MA1RU4GHKG3K90784 | GHG4K61733 | Bolero | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 2 KA 3879 | N602D01616 | 22214649 | Hyndai Excavator | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| ME 1 TA 6309 | MBNYHFDHUHND00197 | NHD2UME0074 | Tractor | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय,झापा |
| NA 1 KA 8068 | 221 | CD4045L3077Z4 | Mobile Crusher | नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय,विरगजं |
| BA 3 KA 1322 | 10000509AHC007533 | 78421784 | Roller | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| BA 3 KA 2209 | *10200383JJE005315*0618 | 4H3228/1820038 | Roller | बागमती अञ्चल यातायत व्यवस्था कार्यालय, ललितपुर |
| LU 1 KA 4275 | CHSG14AACK1000369 | 78953405 | Grader | लुम्बीनी अञ्चल यातायत व्यवस्था कार्यालय, बुटवल |
| PR 3-01-023 CHA 4718 | MA1RU4TBKK3K94380 | TBK4K79587 | Mandindra Bolero | बागमति प्रदेश यातायत व्यवस्था कार्यालय, ललितपुर |
| PR 3-01-023 CHA 1822 | MA1ZC4TBKK1H65646 | TBK1H72173 | Mandindra Bolero | बागमति प्रदेश यातायत व्यवस्था कार्यालय, ललितपुर |
| ME 1 CHA 4639 | Details Not Found | Details Not Found | Bolero | मेचि अञ्चल यातायत व्यवस्था कार्यालय झापा |

## व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **भावेश वोहोरा**
ना.प्र.नं.: ०५-०१-६९-००७८६
जारी मिति: २०६९/०१/०७, जि.प्र.का. मोरङ्ग
बाबु: कृष्ण कुमार वोहरा
बाजे: दिन दयाल वोहरा
स्थायी ठेगाना: मोरङ्ग जिल्ला कटहरी गा.पा/न.पा वडा नं.४

२. **विशाषा शाह**
ना.प्र.नं.: ३०२५३९४०
जारी मिति: २०६९/०९/०४, जि.प्र.का. महोत्तरी
बाबु: लाल बाबु साह
पति: भावेश वोहोरा
स्थायी ठेगाना: महोत्तरी जिल्ला एकडारा गा.पा वडा नं.५
हालको ठेगाना: मोरङ्ग जिल्ला कटहरी गा.पा/न.पा.
वडा नं.४

३. **कृष्ण कुमार बोहोरा**
ना.प्र.नं.: ०५/१६९२०
जारी मिति: २०४७/०५/२८, जि.प्र.का. मोरङ्ग
बाबु: दिन दयाल वोहरा
स्थायी ठेगाना: मोरङ्ग जिल्ला कटहरी गा.पा/न.पा वडा नं.४

४. **सरोज गौतम**
ना.प्र.नं.: ३११०२३/६३३७९
जारी मिति: २०६६/०५/१६, जि.प्र.का. मकवानपुर
बाबु: होमनाथ गौतम
बाजे: नरहरि गौतम
स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा/न.पा वडा नं. ६
हालको ठेगाना ऐ.ऐ

५. **होमनाथ गौतम**
ना.प्र.नं.: ३८७
जारी मिति: २०३९/१२/०३, जि.प्र.का. मकवानपुर
बाबु: नरहरि गौतम
बाजे: बलभद्र गौतम
स्थायी ठेगाना: मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.पा./
न.पा. वडा नं.०८
हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौडा गा.पा./न.पा. वडा नं. ०६

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ वैशाख ०५ गते** भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ वैशाख ०६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८१ वैशाख ०६ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

**केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौं फोन नं. ०१-४४४३०७५/७६/७७**

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २१ चैत ०८०

# दोस्रो त्रैमासमा जिडिपी ४ प्रतिशतले वृद्धि

## अर्थतन्त्रले सकारात्मक लय समात्दै, उत्पादनमूलकबाहेक सबै आर्थिक गतिविधि धनात्मक

**नवीन अर्याल**/नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०८०/८१ को दोस्रो त्रैमासमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४ प्रतिशतले बढेको प्रारम्भिक अनुमान गरेको छ। केन्द्रीय तथ्यांक कार्यालयले मंगलबार दोस्रो त्रैमासिक विवरण सार्वजनिक गर्दै उत्पादनमूलक उद्योगबाहेक अन्य क्षेत्रहरूको धनात्मक वृद्धिका कारण समग्र अर्थतन्त्र सकारात्मकउन्मुख रहेको जनाएको छ।

आघिल्लो आव ०७९/८० को दोस्रो त्रैमासमा अर्थतन्त्रको वृद्धि -०.८ प्रतिशत ऋणात्मक रहेको थियो। तथ्यांक कार्यालयले समीक्षा अवधिमा अर्थतन्त्र वृद्धि हुनुमा धानलगायत अन्नबाली तथा अन्य कृषि उत्पादनमा भएको वृद्धि र पर्यटनको आम्दानीमा भएको बढोत्तरी प्रमुख कारण रहेको औंल्याएको छ। विश्व बैंकले पनि मंगलबार नै 'नेपाल डेभलपमेन्ट अपडेट' सार्वजनिक गर्दै चालू आवमा ३.३ प्रतिशतको आर्थक वृद्धि हुने प्रक्षेपण गरेको छ। पछिल्लो समय पर्यटन पुनरुत्थान र जलविद्युत्को बढ्दो निर्यातले अर्थतन्त्रमा बढोत्तरी ल्याएको विश्व बैंकको ठहर छ।

यसका अतिरिक्त व्यापार क्षेत्रमा भएको झिनो वृद्धि तथा उद्योगबाहेकका अन्य क्षेत्रहरूको धनात्मक वृद्धिले पनि समग्र अर्थतन्त्रको वृद्धि सकारात्मक रहेको तथ्यांक कार्यालयले जनाएको छ। गत आवको पहिलो त्रैमासमा ३.४ प्रतिशत, दोस्रो त्रैमासमा -०.८ प्रतिशत, तेस्रो तैमासमा २.२ प्रतिशत, चौथो त्रैमासमा ४.१ प्रतिशत आर्थिक वद्धि रहेको थियो। चालू आवको पहिलो त्रैमासमा ३.२ प्रतिशतको वृद्धि भएको छ।

### ■ उत्पादनमूलक क्षेत्र मात्रै ऋणात्मक


चालू आवको दोस्रो त्रैमास र अघिल्लो आवको सोही अवधिबीच क्षेत्रगत तुलना गर्दा अर्थतन्त्रका कुल १८ क्षेत्रमध्ये एउटा मात्रै क्षेत्र औद्योगिक वस्तु उत्पादनको वृद्धिदर ऋणात्मक -०.४ प्रतिशत भएको छ। औद्योगिक वस्तुको उत्पादनमा आएको कमीका कारण यो क्षेत्र ऋणात्मक रहेको कार्यालयको प्रारम्भिक अनुमान छ। पछिल्लो समय मन्दीले बजार माग घट्दा सिमेन्ट, डन्डी, टायल, पाइप एन्ड फिटिङ, खाद्यान्नलगायत उद्योगको उत्पादन घटेको छ। निर्माण क्षेत्र सुस्ताउँदा सिमेन्ट र डन्डी उद्योग ५० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेको व्यवसायी बताउँछन्।

दोस्रो त्रैमासमा आवास तथा भोजन सेवासँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै २९.३ प्रतिशत पुगेको छ। विद्युत् तथा ग्यास क्षेत्रको वृद्धिदर १७.१ प्रतिशत, यातायात तथा भण्डारण क्षेत्रको वृद्धिदर १४.३ प्रतिशत र खानी तथा उत्खनन क्षेत्रको वृद्धि ९.४ प्रतिशत रहने अनुमान छ। निर्माण क्षेत्र जुर्मुराउन थालेसँगै खानी तथा उत्खनन क्षेत्रको वृद्धिदरमा समेत सकारात्मक प्रभाव परेको छ। पछिल्लो समय सिमेन्ट तथा क्लिंकर निर्यात बढ्दै गएपछि चुनढुंगा खानीहरूमा उत्खनन बढेको देखिन्छ। पछिल्लो आठ महिनामा साढे दुई अर्बको सिमेन्ट तथा क्लिंकर भारतीय बजारमा निर्यात भएको छ। जबकि, अघिल्लो आवभरिमा करिब ७८ करोडको मात्रै निर्यात भएको थियो।

निक्षेप तथा कर्जामा भएको वृद्धिसँगै वित्तीय तथा बिमा क्षेत्रको वृद्धिदर ९.१ प्रतिशत भएको छ। बैंकमा तरलता थुप्रिन थालेपछि बैंक तथा वित्तीय संस्थाहरूले सस्तो ब्याजदरका कर्जा स्किम ल्याउन थालेका छन्।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर ३ प्रतिशत रहने अनुमान छ। अन्नबाली तथा पशुजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ। थोक तथा खुद्रा व्यापार क्षेत्रमा भने यो त्रैमासमा ०.५ प्रतिशतमात्र वृद्धि देखिन्छ। व्यापारजन्य वस्तुहरूको आयातमा भएको गिरावटले गर्दा व्यापार क्षेत्रको वृद्धि सन्तोषजनक हुन नसकेको कार्यालयको ठहर छ।

पछिल्लो समय मन्दीले उपभोक्ताको क्रयशक्ति घटेका कारण पनि व्यापार क्षेत्र सुस्ताएको व्यवसायी बताउँछन्। दोस्रो त्रैमासमा घरजग्गासम्बन्धी गतिविधि २.७ प्रतिशत र निर्माण क्षेत्रको वृद्धि २.२ प्रतिशत रहेको छ।




### ■ चालू आवको दोस्रो त्रैमासको क्षेत्रगत वृद्धिदर

| औद्योगिक वर्गीकरण | ०८०/८१ (दोस्रो त्रैमास) |
|---|---|
| कृषि, वन तथा मत्स्य | ३.० |
| खानी तथा उत्खनन | ९.४ |
| उत्पादनमूलक | -०.४ |
| विद्युत्, ग्यास, स्टिम र एयर कन्डिसनिङ सप्लाई | १७.१ |
| पानी, ढल, फोहोर व्यवस्थापन | ०.८ |
| निर्माण | २.२ |
| होलसेल तथा खुद्रा व्यापार, गाडी-मोटरसाइकल मर्मत | ०.५ |
| यातायात तथा भण्डारण | १४.३ |
| आवास एन्ड फुड सर्भिस गतिविधि | २९.३ |
| सूचना र प्रविधि | २.९ |
| वित्त तथा इन्स्योरेन्स गतिविधि | ९.१ |
| घरजग्गा क्षेत्र | २.७ |
| व्यावसायिक, विज्ञान तथा प्रविधिसम्बन्धी गतिविधि | ३.९ |
| प्रशासनिक सेवा | २.६ |
| सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ६.४ |
| शिक्षा | ०.८ |
| मानव स्वास्थ्य एवं सामाजिक गतिविधि | ३.७ |
| अन्य सेवाहरू | ९.९ |
| औसत वृद्धिदर | ४.० |

## विश्व बैंक भन्छ– नेपालको आर्थिक वृद्धि ३.३%

**काठमाडौं**/ विश्व बैंकले चालू आर्थिक वर्ष ०८०/८१ मा नेपालको अर्थतन्त्र ३.३ प्रतिशत वृद्धि हुने अनुमान छ। मंगलबार 'साउथ एसिया डेभलपमेन्ट अपडेट' सार्वजनिक गर्दै विश्व बैंकले न्यून निजी लगानीबीच पनि नेपालको आर्थिक वृद्धिमा सुधार आएको जनाएको छ। आगामी आव ०८१/८२ मा ४.६ प्रतिशतको वृद्धि हासिल हुने प्रक्षेपण गरिएको छ।

गत आव ०७९/८० मा नेपालको आर्थिक वृद्धिदर २.२ प्रतिशत रहेको थियो। सरकारले यस वर्ष ६ प्रतिशतको वृद्धि गर्ने लक्ष्य राखेको छ। तर, आर्थिक मन्दीले निजी लगानी खुम्चिँदा लक्षित वृद्धि हासिल गर्न कठिन देखिन्छ। मन्दीका कारण पछिल्लो समय आयात र निर्यात नै खुम्चिएको छ। महँगीले उपभोक्ताको माग घटेको सरकारी तथ्यांकहरूले नै देखाएको छ। तर, पर्यटन पुनरुत्थान र जलविद्युत् निर्यातको बढ्दो गतिले आर्थतन्त्रको वृद्धिमा सकारात्मक योगदान पुऱ्याएको विश्व बैंकको ठहर छ। मार्च २०२४ मा कोभिड महामारीयताकै सबैभन्दा धेरै एक लाख २८ हजारभन्दा बढी पर्यटक भित्रिएका छन्, यो संख्या ०२३ मार्चको तुलनामा २ ९ प्रतिशतले बढी हो।

यस्तै, गएको वर्षायाममा नेपालले १५ अर्ब २४ करोड रुपैयाँबराबरको बिजुली भारत निर्यात गर्न सफल भएको छ।

आगामी आर्थिक वर्षमा ४.६ प्रतिशतको वृद्धिदर हासिल हुने प्रक्षेपण गरे पनि चुनौतीपूर्ण रहेको औंल्याइएको छ। यसको मुख्य कारणमा भारत, खाडी मुलुक र मलेसियाजस्ता साझेदार मुलुकहरूको सुस्त आर्थिक वृद्धिलाई औंल्याएको छ। यी देशको सुस्त वृद्धिले विप्रेषण आप्रवाह र पर्यटक आगमनमा गिरावट आउन सक्ने सम्भावना रहेको र त्यसले आर्थिक वृद्धिमा चुनौती थप्ने रिपोर्टमा उल्लेख छ। विश्व बैंकले भनेको छ, 'यसैले व्यावसायिक वातावरणमा उल्लेख्य सुधार गरी धेरै निजी लगानी आकर्षित गर्न जरुरी हुनेछ, जसले मध्यकालीन वृद्धिलाई सहायता पुऱ्याउनेछ।'

माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि राष्ट्रिय निर्देशक फरिस हदाद जर्भोसले पुँजीगत खर्च कार्यान्वयनको सबलीकरण, व्यावसायिक मनोबल बढाउनु र नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता सबल बनाउनु आर्थिक वृद्धि र गरिबी न्यूनीकरणको सवालमा महत्त्वपूर्ण रहेको औंल्याएका छन्।

विश्व बैंकले नेपाल डेभलपमेन्ट अपडेट साउथ एसिया डेभलपमेन्ट अपडेटसँग समानान्तर रूपमा तयार गरेको हो। 'उत्थानशीलताका लागि रोजगारी' शीर्षकको अप्रिल २०२४ को यस संस्करणले विश्वका कुनै पनि उदाउँदा बजारहरू र विकासशील मुलुकहरूमध्ये दक्षिण एसियाको वृद्धि सबैभन्दा उच्च देखाएको छ। जुन सन् २०२४ मा ६ प्रतिशत र सन् २०२५ मा ६.१ प्रतिशत हुने अनुमान छ। तर, प्रतिवेदनले यो अनुमान झुक्याउने खालको पनि हुन सक्ने जनाएको छ। धेरै मुलुकहरूको वृद्धि अझै पनि महाव्याधिपूर्वको तहभन्दा अझै कम रहेको र सार्वजनिक खर्चमा बढी निर्भर रहनुपरेको छ। अहिले सबै दक्षिण एसियाली मुलुकहरूमा निजी लगानी वृद्धिमा सुस्तता आएको छ।

'आफ्नो जनसांख्यिक लाभलाई पूर्ण रूपमा उपयोग गर्न दक्षिण एसिया अहिले असफल भएको छ। यो अवसर गुमेको छ,' दक्षिण एसियाका लागि विश्व बैंकको प्रमुख अर्थशास्त्री फ्रान्जिस्का ओह्न्सोर्जले भनिन्, 'यदि यो क्षेत्रले अन्य उदाउँदा बजारहरू र विकासशील अर्थतन्त्रहरूले जस्तै आफ्नो काम गर्न योग्य उमेर समूहको ठूलो जनसंख्यालाई रोजगार बनाउन सकेको भए त्यसको नतिजा १६ प्रतिशतभन्दा बढी हुन सक्थ्यो।' तीव्र रोजगारी सिर्जना गर्न र वृद्धिलाई बढावा दिन साउथ एसिया डेभलपमेन्ट अपडेटले व्यापारमा खुलापनको वृद्धि, व्यावसायिक वातावरण र संस्थाहरूको सुधार, वित्तीय क्षेत्रको प्रतिबन्ध फुकुवा, शैक्षिक सुधार र महिला अधिकारको कानुनी संरक्षणको सुदृढीकरणलगायत नीतिगत सुधारमा जोड दिएको छ। जसले रोजगारी वृद्धि र उत्पादन बढाउन तथा जलवायु अनुकूलनमा सार्वजनिक लगानीका लागि आधार तयार गर्न सहयोग पुऱ्याउने रिपोर्टमा उल्लेख छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

# स्थानीय तहको पैसा निक्षेपमा गणना गर्न नपाइने

## अधिक तरलतापछि सरकारले फिर्ता लियो निक्षेप, प्रणालीबाट ९६ अर्ब बाहिरियो

**काठमाडौं**/ स्थानीय तहको सञ्चित कोषको मौज्दातबाट ६० प्रतिशत रकम वाणिज्य बैंकहरूले निक्षेप गणना गर्न पाउने व्यवस्था हटेको छ। अर्थ मन्त्रालयको निर्देशनमा नेपाल राष्ट्र बैंकले मंगलबार वाणिज्य बैंकहरूबाट निक्षेपमा गणना भएको यस्तो रकम फिर्ता लिएको हो। यसँगै प्रणालीबाट ९६ अर्ब निक्षेप बाहिरिएको केन्द्रीय बैंकका सहायक प्रवक्ता डिल्लीराम पोखरेलले जानकारी दिए। उनले भने, 'सरकारले आफ्नो पैसा जुनसुकै वेलामा फिर्ता लिन पाउँछ। त्यहीअनुसार फिर्ता लिएको हो। बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी पर्याप्त भएकाले फिर्ता लिएको हो।'

केन्द्रीय बैंकका अनुसार आइतबारसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ६२ खर्ब दुई अर्ब थियो। जसमा वाणिज्य बैंकहरूको मात्रै ५४ खर्ब ८९ अर्ब थियो। केन्द्रीय बैंकको तथ्यांकलाई आधार मान्ने हो भने बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन अब ६१ खर्ब ६ अर्ब रुपैयाँ कायम हुनेछ। आइतबारसम्म बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह ५० खर्ब ८७ अर्ब भएको छ। त्यसमध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ४५ खर्ब एक अर्ब कायम छ।

अर्थ मन्त्रालयको वित्तीय क्षेत्र समन्वय महाशाखाका सहसचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा गठित एक अध्ययन समितिले दिएको प्रतिवेदनका आधारमा यस्तो व्यवस्था हटाएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। समितिमा महालेखा नियन्त्रकको कार्यालयका सहमहालेखा नियन्त्रक र नेपाल राष्ट्र बैंकका प्रतिनिधिसमेत थिए। पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले बैंकहरूको लबिङअनुसार स्थानीय तहको मौज्दातमध्ये ६० प्रतिशत निक्षेप गणना गर्न दिने निर्णय गरेका थिए। यद्यपि, उनले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने सर्त राखेर निक्षेप गणना गर्न दिने निर्णय गरेका थिए। गत असारसम्म ८० प्रतिशत मौज्दात रकम निक्षेप गणना गर्न पाइने व्यवस्था थियो। बैंक तथा वित्तीय संस्थाहरूमा लगानीयोग्य रकम थुप्रिँदै जाँदा कर्जा निक्षेपको अनुपात ७९.६४ प्रतिशत कायम भएको छ। अन्तरबैंकिङ कारोबारको ब्याजदरसमेत २.७५ प्रतिशत कायम भएको छ।

२ फागुनयता बैंक तथा वित्तीय संस्थाहरूले आठ खर्ब २५ अर्बबराबरको स्थायी निक्षेप सुविधासमेत लिइसकेका छन्। निक्षेप थुप्रिँदै गएको अवस्थामा केन्द्रीय बैंकमा निक्षेप राख्ने व्यवस्था कायम भएपछि उनीहरूले यस्तो सुविधा लिएका हुन्। केन्द्रीय बैंकका अनुसार गत चैत १८ गते मात्रै ६५ अर्ब ७० करोडको स्थायी निक्षेप सुविधा बैंकहरूले लिएका छन्।

## मार्कीचोक-नयाँ भरतपुर २२० केभी प्रसारणलाइन निर्माण सक्न ताकेता

**काठमाडौं**/ नेपाल विद्युत् प्राधिकरणले मर्स्याङ्दी करिडोर दुई सय २० केभी प्रसारणलाइन आयोजनाअन्तर्गत तनहुँको आँबुखैरनी गाउँपालिकाको मार्कीचोकबाट चितवनको भरतपुर महानगरपालिका आँपटारीस्थित नयाँ भरतपुर सबस्टेसनसम्मको लाइन निर्माण छिटो सम्पन्न गर्न ताकेता गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके सम्मिलित टोलीले प्रसारणलाइन र सबस्टेसन निर्माणको अनुगमन गरी वर्षायामको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाहका लागि मार्कीचोक-नयाँ भरतपुर प्रसारणलाइन महत्त्वपूर्ण रहेकाले निर्माणलाई तीव्रता दिन आग्रह गरेको हो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले मार्कीचोक-नयाँ भरतपुर खण्ड आगामी असारभित्रमा निर्माण सम्पन्न गर्न नसकिएमा दुई-तीन सय मेगावाट विद्युत् प्रवाह गर्न नसकी खेर फाल्नुपर्ने अवस्था आउन सक्ने बताए। घिसिङले चितवनका प्रमुख जिल्ला अधिकारी र डिभिजन वन कार्यालयका प्रमुखलाई फोन गरी वन क्षेत्रको जग्गा प्रयोग र रुख कटानमा स्वीकृति प्रक्रियामा सहजीकरण गरिदिएर महत्त्वपूर्ण प्रसारणलाइनको निर्माण जतिसक्दो छिट्टो सम्पन्न गर्न आवश्यक सहयोग गरिदिन आग्रह गरे।

UMH UNITED MODI HYDROPOWER

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड**

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोनः ०१-४१६५११४, प्याक्सः ०१-४१६५११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/११/२४ गते)
(दोस्रो पटक प्रकाशित मिति २०८०/१२/२१ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/११/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९/८० को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान** :
**मिति** : २०८० चैत्र २९ गते बिहिबार (तद्अनुसार ११ अप्रिल, २०२४)
**समय** : विहान ११:०० बजे।
**स्थान** : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाडौं।

२. **छलफलका विषयहरु** :

क) **सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्बन्धमा।
५. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

ख) **विशेष प्रस्ताव**

१. यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रबर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) (आयोजना) मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने।
२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्बन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

ग) विविध।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

# लगानी सम्मेलनलक्षित कानुन संशोधनमा ढिलाइ

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

लगानी सम्मेलनलक्षित कानुनहरू संशोधन गर्न अस्वाभाविक ढिलाइ भएको छ। सरकारले आगामी वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन गर्दै छ। तर, मिति नजिकिँदै गर्दा संशोधन गर्ने भनिएका ऐनहरूको मस्यौदा संघीय संसद्मा दर्ता नै भएका छैनन्। त्यस्तो विधेयक स्वीकृतका लागि मन्त्रिपरिषद्मा समेत अझै पेस भएको छैन।

कुनै पनि विधेयक संसद्मा पेस गर्नुअघि मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्छ। लगानी सम्मेलन आउन अब २५ दिन मात्रै बाँकी छ। मन्त्रिपरिषद्को स्वीकृत लिने र संसदीय प्रक्रिया पूरा गर्दा यो अवधिमा सम्बन्धित ऐनहरू संशोधन नहुने जोखिम बढेको छ।

सम्मेलनअघि नै लगानीको वातावरण थप राम्रो बनाउने उद्देश्यसहित सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालीन (हाल गृह) सचिव एकनारायण अर्यालको संयोजकत्वमा मंसिर चौथो साता नै नीति, कानुन तथा संरचनागत सुधार कार्यदलले बनाएको थियो। त्यो कार्यदलले लगानी सम्मेलनलाई लक्षित गरेर १० ऐन र दुई विनियमावली संशोधन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन १५ माघमा मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई सुझाव पेस गरेको थियो। त्यसपछि १३ फागुनमा बसेको लगानी सम्मेलन कार्यान्वयन समितिको बैठकले पनि एक महिनाभित्र संसद्मा विधेयक दर्ता गर्ने निर्णय गरेको थियो। त्योअनुसार १३ चैतभित्र नै विधेयक संसद्मा दर्ता हुनुपर्ने हो। तर, अझै त्यो संसद्मा दर्ता भएको छैन।

सुझाव पेस गरेको दुई महिना बितिसक्दा पनि सम्बन्धित ऐनहरूको संशोधित मस्यौदा संसद्मा पुगेको छैन। नियमावली भने मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्ने हुँदा छिट्टै हुन्छ। तर, ऐनमा भने संवेदनशील हुनुपर्ने विज्ञहरू बताउँछन्। अन्तिम समयमा हतारमा काम गर्दा राम्रो सन्देश नजाने भएकाले समयमै ऐनहरू संशोधन गर्नुपर्ने उनीहरूको भनाइ छ।

### ■ के-के भयो प्रगति ?

सुझाव आएपछि लगानी सम्मेलन सम्बन्धित विभिन्न समितिमा छलफल भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सिफारिस भएका ऐनहरू संशोधन गर्ने प्रक्रिया अघि बढाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई जिम्मा दिएको थियो। त्यसपछि मन्त्रालयले सम्बन्धित ऐनहरूको संशोधन गर्नुपर्ने बुँदालाई एकीकृत गरेर 'लगानीमैत्री केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' बनाएर प्रक्रिया अघि बढाएको छ।

> सम्मेलन आउन २५ दिन बाँकी, आन्तरिक तयारीमै बित्दै छ समय

कार्यदलले औद्योगिक व्यवसाय ऐन ०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ०७५, विशेष आर्थिक क्षेत्र ऐन ०७३, वन ऐन ०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन ०२९, भूमिसम्बन्धी ऐन ०२१ संशोधन गर्नुपर्ने प्रस्ताव गरिएको छ। यसैगरी जग्गा प्राप्ति ऐन ०३४, वातावरण संरक्षण ऐन ०७६, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन ०६३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, ०५३ संशोधन गर्न प्रस्ताव गरेको थियो। त्यसमा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन हटाइएको छ। तर, सार्वजनिक-निजी साझेदारी लगानी ऐन, विद्युत् ऐन र विज्ञापन बोर्ड समावेश गरेर संशोधन प्रक्रिया अघि बढाइएको छ।

त्यसअनुसार 'लगानीमैत्री केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' मा १२ वटासम्म ऐनको संशोधित बुँदा समावेश हुनेछ। यद्यपि, यसमा कानुन मन्त्रालयको सहमति प्राप्त हुन बाँकी छ।

यसका लागि अर्थ मन्त्रालयबाट सहमति प्राप्त आइसकेको छ। अब कानुन मन्त्रालयको सहमति प्राप्त भएपछि उक्त विधेयक स्वीकृतका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने तयारी उद्योग मन्त्रालयले गरेको छ।

अन्य मन्त्रालयसँग सम्बन्धित ऐनहरूलाई संशोधन गर्ने प्रक्रिया उद्योग मन्त्रालयले एकीकृत रूपमा अगाडि बढाउन मिल्दैन। तसर्थ, यसमा कानुन मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायसँग सहमति मागेको छ। त्यसछि उद्योग मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायको सहमति लिने प्रक्रिया पनि अघि बढाइसकेको छ, त्यस्ता सहमति प्राप्त भएपछि कानुन मन्त्रालयमा विधेयकको मस्यौदा पेस गर्ने तयारी उद्योग मन्त्रालयले गरेको छ। त्यसपछि कानुन मन्त्रालयले सहमति दिन सक्ने मन्त्रालयका एक उच्च अधिकारीले बताए।

उद्योग मन्त्रालयका सहसचिव जीवलाल भुसालले यसै हप्ता मन्त्रिपरिषद्मा विधेयक पेस गर्ने प्रयास भइरहेको बताए। 'सम्बन्धित निकाय तथा मन्त्रालयहरूले एकीकृत रूपमा कानुन संशोधन गर्ने सहमति दिएपछि कानुन मन्त्रालयमा सहमतिको विधेयक पेस गर्छौं। कानुन मन्त्रालयले सहमति दियो भने स्वीकृतका लागि मन्त्रिपरिषद् पठाउनेछौं,' उनले भने, 'सम्भवतः यो साता नै यसले पूर्णता पाउनेछ। मन्त्रिपरिषद्बाट स्वीकृत भयो भने संसद्मा विधेयक दर्ता हुन्छ।'

मुख्यसचिव डा. वैकुण्ठ अर्याललले पनि केही दिनमै उक्त विधेयक मन्त्रिपरिषद्मा आउने तयारी भएको बताए। साथै, उक्त विधेयक द्रुत गतिमा अघि बढाइने उनको भनाइ छ।

यस्तै, अर्थमन्त्री वर्षमान पुनले पनि संसदीय प्रक्रियाबाट नै कानुन संशोधन हुने बताए। 'संसद्बाटै लगानी सम्मेलनलक्षित कानुन संशोधन गर्ने हो। यदि, संसदीय प्रक्रियाबाट कानुन संशोधन गर्न नभ्याउने अवस्था देखिएमा अन्य कानुनी विकल्पहरू प्रयोग गर्छौं,' उनले भने, 'संसद्बाटै प्रस्तावित विधेयक पारित गर्नुपर्नेमा प्रधानमन्त्रीको पनि जोड छ। तसर्थ, संसदीय प्रक्रियाबाटै उक्त ऐनहरू संशोधन हुन्छ।'

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८०/१२/२१**

यस बैंकको शाखा कार्यालय, बिरगंज बाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

मोती सिहंकी नातीनी, बिकाश सिहंकी छोरी, काठमाण्डौं गा.वि.स/म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. ०६, बस्ने **दिपिका सिहं** ( ना.प्र.नं. २७-०१-७३-०८४३०, जारी मिति २०७३/०५/२६, जिल्ला काठमाडौं)।

**जमानीकताहरुको नाम र ठेगाना**

१. कृष्ण सिंह को नाती, मोती सिहंको छोरा, काठमाण्डौं गा.वि.स/म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. ०६ बस्ने **विकाश सिहं** ( ना.प्र.नं. २७।०६०/१२६४०५, जारी मिति २०७०/१२/१९, जिल्ला काठमाडौं)
२. मोती सिहंकी बुहारी, सुकुदेव राउतकी छोरी, काठमाण्डौं गा.वि.स/म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. ०६ बस्ने **मिना सिहं** ( ना.प्र.नं. २७-०१-७५-०२३६१, जारी मिति २०७५/०२/१५, जिल्ला काठमाडौं)
३. मोती सिहंको नाती, बिकाश सिहंको छोरा, काठमाण्डौं गा.वि.स/म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. ०६, बस्ने **रिपेश सिहं** ( ना.प्र.नं. २७-०१-७३-०८४२९, जारी मिति २०७३/०५/२६, जिल्ला काठमाडौं)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# इलेक्ट्रिक एसयुभी ‘दिपल एस०७’ नेपाल भित्रियो

**नयाँ पत्रिका**




नेपालका लागि चिनियाँ अटो ग्रुप चांगानको अधिकारिक विक्रेता एमएडब्लू वृद्धि अटोकर्पले इलेक्ट्रिक एसयुभी ‘दिपल एस०७’ भित्र्याएको छ। नेपालमै पहिलोपटक कारमाथि ‘थ्री डी म्यापिङ प्रोजेक्सन’ गरी आइतबार साँझ ‘दिपल एस०७’ सार्वजनिक गरियो।

अत्याधुनिक फिचरले सुसज्जित दिपल एस०७ ले इभीको ‘इन्टेलिजेन्ट’ र ‘लक्जरियस’मा नयाँ मापदण्ड स्थापित गर्ने कम्पनीको दाबी छ। कारमा इभी डेडिकेटेड ‘इपिए१ प्लेटफर्म’ र ‘रियर ह्विल ड्राइभ सिस्टम’ छ। ६६.८ किलोवाट आवरको ब्याट्री प्याक रहेको कारले सिंगल चार्जमा चार सय १० किलोमिटरको रेन्ज दिनेछ। दिपल एस०७ मा नेपाल भित्रिएका अन्य इभीमा प्रयोग नगरिएका दर्जनौं नयाँ फिचर रहेका छन्।

कारमा गीत, फोनकल र फोटो खिच्नेलगायत कामका लागि ‘जेस्चर कन्ट्रोल’को माध्यमबाट हातको संकेतबाटै कमान्ड लिन सकिन्छ। यसमा अग्मेन्टेड रियालिटी हेड अप डिस्प्ले रहेको छ, जसले ‘रियल टाइम नेभिगेसन’लगायत अन्य महत्त्वपूर्ण सूचना दिन्छ। यो सिस्टमले ड्राइभिङ सहज मात्र बनाउँदैन, सुरक्षित पनि बनाउँछ। क्याबिनमा रहेको १५.६ इन्चको सनफ्लावर टचस्क्रिन ‘इन्ट्याक्ट’ गर्ने यात्रुतिर आफैं फर्किन्छ।

गाडीमा ‘वेलकमिङ सिट’ छ, जसले चालकको उचाइअनुसार सिटको पोजिसनलाई आफैं मिलाइदिन्छ। अगाडि बनेटमा पनि सामान राख्न मिल्ने १२५ लिटरको स्पेस छ। २० इन्चको टायरले इभीलाई आकर्षक देखाएको छ। नेपालमै पहिलोपटक कुनै पनि इभीमा इको, कम्फर्ट, स्पोर्ट र कस्टमाइज गरी चारवटा ड्राइभिङ मोड रहेको कम्पनीको दाबी छ।

गाडीमा रहेको ‘फ्रेमलेस डोर’ र ‘फ्लस ह्यान्डल’ले थप आकर्षण बढाएको छ। गाडीमा ‘हेडरेस्ट स्पिकर’ र ‘आउटडोर स्पिकर’ गरी १४ वटा सोनी स्पिकर छन्। कारभित्रको वातावरणलाई ‘कस्टमाइज’ गर्न न्याप, क्याम्प, बेबी केयर, म्युजिक लाइट सोजस्ता ‘इन्टेलिजेन्ट सिनेरियो मोड छन्। पछाडिको सिटबाट अगाडिको सिट ‘एड्जस्ट’ गर्न मिल्ने, सनसेटलाई खोल्न र बन्द गर्न मिल्ने टचस्क्रिन पनि छ।

कारमा इन्टरेक्टिभ एडप्टिभ क्रुज कन्ट्रोलसहितको इन्टेलिजेन्ट एडास २.५, ६ एयर ब्याग, अटोमेटिक इमर्जेन्सी ब्रेकिङ, ड्राइवर फ्याटिग मनिटरिङ सिस्टम, सेफ डिस्टेन्स वार्निङ, ट्रान्सपेरेन्ट च्यासिससहितको ३६० क्यामरा, ड्राइभ भिडियो रेकर्डर, डिस्ट्र्याक्स वार्निङलगायत सुरक्षा फिचर छन्।

एमएडब्लू ग्रुपका कार्यकारी निर्देशक विष्णु अग्रवालले दिपल एस०७ एउटा इभी मात्र नभएर नेपालमा इलेक्ट्रिक मोबिलिटीको भविष्य कस्तो हुन सक्छ भन्ने दृष्टान्त भएको बताए।

उनले भने, ‘हामीले नेपालमा पहिले कहिल्यै नदेखिएको र अनुभव नगरिएको इन्टेलिजेन्स र इनोभेसनले भरिएको कार ल्याएका छौं।’ नेपाली बजारमा दिपल एस०७ को सुरुवाती मूल्य ७२ लाख रुपैयाँ तोकिएको छ। यो कार ६ आकर्षक कलरमा उपलब्ध छ।

## एनसेल बन्यो आरएनजिसी स्क्र्याम्बल गल्फ प्रतियोगितामा तेस्रो रनरअप

**काठमाडौं**/ एनसेलले शनिबार काठमाडौंको रोयल नेपाल गल्फ क्लबमा सम्पन्न आरएनजिसी स्क्र्याम्बल गल्फ प्रतियोगितामा तेस्रो रनरअपको उपाधि जितेको छ। प्रो सञ्जय लामाको नेतृत्वमा रहेको एनसेल ‘ए’ टोलीले १२ अन्डर स्कोर गर्दै तेस्रो रनरअप अर्थात् चौथो स्थान हासिल गरेको हो।
यस एकदिवसीय प्रतियोगितामा कुल २९ कर्पोरेट हाउसका सहभागीले प्रतिस्पर्धा गरेका थिए। प्रत्येक टोलीमा एक व्यावसायिक गल्फर र तीन एमेच्योर गल्फर रहेका थिए र प्रतियोगिता १८ होलमा खेलाइएको थियो। एनसेल ‘ए’ समूहमा व्यावसायिक गल्फर सञ्जय लामासहित तीन एमेच्योर गल्फर रहेका थिए। लामाले तेस्रो रनरअप बनेकोमा १० हजार नगद पुरस्कार जितेका थिए।
त्यस्तै, अर्को व्यावसायिक गल्फर सन्तोष रोक्काको नेतृत्व रहेको कैलाश हेलिकोप्टरको समूहले प्रतियोगिताको उपाधि जित्न सफल भएको थियो। रोक्काले ५० हजार रुपैयाँ जिते। मातृका आई उपविजेता बनी ३० हजार रुपैयाँ पुरस्कार जितेका थिए। त्यसैगरी, व्यावसायिक गल्फर भीमसेन चौलागाईंको नेतृत्वमा रहेको सपोर्ट नेपाल दोस्रो रनरअप बनेको थियो। चौलागाईंले २० हजार रुपैयाँ पुरस्कार जितेका थिए।

## ग्लोबल आइएमई र अलोईबीच सम्झौता

**काठमाडौं**/ ग्लोबल आइएमई बैंक लिमिटेडले ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न अलोई प्राइभेट लिमिटेडसँग सम्झौता गरेको छ।

यस सम्झौतापछि बैंकले अलोईको कर्जा अनुगमन प्रणालीलाई प्रयोग गरी विभिन्न क्षेत्रका कर्जासँग सम्बन्धित सेवाको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्नेछ। यस समझदारीले वातावरणमैत्री क्षेत्रमा कर्जा प्रवाह र प्रवर्द्धन गर्न थप मद्दत पुग्ने विश्वास बैंकले लिएको छ।

## मन्जुश्रीलाई ‘बेस्ट म्यानेज्ड फाइनान्स कम्पनी अवार्ड’

**काठमाडौं**/ मन्जुश्री फाइनान्स लिमिटेडले ‘बेस्ट म्यानेज्ड फाइनान्स कम्पनी अफ द इयर २०२४ अवार्ड’ पाएको छ। कम्पनीले न्यु बिजनेस एज ग्रुपले आयोजना गरेको आठौं न्यु बिबज बिजनेस कन्क्लेभ एन्ड अवार्डसूमा उपाधि पाएको हो।

सर्वाधिक ब्याजदर तथा उच्च सेवा पुर्‍याउँदै आएकाले उपाधि पाउन सफल भएको कम्पनीको भनाइ छ। हाल कम्पनीले २७ वटा शाखामार्फत सेवा दिँदै आएको जनाएको छ।

## नेपाल टेलिकमले सुरु गर्‍यो आलाकार्टा प्रणाली

**काठमाडौं**/ नेपाल टेलिकमले आलाकार्टा प्रणाली सुरु गरेको छ। कम्पनीले सञ्चालन गरेको आइपी टिभी (एनटी टिभी)मा ग्राहकले आफूले हेर्न चाहेको टेलिभिजन च्यानलको मात्र शुल्क तिर्न मिल्ने गरी यो प्रणाली लागू गरेको जनाएको छ।

यससँगै अब ग्राहकले बेसिक प्याकेज, प्रिमियम प्याकेज या आवश्यकताअनुसार बुकेट प्याकेजमा थप गरी प्याकेज खरिद गर्न सकिने कम्पनीले जनाएको छ। बेसिक प्याकेज लिएका ग्राहकले आफ्नो आवश्यकताअनुसार बुकेट प्याकेज खरिद गर्न सक्नेछन्।

आलाकार्टा प्रणालीअन्तर्गत ग्राहकले मासिक स्टार बुटेक प्याकेजको ६५ रुपैयाँ र ६ महिनाको एक सय ९५ रुपैयाँ तिर्नुपर्नेछ। त्यस्तै, मासिक प्याकेजमा न्यूनतम दुई रुपैयाँ र अधिकतम एक सय ७५ रुपैयाँ पर्नेछ। त्यस्तै, ६ महिने प्याकेजमा न्यूनतम ६ रुपैयाँ र अधिकतम पाँच सय २५ रुपैयाँ पर्ने कम्पनीले जनाएको छ।

त्यसैगरी, सुरुको तीन महिनाभित्र सबै प्रिमियम प्याकेजसहित वार्षिक प्याकेज लिँदा प्रतिमहिना तीन सय ६० रुपैयाँका दरले तिर्दा हुनेछ। वार्षिक प्याकेज लिँदा ५० एमबिपिएसको १२ हजार रुपैयाँ, १०० एमबिपिएसको १४ हजार नौ सय ९९ रुपैयाँ, १५० एमबिपिएसको १६ हजार चार सय ९९ रुपैयाँ र २०० एमबिपिएसबराबरको १९ हजार नौ सय ९९ रुपैयाँ तिर्नुपर्ने कम्पनीले जनाएको छ।

## जिडब्लुएमका गाडीमा ‘सानदार नववर्ष २०८१’ अफर




**काठमाडौं**/ लोकप्रिय ब्रान्ड जिडब्लुएमको नेपालका लागि आधिकारिक वितरक भिजी इम्पेक्स प्रालिले नेपाली नयाँ वर्ष २०८१ को अवसरमा आकर्षक ‘सानदार नववर्ष २०८१’ योजना ल्याएको छ।

यो योजना जिडब्लुएमका लोकप्रिय मोडेल हाभल-एच सिक्स, जोलायन, इलेक्ट्रिक ओरा-०३ र पावर पिकअप गाडीमा रहेको कम्पनीले जनाएको छ।

यो योजनामार्फत ग्राहकले विशेष लाभ पाउने कम्पनीले जनाएको छ। ओरा-०३ इभीमा भारी नगद छुट, फ्री एसेसरिज, एक वर्षसम्मको व्यापक बिमा र फास्ट चार्जरसहित पाँच लाख रुपैयाँसम्मको फाइदा पाउनेछन्। त्यस्तै, हाभलका एच सिक्स र जोलायनमा ८.५ लाखसम्मको फाइदासहित नगद छुट, एक वर्षसम्मको व्यापक बिमा, एक्सचेन्ज बोनस र फ्री एसेसरिज साथै पावरमा १० लाखसम्मको फाइदासहित इलेक्ट्रिक सनरुफ, लेदर सिट्स, सिक्स एयरब्याग र रिभर्स पार्किङ क्यामरा समावेश छन्।

जिडब्लुएम नेपालले अटोमोटिभ उत्साहीलाई उनीहरूको ड्राइभिङ अनुभवलाई खास बनाउने यो योजना ल्याएको बताइएको छ। यसमा प्रभाव र लक्जरीका फाइदा ल्याउने विशिष्ट सम्झौताका साथ यो नयाँ वर्ष विशेष बनाउने मौका प्रदान गरेको छ। ग्राहकले जिडब्लुएमको सोरुममा गई टेस्ट ड्राइभसमेत गर्न सक्ने कम्पनीले जनाएको छ।

## रिलायन्स फाइनान्सले दियो टेलिभिजन




**काठमाडौं**/ रिलायन्स फाइनान्स लिमिटेडले अर्बुद रोगसम्बन्धी स्वास्थ्य संस्थालाई सहयोग गरेको छ। फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल अर्बुद रोग निवारण संस्था काभ्रे शाखा कार्यालय र शिर मेमोरियल अस्पतालको समन्वयमा सञ्चालन गरेको क्यान्सर केयर सेन्टरमा भर्ना भएका बिरामीका कुरुवाका लागि आवश्यक पर्ने टेलिभिजन सेट हस्तान्तरण गरेको हो।

फाइनान्सका अध्यक्ष कुशप्रसाद मल्लीले नेपाल अर्बुद रोग निवारण संस्था काभ्रे शाखा कार्यालयका अध्यक्ष नेपाल सुधार भैललाई टेलिभिजन सेट हस्तातरण गरेको जनाइएको छ। उक्त कार्यक्रममा संस्थाका सञ्चालकहरू सुरकृष्ण वैद्य, तुल्सीप्रसाद बराल, ईश्वरीप्रसाद नेउपाने, प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र उपप्रमुख कार्यकारी अधिकृत रामहरि आचार्यको उपस्थित रहेको फाइनान्सले जनाएको छ।

फाइनान्सले हाल देशका प्रमुख सहरमा २१ वटा शाखा कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

## प्रभु महालक्ष्मी इन्स्योरेन्सको ब्रान्ड एम्बासडरमा गजुरेल

**काठमाडौं**/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले ब्रान्ड एम्बासडरमा कलाकार मनोज गजुरेललाई नियुक्त गरेको छ। मंगलबार एक कार्यक्रम आयोजना गर्दै कम्पनीले सम्झौतापत्रमा हस्ताक्षर गरेको छ। हाललाई यो सम्झौता एक वर्ष कायम रहने कम्पनीले जनाएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले कला र हास्यव्यंग्य क्षेत्रका नक्षत्रलाई प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको ‘ब्रान्ड एम्बासडर’ नियुक्त गर्न पाउँदा निकै गौरवान्वित भएको बताए। कलाकार गुजेरलसँगको आबद्धताले कम्पनीको प्रचारप्रसारमा विशेष उचाइ लिने विश्वास व्यक्त गरे।



त्यस्तै, नवनियुक्त ब्रान्ड एम्बासडर गजुरेल जीवन बिमाजस्तो पवित्र कार्यमा कम्पनीसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे। सम्झौतापछि गजुरेलले प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका सेवाको प्रचारात्मक कार्य, कर्पोरेट ब्रान्ड प्रवर्द्धन तथा संरक्षण, सभा-गोष्ठीलाई सम्बोधनसम्बन्धी कार्य गर्ने बताइएको छ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ**
**फोन: ०१-४४२१८६१/६२/६३**

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०१/०५ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय विराटनगर, मोरङबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानीकर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः रंजित कुमार राजवंशी**<br>बाबुको नाम : विसम लाल राजवंशी<br>बाजेको नाम : लवन सिंह राजवंशी<br>ठेगाना : गोविन्दपुर-९, मोरङ्ग<br>हाल : सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं. : ०५२०१२-१३३<br>जारी गर्ने कार्यालय : जि.प्र.का.मोरङ्ग, रंगेली<br>जारी मिति : २०६५/०७/२५<br>**कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**<br>**कर्जा लिएको शाखा : विराटनगर, मोरङ**<br><br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : विसम लाल राजवंशी**<br>बाबुको नाम : लवन सिंह राजवंशी<br>बाजेको नाम : अमर लाल राजवंशी<br>ठेगानाः गोविन्दपुर-९, मोरङ, हालः सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं. : ५१८०७, जारी मिति : २०३५/१०/१३<br>जारी गर्ने कार्यालय : जि.का., मोरङ<br>**ख) नाम : इन्द्रवती राजवंशी**<br>बाबुको नाम : मुनीलाल राजवंशी<br>पतिको नामः विसम लाल राजवंशी<br>ससुराको नाम : लवनसिंह राजवंशी<br>ठेगानाः दर्वेशा-८, मोरङ, हालः सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं. : ७८९/१९९, जारी मिति : २०४५/०२/०१<br>जारी गर्ने कार्यालय : जि.प्र.का, मोरङ | **ग) नाम : देव कुमार राजवंसी**<br>बाबुको नाम : विसम लाल राजवंसी<br>बाजेको नाम : लवन सिंह राजवंशी<br>ठेगानाः गोविन्दपुर-९, मोरङ, हालः सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं.: १३३८४/१९०, जारी मितिः २०५९/०२/२३<br>जारी गर्ने कार्यालय : जि.प्र.का.मोरङ<br><br>**घ) नाम : सर्वोच्च कुमार राजवंशी**<br>बाबुको नाम : विसम लाल राजवंशी<br>बाजेको नाम : लवन सिंह राजवंशी<br>ठेगानाः गोविन्दपुर-९, मोरंग, हालः सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं.: ०५१५९२६/१९२, जारी मितिः २०६०/०३/२५<br>जारी गर्ने कार्यालय : जि.प्र.का.मोरङ्ग<br><br>**ङ) नाम : अम्विका कुमारी राजवंशी**<br>बाबुको नाम : गणेश राजवंशी<br>पतिको नामः देव कुमार राजवंशी<br>ससुराको नाम : विसम लाल राजवंशी<br>ठेगानाः सुनवर्षी-४, मोरङ्ग, हालः सूनवर्षी-०६, मोरङ्ग<br>ना.प्र.नं.: ०५-०२-७४-०११०१<br>जारी मितिः २०७४/०२/२१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग, रंगेली |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीमा रंजित कुमार राजवंशीको नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला, अमहिवेल्हा वडा नं. ७ स्थित कि.नं. ४६४ को क्षेत्रफल ५१८९.६५ वर्ग मिटरको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०९८-९३०७४०१०५०१०१ को “SDBL– Other Non-Operating Income” मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०९८-९२०६५०१०७०५०१ को “SADBL – Auction Deposit (Lilami)” मा Manager’s Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र शाखा कार्यालय विराटनगर, मोरङमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावे ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/२१ गते

यस माछापुच्छ्रे बैंक लि. बौद्ध शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **आर एम टि ट्रेड लिंक एण्ड सप्लायर्स।**
प्रा.फ.र.नं. १४२४९९/०७५/७६, दर्ता मिति : २०७५/०४/०६, पान नं. ६०८०३७७६१, दर्ता मिति : २०७५/०४/०७
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २४, रञ्जना गल्ली, **प्रोप्राईटर : रामेश्वर अधिकारी**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. रामेश्वर अधिकारी**<br>ना.प्र.नं. १७६५, जि.प्र.का. चितवन<br>जारी मिति : २०४६/१०/२१<br>बाबु : ऋषिराम अधिकारी, बाजे : खड्ग अधिकारी<br>ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९ | **२. मधुसुदन अधिकारी**<br>ना.प्र.नं. ३५३५/०३५, जि.प्र.का. चितवन<br>जारी मिति : २०४८/०६/०८<br>बाबु : ऋषिराम अधिकारी, बाजे : खड्ग अधिकारी<br>ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९ |
| **३. त्रिलोचन अधिकारी**<br>ना.प्र.नं. ३५३६/०३४, जि.प्र.का. चितवन<br>जारी मिति : २०५३/०१/०३<br>बाबु : ऋषिराम अधिकारी, बाजे : खड्ग अधिकारी<br>ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९ | **४. ऋषिराम अधिकारी**<br>ना.प्र.नं. ४०१०, जि.प्र.का. चितवन<br>जारी मिति : २०४३/०८/२३<br>बाबु : खड्ग अधिकारी, बाजे : रामकृष्ण अधिकारी<br>ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९ |
| **५. अभिलाषा पण्डित**<br>ना.प्र.नं. ३३०२७, जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/०८/०७<br>बाबु : बद्री नारायण पण्डित<br>पति : त्रिलोचन अधिकारी, ससुरा : ऋषिराम अधिकारी<br>ठेगाना : चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ७ | **६. शोभा अधिकारी खनाल**<br>ना.प्र.नं. ०४७८९१, जि.प्र.का. चितवन<br>जारी मिति : २०६६/०८/१५<br>बाबु : ध्रुवलाल खनाल<br>पति : मधुसुदन अधिकारी, ससुरा : ऋषिराम अधिकारी<br>ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९ |

**७. लक्ष्मी अधिकारी**
ना.प्र.नं. ६१४२/६८, जि.प्र.का. चितवन, जारी मिति : २०५२/०७/२७
बाबु : गणेश प्रसाद दाहाल, पति : रामेश्वर अधिकारी, ससुरा : ऋषिराम अधिकारी
ठेगाना : चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ९

**धितोमा रहेको सम्पतिको विवरण**

१. रामकृष्ण अधिकारीको नाति, खड्ग अधिकारीको छोरा, चितवन जिल्ला, मंगलपुर गा.वि.स. वडा नं. ०९ बस्ने ऋषिराम अधिकारीको नाममा मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, शारदानगर वडा नं. ०९ स्थित कि.नं. ३१८, ९९३ र १२९६ को क्षेत्रफल क्रमशः ०-५-९१/२ (वि.क.धु.), ०-१४-७१/२ (वि.क.धु.) र ३३८.६३ (व.मि.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत।
२. आर एम टि ट्रेड लिंक एण्ड सप्लायर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, बौद्ध

## पालुङ बचत तथा ऋण सहकारी संस्था लि.का ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/१२/२१

यस पालुङ बचत तथा ऋण सहकारी संस्था लि.का संचालक र कर्मचारीहरु उपर संस्थाका शेयर सदस्यहरुले दिएको जाहेरी बमोजिम अनुसन्धान भई चलेको ठगी मुद्दा हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको छ। मिति २०८० पुष २६ गतेका दिन सर्वोच्च अदालतबाट मिलापत्रको लागि आदेश भएकोले सो आदेश समेतलाई मध्यनजर गरी मिलापत्र प्रयोजनमा लागि र यस संस्थाले प्रवाह गरेको ऋणहरु समेत सो मुद्दाका जाहेरवाला लगाएत शेयर सदस्यहरुबाट संकलित निक्षेप भएको हुँदा जाहेरवालाहरु र अन्य शेयर सदस्यहरुको निक्षेप रकम फिर्ता गर्ने प्रयोजनका लागि संस्थाले प्रवाह गरेको ऋण चुक्ता गर्न प्रयोजनका लागि यो सूचना प्रकाशन मितिले १५ दिन भित्र यस संस्थाको तपशिलमा उल्लेखित ठेगाना र सम्पर्क व्यक्तिहरुलाई सम्पर्क गरी लिएको ऋण र सो मा लाग्ने ब्याज समेत जोडी चुक्ता गर्न आउनुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्यथा कर्जा असुल गर्न प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध गर्दछौं।

**सम्पर्क कार्यालय : थाहानगरपालिका वडा नं. ? फाँट बजार**

| संयोजक तदर्थ समिति : | सदस्य | सदस्य | सदस्य |
|---|---|---|---|
| **सुरेन्द्र बस्नेत** | **मनोहर बस्नेत** | **मिन ब. बस्नेत** | **राजेश बस्नेत** |
| ९८६२०९७६७० | ९८४५८००४१८ | ९८५१३३९५०९ | ९८४५०७२३४२ |

## आत्महत्या...

पृष्ठ १ बाट क्रमशः

भने मुस्किल पर्ने गरेको छ । यस्ता अधिकांश मुद्दामा अभियुक्तले सफाइ पाउन गरेका छन् ।

पाँच वर्षअघि जारी भएको मुलुकी अपराध संहिताले आत्महत्या दुरुत्साहनलाई पनि कसुर मानेको छ । मुलुकी अपराध संहिताको दफा १८५ मा आत्महत्या गर्न वा दुरुत्साहन दिन नहुने उल्लेख छ । उपदफा (१) मा 'कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन' नहुने व्यवस्था छ भने (२) मा यस्तो गरेमा कसुरदारलाई पाँच वर्षसम्म कैद तथा ५० हजार रुपैयाँसम्म जरिवानाको सजाय हुन सक्ने उल्लेख छ ।

दाइजो निहुँमा मानसिक-शारीरिक यातना दिई मर्न बाध्य बनाउने, बुहारी वा श्रीमतीलाई घरमा यातना दिनेजस्ता घटना बढिरहेका बखत त्यसलाई रोक्न कानुनमा दुरुत्साहनसम्बन्धी व्यवस्था गरिएको नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मी बताउँछन् । तर, आत्महत्याको घटनासँगै ठोस प्रमाण नभई प्रतिवादी बनाई दुरुत्साहनको मुद्दा संख्या पनि बढ्दै गएको उनको भनाइ छ । यद्यपि, यसमा कसुर पुष्टिको अवस्था निकै न्यून छ ।

संहिता लागू भएको पहिलो वर्ष ०७५/७६ मा देशभरका जिल्ला अदालतमा जम्मा ९५ वटा आत्महत्या दुरुत्साहनका मुद्दा परेको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा उल्लेख छ । जसमध्ये ३१ प्रतिशत फर्स्योट भएकोमा त्यसमध्ये ३३ प्रतिशत मुद्दामा कसुर ठहर हुने फैसला भएको छ । यसपछिका वर्षमा क्रमशः दुरुत्साहनको मुद्दा बढ्दै गएको देखिन्छ । ०७७ देखि ०७९ सम्म तीन वर्षको तथ्यांक हेर्ने हो भने आत्महत्या दुरुत्साहनको कसुर ठहर दर क्रमशः २९, ३७ र २५ प्रतिशत छ । आधा मुद्दामा पनि कसुर कायम भएको देखिँदैन ।

नायब महान्यायाधिवक्ता रेग्मीका अनुसार आत्महत्याबाहेकको विकल्प नै नछाडेको वा पटक-पटक आत्महत्या गर्न बाध्य बनाउने किसिमले अभिव्यक्ति दिएको, गाली-गलौज गरेको पुष्टि नभएसम्म अदालतले कसुर कायम गर्दैन । अधिकांश अवस्थामा अभियोगपत्रसाथ यस्ता बलिया प्रमाण पेस भएका हुँदैनन् ।

'हामीकहाँ कस्तो हुन्छ भने उजुरी लिएर आउनेलाई आफ्नो मान्छेको मृत्युको पीडा हुन्छ । यस्तोमा ठोस प्रमाण नभए पनि किटानी जाहेरी दिन्छन् र मुद्दा अदालतसम्म पुग्छ,' रेग्मीले भने, 'विद्यालयमा आत्महत्या गरे शिक्षक/प्रधानाध्यापक, होस्टेलमा गरे वार्डेन, अफिसमा गरे हाकिम, घरमा गरे सासू-श्रीमान्‌लाई प्रतिवादी बनाएको पाइन्छ । सुसाइड नोटमै नाम मात्र राखेर आरोप लगाइदिएकै भरमा अदालतले त्यसलाई प्रमाण मान्दैन ।' छिमेकी भारतकै अभ्यास हेर्ने हो भने पनि दुरुत्साहन दिएको बलियो आधारविना कसुर पुष्टि नहुने रेग्मीको भनाइ छ ।

अदालतहरूले वादी पक्षबाट पेस बयानका मात्र आधारमा कसुर स्थापित गर्दैनन् । मृतकलाई आत्महत्या गर्ने मौखिक आदेश दिने वा आत्महत्या गर्न सहयोग वा षड्यन्त्र देखिए, प्रत्यक्ष-अप्रत्यक्ष मानसिक वा शारीरिक पीडा दिई आत्महत्याबाहेक विकल्प नछाडेको अवस्था देखिएमा मात्र प्रमाणका रूपमा ग्रहण गर्ने गरेको देखिएको छ ।

अर्घाखाँचीकै फैसलामा हेर्ने हो भने पनि आत्महत्या मानसिक समस्या, विभिन्न किसिमका यातना, लामो समयदेखिको शारीरिक वा मानसिक पीडा वा बिमारी, आर्थिक समस्या, एक्लोपना, असफलता, लागुऔषधको लत, गर्भावस्था वा सोपश्चात् हुने डिप्रेसन, जबर्जस्ती विवाह वा अन्य ट्रमाजस्ता कमजोर मनस्थितिको उपजबाट हुने भन्दै दुवै प्रतिवादीलाई सफाइ दिएको थियो । जिल्ला अदालत मोरङले पनि मुखियालाई सफाइ दिने आधार अपर्याप्त प्रमाणलाई नै लिएको देखिन्छ । न्यायाधीश शिशिरराज ढकालको इजलासबाट भएको फैसलामा भनिएको छ, '... प्रतिवादीले गरेको कुनै कार्यले मृतकलाई प्राण त्याग गर्नुबाहेक अन्य विकल्प नरहने अवस्था सिर्जना गरी मृतकलाई आत्महत्या गर्ने परिस्थिति सिर्जना गरेको देखिनुपर्छ । ... प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई आत्महत्या गर्नका लागि सल्लाह दिएको वा सो कार्य गर्न मृतकको मनोबल बढाउने कार्य गरेको अवस्था देखिँदैन । ...निजले (प्रतिवादीले) मृतकसँग मादक पदार्थ सेवन गरी झगडा कुटपिट गरेको भन्नेसम्म देखिन्छ । मादक पदार्थ सेवन गरी झगडा कुटपिट गरेको कुरालाई आत्महत्या दुरुत्साहन गरेको भन्न मिल्दैन ।'

ठोस प्रमाण नहुँदा र कतिपय अवस्थामा कागज र बयानसमेत नहुँदा प्रायः आत्महत्या दुरुत्साहनको मुद्दामा प्रतिवादीले सफाइ पाउने गरेका छन् । एक कानुन व्यवसायी भन्छन्, 'आत्महत्या पछाडिको कारण कोही हुनु र आत्महत्याको दुरुत्साहन गर्नु फरक कुरा हुन् । हाम्रोमा कारण कोही देखियो कि उसैलाई प्रतिवादी बनाइदिन्छन् । कतिपय अवस्थामा यो कानुनी व्यवस्थाको दुरुपयोग भइरहेजस्तो पनि देखिन्छ ।'

केही अपराधमा भने अदालतमा ठोस प्रमाणका कारण पुष्टि पनि भएका छन् । सुसाइड नोट वा रेकर्डिङलाई अदालतले प्रमाणका रूपमा लिए पनि ती मृत्युकालीन घोषणा हो वा होइन भन्ने कुरा स्पष्ट हुनुपर्छ । कसैलाई फसाउने नियतले नभई वास्तवमै आत्महत्याका लागि कसैले दुरुत्साहन गरेकोमा मात्र अभियोग पुष्टि हुन्छ ।

गत २६ माघमा कैलाली जिल्ला अदालतले दार्चुलाकी राजेश्वरी डडालको आत्महत्या दुरुत्साहनमा जगदीशसिंह कोठ्वारीलाई चार वर्ष कैद र ४० हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको थियो । डडालले ६ भदौमा आत्महत्या गरेकी थिइन् । जसपछि मुद्दा चलेकोमा न्यायाधीश प्रदीपकुमार उपाध्यायको इजलासले कसुर ठहरको फैसला गरेको थियो । यसको पूर्णपाठ तयार भइसकेको छैन ।

## मुख्य बिचौलिया...

पृष्ठ १ बाट क्रमशः

केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टंक गुरुङ, रामशरण केसी र गोविन्द चौधरीसहित १६ जना पक्राउ परेका थिए । १४ जनालाई फरार प्रतिवादी बनाइएकामा उनीहरूमध्ये केही अझै फरार छन् ।

बिचौलिया झाका बारेमा प्रहरीले अन्तिममा मात्र जानकारी पाएको थियो । त्यतिवेला उनको ठेगाना प्रस्ट नहुँदा प्रहरीले प्रतिवादी बनाएको छैन । काठमाडौंको बानेश्वरमा घर भएका उनी ठूला ठेक्कापट्टामा संलग्न थिए । मूलतः भारतीय नागरिक रहेका उनले पर्साबाट नेपाली नागरिकता लिएका छन् । कांग्रेस नेताहरूको आडमा उनले नेपालमा ठेक्कापट्टाको काम गर्दै आएको र बिचौलियाको धन्दामा पनि संलग्न रहने गरेको खुलेको थियो । उनी पक्राउ नपर्दा उच्च तहका व्यक्तिसम्म प्रहरी पुग्न नसकेको हो । पहिलो चरणको अनुसन्धानमा प्रमाण नपुगेका व्यक्तिमाथि दोस्रो चरणमा अनुसन्धान गर्ने बताएको थियो । प्रतिवादीले नाम लिएका, तर अन्य प्रमाण नभेटिएका केही उच्च पदस्थमाथि पनि प्रहरीबाट थप अनुसन्धान हुन सकेको छैन ।

### पूरक अनुसन्धानमा बयान फेरियो

मुद्दा दायर भइसकेपछि साउनको अन्तिम साता १८ जना पीडितले पूरक जाहेरी दिएका थिए । गत कात्तिकमा प्रहरीले त्यसउपर पूर्वसांसद आङ्टावा शेर्पा तथा बिचौलियाहरू केशव दुलाल र सानु भण्डारीलगायतको बयान लिइसकेको छ । जसमा पहिलेभन्दा उनीहरूको बयान फेरिएको छ ।

विगतमा उनीहरूले यसमा सघाउने नेता तथा कर्मचारीको नाम लिएकामा यसपटक इन्कारी बयान दिएका छन् । जसका कारण पनि अनुसन्धानमा प्रहरीले प्रगति गर्न सकेको छैन । जिल्ला प्रहरी परिसर, काठमाडौंले यसमा अनुसन्धान गरिरहेको छ । हदम्याद सकिन लागेकाले परिसरले अनुसन्धानलाई तीव्रता दिने तयारी गरेको छ ।

हदम्याद सकिन लागे पनि यो मुद्दाको विषयमा प्रहरीले गृह मन्त्रालयलाई समेत ब्रिफिङ गरेर विस्तृत अनुसन्धान अघि बढाउने तयारी गरेको छ । तर, बिचौलियालाई मुख्य नेतृत्वले प्रभावमा पारेर आफूहरूविरुद्ध बयान नदिन फकाइसकेको स्रोतको दाबी छ । यस प्रकरणमा सरकारी वकिल कार्यालयले सरकारी पदमा रहेकामाथि भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरमा समेत अनुसन्धान गर्न सिफारिस गरेकामा त्यससम्बन्धी अनुसन्धान पनि सुस्त छ ।

### पीडितहरू गृह मन्त्रालय पुगेर भने- असुरक्षित भयौं

नक्कली भुटानी शरणार्थी प्रकरणका पीडितहरूले आफूहरूमाथि अभियुक्तहरूबाट धम्की आइरहेको बताएका छन् । गत १४ चैतमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई भेटेर पक्राउ परेर छुटेका केही अभियुक्तले धम्की दिएको गुनासो गरेका हुन् ।

गृह मन्त्रालय स्रोतका अनुसार यसमा संलग्न थप व्यक्तिहरूमाथि अनुसन्धान नभएकामा समेत उनीहरूले चिन्ता व्यक्त गरेका थिए । फोन गर्ने तथा पिछा गर्ने भएकाले घरबाटै निस्कनसमेत डराउने अवस्था आएको पीडितहरूको भनाइ थियो । जवाफमा गृहमन्त्री लामिछानेले यस प्रकरणमा विस्तृत अनुसन्धान गरिने आश्वासन दिएका छन् ।

जिल्ला अदालतले थुनामा पठाएका पूर्वमन्त्री खाण, उनका पिए रहेका नरेन्द्र केसी, हज कमिटीका अध्यक्ष शमशेर मियाँ, शरणार्थी नेता टेकनाथ रिजाल उच्च अदालतको आदेशमा धरौटीमा छुटेका छन् । टोपबहादुर रायमाझीलगायत थुनामा रहेकाहरू त्यसविरुद्ध सर्वोच्च पुगेका छन् । मियाँ त हाल हज कमिटीकै अध्यक्षका रूपमा काम गरिरहेका छन् । खाणलगायत छुटेका अभियुक्तविरुद्ध सरकारी वकिल कार्यालय सर्वोच्च गएको छैन । मुख्य अभियुक्तहरू नै छुटेका र थप नेताहरूमाथि अनुसन्धान हुन नसकेको भन्दै पीडितहरूले गृहमन्त्रीलाई गुहार्न पुगेका हुन् ।

## वैदेशिक अध्ययनमा...

पृष्ठ १ बाट क्रमशः

पोखेलका अनुसार गत वर्षभन्दा यस वर्ष विदेश जाने विद्यार्थीको संख्या बढी छ । सोही कारण बिदेसिने मुद्रा पनि बढेको हो । 'गत वर्षको सात महिना र चालू आवको सात महिनासम्मको तथ्यांकलाई तुलना गर्दा ५२.३ प्रतिशत बढी रकम बाहिरिएको छ । यो वर्ष धेरै रकम बाहिरिने अनुमान छ,' उनले भने ।

उनले अध्ययनका लागि विदेश गएका विद्यार्थीबाट सुरुको समयमा मुद्रा बाहिरिए पनि सो मुद्रा रेमिटरयान्सको माध्यम हुँदै फिर्तासमेत हुने गरेको बताए । विद्यार्थीले पढ्दै कमाउँदै गरेको पैसा रेमिट्यान्समार्फत पठाउने भएकोले बिदेसिएको रकमले खासै अर्थ नराख्ने सहप्रवक्ता डा. पोखेलको भनाइ छ । 'विश्वव्यापीकरणको यो समयमा मुद्रा र जनशक्ति बिदेसिनु ठूलो विषय होइन, तर रेमिट्यान्स पनि बढ्नुपर्‍यो,' उनले भने ।

पछिल्लो फागुनभरि र चैत्र महिनाको १५ गतेसम्म कति रकम बाहिरियो भन्ने तथ्यांक राष्ट्र बैंकले अझै तयार पारेको छैन । तर, औसतमा हेर्दा प्रतिमहिना ९/१० अर्ब रकम विद्यार्थीबाट बाहिरिने गरेको राष्ट्र बैंकको आकलन छ । राष्ट्र बैंकले अध्ययनमा गएका विद्यार्थीबाट फागुनमा कति मुद्रा बाहिरियो भन्ने तथ्यांक केही दिनमै सार्वजनिक गर्ने सहप्रवक्ता डा. पोखेलले बताए ।

दुई साताअघिसम्म एनओसी कार्यालयका सेवाग्राहीको अत्यधिक भिडभाड थियो । समयमै एनओसी लिन नपाएपछि विद्यार्थी तनावमा हुन्थे । तर, एक सातायता भने कार्यालयको सेवा प्रवाहमा सुधार आएको छ ।

## संस्थापन...

पृष्ठ १ बाट क्रमशः

बुधबार २ बजे बस्ने गरी बैठक टुंगिएको छ,' उनले भने, 'आकांक्षी सातजना भएकाले एकजनाको पक्षमा निर्णयमा पुग्दा अरू साथीहरूलाई पनि बोलाएर छलफल गरेर सम्झाएर मात्र टुंगोमा पुगौं भन्ने भएकाले छलफल लम्बिएको हो ।'

जिल्लाबाट डम्बर खड्का, नगेन्द्र कुमाल, केशव थापा, भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम सिफारिस भएको थियो । उनीहरूमध्ये देउवा खेमाले पुरानै उम्मेदवार दोहोऱ्याउने अडान राखेको छ भने शर्मासहित शेखर कोइरालाले जिल्लाको वस्तुस्थिति र प्रतिवेदनअनुसार आचार्यलाई टिकट दिँदा मात्र चुनाव जित्ने जिकिर गरेका थिए । सभापति देउवाले भने खड्कालाई नै टिकट दिने, तर अरूलाई पनि मनाउन कोसिस गर्ने मनस्थिति बनाएका छन् ।

'राष्ट्रिय व्यक्तित्वसँग चुनाव लडेर थोरै मतान्तरमा पराजित भएका कारण धेरै साथीहरूले डम्बरजीलाई नै दोहोऱ्याउँदा उपयुक्त हुने सुझाव दिनुभएको छ,' विश्वकर्माले भने, 'उहाँ पार्टी जिल्ला सभापति पनि हो, तर भेषराजजीसहित दोस्रो, तेस्रोमा रहनुभएका उत्तिकै प्रतिस्पर्धी साथीहरू हुनुभएकाले सबैलाई मनाएर मात्र निर्णयमा पुग्ने पार्टीको निष्कर्ष हो ।'

कांग्रेसले महामन्त्री शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेलाई इलामको वस्तुस्थिति बुझेर उम्मेदवारबारे प्रतिवेदनसहित सुझाव दिने जिम्मेवारी दिएको थियो । बैठकमा शर्माले भने आचार्यलाई टिकट दिँदा मात्र जित सुनिश्चित हुने प्रतिवेदन बुझाएका छन् । सोमबारको बैठकमा उनले पार्टी एकढिक्का र सक्रिय भएर लाग्दा चुनाव जित्ने अवसर आएको ब्रिफिङ गरेका थिए ।

एमाले, रास्वपा, एकीकृत समाजवादी, राप्रपा, पहिचानवादी समूहलगायतले उपनिर्वाचनका लागि उम्मेदवार टुंगो लगाइसकेका छन् । पछिल्लो निर्वाचनमा कांग्रेस उम्मेदवार खड्का तत्कालीन संविधानसभा अध्यक्ष सुवास नेम्वाङसँग एक सय १४ मतको झिनो अन्तरले पराजित भएका थिए ।

■ कांग्रेसलाई गृहमन्त्री रवि लामिछानेको जवाफ

# सूचनाकै आधारमा संसद्ले छानबिन गर्न मिल्दैन

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा मंगलबार पनि संसद्मा संसदीय छानबिन समिति माग गरेको छ । प्रतिनिधिसभा बैठकको सुरुवातमा कांग्रेस सांसद रामकृष्ण यादवले सहकारीको बचत अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम मुछिएको भन्दै नैतिकताका आधारमा राजीनामा र संसदीय छानबिनको माग दोहोऱ्याए ।

सहकारी प्रकरणमा लामिछानेको संलग्नताबारे यसअघि भइरहेको अनुसन्धान उनी गृहमन्त्री भएपछि प्रभावित भएको, पूर्वगृहमन्त्री तथा आइजिपीले अनुसन्धान भइरहेको भनेकोमा अहिले प्रधानमन्त्री र आइजिपीले कुनै संलग्नता नरहेको भनेर 'क्लिन चिट' दिँदा विश्वासको संकट उत्पन्न भएकाले संसदीय छानबिन जरुरी रहेको सांसद यादवको भनाइ थियो । लामिछाने गृहमन्त्री भएपछि छानबिन रोकिएको जिकिर गर्दै यादवले राजीनामा दिएर अनुसन्धान टुंग्याउन मद्दत गर्न अनुरोध गरे ।

२४ फागुनदेखि सहकारी प्रकरणमा गृहमन्त्री लामिछानेको संलग्नता रहेको भन्दै संसदीय छानबिन समिति माग गरिरहेको कांग्रेसले मंगलबार श्रममन्त्री डिपी अर्यालको संलग्नता रहेको भन्ने खबर आइरहेकाले उनीमाथि पनि छानबिनको माग गरेको छ । कांग्रेस सांसद यादवले तत्कालीन समयमा रास्वपा उपसभापति रहेका श्रममन्त्री अर्याल, उपाध्यक्ष र पार्टी सहमहामन्त्री कवीन्द्र बुर्लाकोटी सञ्चालक रहेको हाम्रो नयाँ कृषि सहकारी संस्थाका निक्षेपकर्ताले चार करोडभन्दा बढी रकम फिर्ता नपाएको गुनासो बाहिर आएको भन्दै यसमा अर्याल र बुर्लाकोटीमाथि पनि छानबिन गर्न माग गरे । सो सहकारीमा मन्त्री अर्याललगायतले नै अस्वाभाविक रूपमा गोर्खा मिडियाका अध्यक्ष जिबी राईलाई भित्र्याएको आरोपसमेत लगाए । यसरी गृहमन्त्री लामिछानेलगायत रास्वपाका नेताहरू सहकारीको ठगीमा जोडिएकाले प्रहरीको अनुसन्धान प्रभावित हुने भन्दै निष्पक्ष छानबिनका लागि संसदीय समिति बनाउनु अनिवार्य रहेको उनको धारणा थियो ।

कांग्रेसले सदनमा निरन्तर आफूमाथि प्रश्न उठाएपछि उपप्रधान तथा गृहमन्त्री लामिछानेले मंगलबार संसद् भवन परिसरमा सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै जवाफ फर्काए । २ चैतमा कांग्रेसले लामिछानेलाई राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयक सभामा प्रस्तुत गर्न दिएन, बेल घेराउ गरेर संसद् अवरुद्ध गरेको थियो । त्यसयता कांग्रेसले लामिछानेलाई संसद्मा बोल्ने अवसर दिएको छैन । लामिछानेले पनि सदनमै बोल्छु भन्दै आएका छन् । तर, मंगलबार उनी सञ्चारकर्मीसँग बोले र कांग्रेसलाई जवाफ दिए । कांग्रेसले संसद्मा आफ्नो विषय राख्ने अधिकारको विषय भन्दै लामिछानेले तर एउटा सूचनाकै आधारमा कुनै प्रमाणविना संसद्ले छानबिन गर्न उपयुक्त नभएको बताए ।

कांग्रेसले आफ्नो आवाज राख्नु उसको स्वतन्त्रता र लोकतान्त्रिक अभ्यासको कुरा भएको र त्यसलाई आफूले सम्मान गर्ने भन्दै लामिछानेले सदनमा उठेका कुरामा आफूले सदनमा उभिएर बोल्न पाउनुपर्ने जिकिर गरे । 'सांसदहरूले विपत् व्यवस्थापन, हावाहुरी, भूकम्पपछिको पुनर्निर्माणलगायत यावत् विषयमा गृह मन्त्रालयले के गरिरहेको छ भनिरहनुभएको छ । मैले सदनमा जवाफ दिने अवसर पाउनुपर्छ । यसका लागि मैले भनिरहेको छु,' उनले भने ।



जसले आएर उजुरी र जाहेरी थमाइदिन्छ, कागज आउनेबित्तिकै भएभरका सबैको छानबिन गर्न सुरु गर्ने हो भने त्यसको एउटा सम्झौता गर्नुपर्‍यो । जसमा कसैले उजुरी गर्नेबित्तिकै दर्ता गर्नुपरेन, प्रमाण दिन पनि परेन । जाहेरी भनेको त एउटा सूचना हो, सूचनाले प्रमाण पायो भने आफैं प्रक्रियामा जाने हो । सूचनाकै आधारमा संसद्ले छानबिन गर्ने अभ्यास थाल्ने हो भने त त्यसमा छलफल गरौंला ।

यति भनिसकेपछि लामिछानेले कांग्रेसले संसद्मा उठाएका मागका सम्बन्धमा संक्षिप्त जवाफ दिए । 'जसले आएर उजुरी र जाहेरी थमाइदिन्छ, कागज आउनेबित्तिकै भएभरका सबैको छानबिन गर्न सुरु गर्ने हो भने त्यसको एउटा सम्झौता गर्नुपर्‍यो । जसमा कसैले उजुरी गर्नेबित्तिकै दर्ता गर्नुपरेन, प्रमाण दिन पनि परेन,' उनले भने, 'जाहेरी भनेको त एउटा सूचना हो, सूचनाले प्रमाण पायो भने आफैं प्रक्रियामा जाने हो । सूचनाकै आधारमा संसद्ले छानबिन गर्ने अभ्यास थाल्ने हो भने त त्यसमा छलफल गरौंला ।'

गृहमन्त्री लामिछानेले वास्तविकता नबुझी सञ्चारमाध्यममा आएको समाचारकै आधारमा श्रममन्त्री अर्याल र सहमहामन्त्री बुर्लाकोटीलाई आरोपित गरेकोमा पनि आपत्ति जनाए । 'समाचार आएपछि पुग्यो, प्रमाण खोज्नुपर्ने, सही हो कि होइन हेर्नुपर्ने होइन ? ठप्पै लगाएर प्रमाणित गरिदिएको हो ? हेर्न परेन, छापिए पुग्यो ?' उनले प्रतिप्रश्न गरे ।

पत्रिकाले लेखिसकेपछि त्यो प्रमाणित भन्ने नै मान्यता बनाउनु उपयुक्त नभएको उनको भनाइ थियो । 'होइन के रहेछ भनेर हेर्दा खोज्दा प्रमाणित नै रहेछ भने त जवाफ दिनुपर्ला । होइन भने लेखेकै भरमा जवाफ दिन थाल्यो भने जवाफमै जान्छ,' उनले भने, 'सञ्चारकर्मीले प्रश्न उठाउने, आशंका पैदा गर्ने, हामीलाई जिम्मेवार बनाउने चलिरहन्छ । त्यहाँ (हेडलाइनमा) प्रश्नवाचक चिह्न राखिएको छ । प्रमाणित भएको र अप्रमाणित, हल्ला, प्रचारबाजीमा त फरक छ । प्रश्न उठ्दैमा आत्तिनुपर्ने कुरा छैन ।'

### बिमस्टेक बडापत्र अनुमोदन

प्रतिनिधिसभाले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) बडापत्र अनुमोदन गरेको छ । संविधान र सन्धि ऐनअनुसार नेपाल पक्ष हुने सन्धि सम्झौता तथा बडापत्रको अनुमोदन संसद्ले गर्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्ले पेस गरेको बिमस्टेक बडापत्रको प्रावधानमाथि छलफल गरेर प्रतिनिधिसभाको मंगलबारको बैठकले बहुमतबाट अनुमोदन गरेको हो ।

छलफलमा उठेका विषयको जवाफ दिँदै उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बहुपक्षीय र क्षेत्रीय संगठनमा सहभागिता जनाएर नेपालले सकारात्मक भूमिका खेल्दै आइरहेको बताए । सन् २०२२ मा श्रीलंकामा भएको पाँचौं शिखर सम्मेलनमा नेपालसहित सबै सदस्य राष्ट्रले बडापत्रमा हस्ताक्षर गरेको जानकारी दिँदै उनले संसद्बाट अनुमोदन गरेपछि मात्रै कार्यान्वयनमा जाने उल्लेख गरे । उनका अनुसार नेपालबाहेक ६ सदस्य राष्ट्रको संसद्ले यो बडापत्रलाई अनुमोदन गरिसकेको छ । नेपालले अनुमोदन गरेपछि अब बडापत्र कार्यान्वयनमा आउनेछ ।

मन्त्री श्रेष्ठले सार्कको विकल्प बिमस्टेक नभएको पनि स्पष्ट पारे । सार्कलाई प्रभावकारी बनाउन थप पहलकदमी लिइने उनले प्रतिबद्धता व्यक्त गरे । 'सार्कलाई निष्क्रिय बनाएर बिमस्टेक चलाउने विषयमा नेपाल सहमत छैन,' उनले भने, 'हामी सार्कलाई प्रभावकारी बनाउने पक्षमा छौं, अध्यक्षको हैसियतमा सक्रिय भूमिका खेल्नेछौं ।'

# विश्वासको मत लिने कर्णालीका मुख्यमन्त्री शर्माको अडान, एमाले असन्तुष्ट

सुर्खेतमा **रमेश रावल**

कर्णालीको मुख्यमन्त्री एमालेलाई दिने निर्णयपछि माओवादी नेताहरू नेतृत्वसँग असन्तुष्ट बनेका छन् । सोमबार बेलुका प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कर्णालीका मुख्यमन्त्री एमालेलाई दिने केन्द्रमा सहमति भएको भन्दै आवश्यक सहयोग गर्न माओवादी प्रदेश इन्चार्ज कालीबहादुर मल्ल र मुख्यमन्त्री राजकुमार शर्मालाई निर्देशन दिएका थिए । तर, पार्टी नेतृत्वको निर्देशनविपरीत मुख्यमन्त्री शर्माले संसद्मा विश्वासको मत लिने बताएका छन् ।

शर्माले मंगलबार प्रदेश सभाबाट विश्वासको मत लिने प्रयोजनका लागि पत्र दर्ता गराइसकेको अवस्थामा केन्द्रले गलत तरिकाले सोच्दै नसोचेर निर्णय गरेको माओवादी सांसदहरूको भनाइ छ । केन्द्रको निर्णयपछि अन्योलमा परेका मुख्यमन्त्री शर्माले उपस्थित नहुन नसक्ने भन्दै मंगलबार विश्वासको मत लिएनन् । बेसमय र गलत तरिकाले निर्णय आएको सरकारका प्रवक्ता एवं कानुनमन्त्री कृष्णबहादुर जिसीले बताए । 'मुख्यमन्त्रीले राजीनामा दिने कुरा नै हुन्न, प्रदेश सभाको कार्यसूचीअनुसार विश्वासको मत लिने कुरा भइसकेको छ,' उनले भने, 'संवैधानिक प्रक्रिया अवलम्बन गरेर अघि बढिसकेपछि केन्द्रले निर्णय गर्दा प्रदेशको स्वायत्तता हरण हुने गरेर गर्नु राम्रो हुँदैन ।'

गत वर्ष बालुवाटारमा बसेको तत्कालीन एमाले-माओवादी सत्तागठबन्धनको बैठकले कर्णालीमा पूरै कार्यकाल माओवादीलाई दिने सहमति भएको थियो । तर, तीन महिना नपुग्दै एमाले सरकारबाट बाहिरियो । त्यसपछि कांग्रेस-माओवादी गठबन्धनले पनि मुख्यमन्त्री शर्मालाई नै निरन्तरता दिएका थिए । यद्यपि, पहिलाको सहमति जे भए पनि आपसी सहमतिमा एमालेलाई आधा कार्यकाल सत्ता हस्तान्तरण गर्न आफू तयार भएको मुख्यमन्त्री शर्माले बताउँदै आएका छन् । कर्णाली प्रदेश सभाको बैठक स्थगित भएको छ । मुख्यमन्त्री शर्माको पत्रका आधारमा मंगलबार तय भएको प्रदेश सभाको बैठक बुधबारसम्मका लागि स्थगित भएको हो । विशेष कारणवश विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्न असमर्थ भएकाले बैठक बुधबारका लागि सार्न आफूले पत्राचार गरेको शर्माले बताए ।

### एमाले भन्छ- वार्ता सकारात्मक दिशामा अगाडि बढेको छ

मंगलबार दिउँसो कर्णालीका मुख्यमन्त्री शर्माको निवासमा एमाले र माओवादीबीच भएको वार्ता सकारात्मक दिशामा अगाडि बढेको नेताहरूले बताएका छन् । एमाले कर्णाली प्रदेश इन्चार्ज लेखराज भट्ट, स्थायी कमिटी सदस्य यामलाल कँडेल, माओवादी कर्णाली प्रदेशका इन्चार्ज कालीबहादुर मल्ल, पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही, मुख्यमन्त्री शर्मा र कर्णाली प्रदेश अध्यक्ष विमला केसीबीच छलफल भएको थियो । कर्णालीको नेतृत्व एमालेलाई दिने केन्द्रमा सहमति भएपछि देखिएको विवाद समाधान गर्न दुवै पक्षका नेताबीच छलफल जारी छ । तर, छलफल सकरात्मक रहे पनि अझै टुंगोमा नपुगेको एमाले कर्णाली इन्चार्ज भट्टले बताए ।

## लुम्बिनीका मुख्यमन्त्री चौधरीले बिहीबार विश्वासको मत लिँदै

दाङमा **दीपक बोहरा**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिहीबार विश्वासको मत लिने भएका छन् । प्रदेश सरकारका प्रवक्ता तथा गृहमन्त्री सन्तोषकुमार पाण्डेयका अनुसार बिहीबार अपराह्न ४ बजे विश्वासको मत लिने तयारी छ । त्यसका लागि प्रदेश सभा बैठक आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस पठाएको समेत उनले बताए । केन्द्रमा सत्तासमीकरण फेरिएसँगै लुम्बिनीमा माओवादीले २३ फागुनमा समर्थन फिर्ता लिएको थियो । दुई वा दुईभन्दा बढी पार्टी मिलेर सरकार निर्माण भएकाले सत्तासाझेदार दलले समर्थन फिर्ता लिएको एक महिनाभित्र विश्वासको मत लिनुपर्ने प्रावधान छ । सोहीअनुसार २२ चैतमा मुख्यमन्त्री चौधरीले विश्वासको मत लिन लागेका हुन् ।

लुम्बिनीमा एमालेका २९, कांग्रेस २७, माओवादी १० (सभामुखबाहेक), राप्रपा र नागरिक उन्मुक्तिका चार-चारजना सांसद छन् । तर, राप्रपाका जानकीलाल यादव भ्रष्टाचारको मुद्दा दायर भएपछि निलम्बित छन् । जनता समाजवादी, लोकतान्त्रिक समाजवादी र जनमत पार्टीका तीन-तीनजना, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक-एकजना सांसद छन् । एकजना स्वतन्त्र सांसद छन् । एमाले, माओवादी, जसपा, नागरिक उन्मुक्ति र एकीकृत समाजवादी पार्टी हुँदा नयाँ समीकरणअनुसार बनेको गठबन्धनको बहुमत पुग्ने देखिन्छ ।


**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७९/१२/१७ गते एयरपोर्ट बाट गोकर्णसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +2 को **माईग्रेशन सर्टिफिकेट** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**Name: Aashutosh Sharma**
Reg. Number : 697656005
Symbol No : 27608614
Contact : 9818842477

**नेशनल डेन्टल हस्पिटल लिमिटेडको**
जगेडामा रहेको हकप्रद शेयर जारी गर्ने सूचना
(प्रकाशित मिति: २०८०/१२/२१ गते)

**यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरीद गर्न पाउने गरी यस कम्पनीको हकप्रद शेयर जारी गर्ने मिति २०८०/०८/०९ को सूचना बमोजिम बिक्री भई बाँकी जगेडामा रहेको जम्मा १,९५,४९७ थान शेयरलाई तत्काल कायम चुक्ता शेयरको ५०.७३% प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भए बमोजिम कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (३) बमोजिम यस कम्पनीका शेयर धनीज्यूहरुले मिति २०८०/१२/२० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा १५ दिने सूचना प्रकाशित गरिएको छ । ऐ ऐनको दफा ५६ को उपदफा (११) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन समाप्त भएको अर्को दिन मिति २०८१/०१/०५ देखि अन्तिम मिति २०८१/०२/०८ गते सम्म जम्मा ३५ दिन भित्र प्रति शेयर रु. १००/- (एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ । अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।**

*कम्पनी सचिव*

**नेशनल डेन्टल हस्पिटल लिमिटेड**
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

**नबिल बैंक लिमिटेड, ग्वार्को शाखा, ललितपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति: २०८०/१२/२१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि एको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म तथा फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग (फर्म तथा अभिलेख व्यवस्थापन शाखा)मा मिति २०७४/०६/०१ मा प्रा.फ.र.नं. १३७४२३/०७४/७५, समुन्द्रपार आयात निर्यात अन्तर्गत दर्ता भएको **श्री सनसाइन टायल्स एण्ड मार्वल सप्लायर्स ।**

ठेगाना: ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १५, बालकुमारी, ललितपुर ।

**ऋणी फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण:**
राम अवध गुप्ताकी छोरी श्री राम यतन गुप्ताकी बुहारी विमल कुमार गुप्ताकी श्रीमती कपिलवस्तु जिल्ला बहादुरगंज गा.वि.स वडा नं.६ स्थायी घर भएकी, ना.प्र.नं.४/०२/६१८२ (जारी मिति: २०६३/०३/०८, स्थान कपिलवस्तु) भएकी **श्रीमती अर्चना गुप्ता ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

राम स्वरुप गुप्ताको नाति श्री राम यतन गुप्ताको छोरा कपिलवस्तु जिल्ला बहादुरगंज गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं. ६/५७६ (जारी मिति: २०४९/१०/१८, स्थान कपिलवस्तु) भएका **श्री विमल कुमार गुप्ता ।**

**धितोको विवरण**

१. कपिलवस्तु जिल्ला बहादुरगंज गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ०८ बस्ने, **श्री विमल कुमार गुप्ता**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहे को कपिलवस्तु जिल्ला, बीरपुर गा.वि.स वडा नं. २ सिट नं २ मा अवस्थित कि.नं. क्रमश: ८६३, ८६४, ८६६, ८६७, ८६९, ८७० र ८७३ क्षेत्रफल क्रमश: ०-१-१४-०, ०-२-२-०, ०-१-११-०, ०-२-१-०, ०-१-१०-०, ०-२-८-० र ०-३-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. कपिलवस्तु जिल्ला बहादुरगंज गा.वि.स वडा नं. ६ स्थायी घर भएकी **श्रीमती अर्चना गुप्ताको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, सिरुटार गा.वि.स वडा नं. ७ सिट नं ७ मा अवस्थित कि.नं. क्रमश: १६२४ क्षेत्रफल ०-८-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

बुधबार २१ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

# राष्ट्रिय गौरवको मूलपानी क्रिकेट मैदान निर्माण सुस्त गतिमा

**नयाँ पत्रिका**

पर्याप्त बजेट विनियोजन नभएसम्म राष्ट्रिय गौरवको आयोजनामा रहेको मूलपानी क्रिकेट मैदानको निर्माणले सोचेजस्तो गति नलिने देखिएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले सम्बन्धित निकायबाट पर्याप्त बजेट विनियोजन नभएसम्म मूलपानी मैदान निर्माणले गति नलिने बताएका हुन्। 'यस आर्थिक वर्षमा समेत मोटो बजेट विनियोजन नभए मूलपानी मैदान बन्न गाह्रो हुनेछ,' मंगलबार खेलकुदमा योजना र बजेट कस्तो ? सुझाव संकलन कार्यक्रममा घिसिङले भने। सरकारले मूलपानी मैदान शीर्षकको नाममा वार्षिक रूपमा प्रदान गरेको बजेट निकास गरे पनि निर्माण गर्न पर्याप्त नभएको उनको भनाइ छ।

यसैवर्ष मुलपानी क्रिकेट मैदानले एसिसी प्रिमियर कप आयोजना गर्दै अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको हो। गत कात्तिकमा यही मैदानमा युएईलाई पराजित गर्दै नेपालले दोस्रोपटक आइसिसी टी-२० विश्वकपमा स्थान सुरक्षित गरेको थियो।

'मन्त्रालयबाट निकासा भएको बजेट पर्याप्त नभएकाले हामीले परिणाम देख्न सकेका छैनौं,' उनले भने, 'आगामी ०८०/८१ आर्थिक वर्षमा खेलकुदका लागि छुट्याइने बजेटमा हामीले गम्भीरतापूर्वक यस विषयमा ध्यानाकर्षण गराउनेछौं।' राखेपले पर्याप्त बजेट नभएको जनाए पनि राष्ट्रिय गौरवको आयोजनामा परेको मूलपानी, विराटनगर र भरतपुरको मैदानलाई छिटो सम्पन्न गरिसक्ने योजनाका साथ अगाडि बढेको घिसिडले बताए।

नेपालको कुल बजेटमध्ये खेलकुदले ०.१२ प्रतिशत बजेट पाउने गरेको छ। त्यसमा पनि ठूलो हिस्सा कर्मचारीको तलब भत्तामा जाने गर्छ। आगामी बजेटमा खेल संघको कार्यक्रम र पेस गरेको योजनाका आधारमा प्राथमिकतामा राखी खर्च गरिने पनि उनले जनाए। 'राखेपले दुई सय नौ मा रहेको खेल संघको संख्यालाई ६१ मा घटाइएको छ। बजेट विनियोजनको हिसाबले पनि पदक र राष्ट्रिय महत्त्वका खेललाई ध्यान दिइनेछ,' उनले भने, 'खेलकुदमा बजेट पर्याप्त नहुने र भएको बजेटलाई पनि खर्च गर्न नसकिने अवस्थालाई चिर्न आवश्यक छ।'

## सातै प्रदेशका भौतिक संरचनाको मूल्यांकन

सातै प्रदेशका विभिन्न स्थानमा भौतिक संरचना बनिरहेका छन्। विभिन्न स्थानमा निर्माण भइरहेको संरचनाको अध्ययन र मूल्यांकन राखेपले निरन्तर रूपमा गरिरहेको जानकारी सदस्यसचिव घिसिडले दिएका छन्। 'प्रदेशमा भएका भौतिक पूर्वाधारको अवस्थाबारे परिषद्ले मूल्यांकन गरिरहेको छ, त्यसको स्तरोन्नति र संरक्षणका लागि स्थानीय निकायलाई सहभागी गराउने योजना छ,' उनले भने। खेलकुद सम्बन्धित निकायसँग प्राविधिक जानकारी नलिई रंगशालामा बनिरहेको पक्षमा उनले आलोचना गरेका छन्। 'नेपालका विभिन्न क्षेत्रमा खेल संरचना बन्नु राम्रो हो, तर सम्बन्धित खेलविज्ञ, खेल संघ या सरोकारवाला निकायसँग नै छलफल नगरी मापदण्डविपरीत केही संरचना बनिरहेका छन्, यस्तो राम्रो होइन,' उनले भने, 'कम्तीमा प्राविधिक पक्षबारे चेकजाँच गराएर मात्र संरचना बनाउन आग्रह हामीहरूले गरेका छौं।'



फाइल तस्बिर



राखेपका सदस्यसचिव **टंकलाल घिसिङ** भन्छन्-

यस आर्थिक वर्षमा समेत मोटो बजेट विनियोजन नभए मूलपानी मैदान बन्न गाह्रो हुनेछ। मन्त्रालयबाट निकासा भएको बजेट पर्याप्त नभएकाले हामीले परिणाम देख्न सकेका छैनौं।

पछिल्लो समयमा खेल्ने मैदान वा कभर्डहल बनाउनुभन्दा पनि ठुल्ठूला रंगशाला निर्माण गर्न होड बाजी भइरहेको पक्ष उनले औंल्याएका छन्। 'रंगशाला बनाउने होडबाजी चलिरहेको छ, त्यसलाई रोक्न आवश्यक रहेको छ, प्रत्येक नगरपालिका वा वडामा पनि रंगशालाभन्दा पनि ट्रेनिङ सेन्टर बनाउन स्थानीय निकायलाई अनुरोध गरेका छौं,' उनले भने।

## योजनाबाहिरका कार्यक्रम बजेटमा

नेपाली खेलकुदको सरोकारवाला निकाय राखेपले प्रस्ताव नै नगरेको वा जानकारीमा नै नभएको शीर्षक बजेटमा समावेश भएर आउने गरेको खुलासा घिसिडले गरेका छन्। 'राखेपले नबनाएको योजना, परिकल्पना, प्रस्ताव बजेटमा समावेश हुँदै आएको गलत प्राक्टिस सामना गर्नुपरेको छ,' उनले भने, 'खेलकुदमा यसै पनि थोरै बजेट हुने र त्यसमा पनि कार्यक्रम गर्न आफ्नो नियन्त्रणमा हुने नगरेको बजेट आउनुले समस्या सामना गर्नुपरेको छ।'

आगामी बजेटमा खेलाडी पलायनलाई रोक्न केही योजना समावेश हुने राखेपले जनाएको छ। 'खेलाडी स्वरोजगारका निम्ति मन्त्रालयअन्तर्गत युवा स्वरोजगारसँग सहकार्यमा बजेटमा समावेश गर्ने प्रयास भइरहेको छ, न्यूनतम ब्याजदरमा खेलाडीलाई ऋण उपलब्ध गराउने योजना बनिरहेको छ,' उनले भने।

## एन्फाले दिएन राखेपलाई स्पष्टीकरण

अखिल नेपाल फुटबल संघ (एन्फा)ले पदाधिकारीको विदेश भ्रमणका विषयमा राखेपलाई जवाफ दिन अस्वीकार गरेको छ। विश्वकप छनोटअन्तर्गत बहराइनविरुद्ध प्रतिस्पर्धा गर्ने क्रममा एन्फाका स्वीकृतिविना १० पदाधिकारी लगेको थियो। १२ चैतमा युवा तथा खेलकुद मन्त्रालयले राखेपसँग चासो राखेको थियो। त्यसपछि १५ चैतमा राखेपले एन्फासँग जवाफ मागेको थियो। तीन दिन म्याद राखेर स्पष्टीकरण माग गरेकोमा मंगलबारसम्म नआएको राखेपले जनाएको छ।

'मन्त्रालयको चिठीबमोजिम हामीले उहाँहरूलाई पत्र पठाएका हौं, तर हालसम्म एन्फाको स्पष्टीकरणसहितको जवाफ भने आएको छैन,' राखेपका एक पदाधिकारीले भने। बहराइन भ्रमणमा एन्फाका उपाध्यक्ष दीपक खतिवडा, केन्द्रीय सदस्य महेन्द्र क्षेत्री, प्रमुख कार्यकारी अधिकृत सिइओ इन्द्रमान तुलाधर, भरत घिमिरे, बुद्धिबहादुर गुरुङ, सुनील लोप्चन, जयकृष्ण श्रेष्ठ, प्रवीण श्रेष्ठ, सुविनकुमार श्रेष्ठ खेलाडी र अफिसियलसँगै गएका थिए।

■ आठौं विराट गोल्डकप

# कोलकातालाई हराउँदै मच्छिन्द्र सेमिफाइलनमा

विराटनगरमा **गणेश लम्साल**

मच्छिन्द्र फुटबल क्लबले कोलकाताको साउथर्न एफसीलाई २-१ ले हराउँदै मंगलबार आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ। मच्छिन्द्रको जितसँगै सेमिफाइनल समीकरण पूरा भएको छ। मच्छिन्द्रले अब फाइनल प्रवेशका लागि बिहीबार सिक्किम ड्रागन भारतसँग सामना गर्नेछ। अर्को सेमिफाइनलमा सांग्रिला मोरङले एपिएफविरुद्ध खेल्नेछ। एपिएफले इटहरी गोल्डकपको विजेता चर्च ब्वाइज युनाइटेडलाई क्वार्टरफाइनलमा २-० ले हराएको थियो। सांग्रिलाले भुटानको आरटिसिएफसी ३-२ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको थियो।



मच्छिन्द्रको जितमा विदेशी खेलाडी स्टेफन विनोड नायक भए। उनले नै दुई गोल गरेका थिए। खेलको १०औं मिनेटमा स्टेफनले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। मनीष डाँगीले निकालेको क्रसपासमा स्टेफनले मैदानको मध्यभागबाट बल अगाडि बढाउँदै कोलकाताका गोलरक्षक सुरजक मल्किलाई विट गर्दै उत्कृष्ट फिनिसिङ गरे। वखेलको ३२औं मिनेटमै कोलकाताले १-१ को बराबरी गोल फर्कायो। कोलकाताका सोनु हल्दारले सत्रिय बक्सीले निकालेको पासमा बराबरी गोल फर्काएका हुन्।

दुवै टोलीले पहिलो हाफमा १-१ को बराबारीमा खेल सकाए। मध्यान्तरपछि मच्छिन्द्र आक्रामक रूपमा देखियो। खेलको ५५औं मिनेटमा स्टेफनले मछिन्द्रलाई २-१ को अग्रता दिलाए। उनले सनीस श्रेष्ठको पासमा डिबक्सभित्र टच गर्दा आकर्षक गोल गरे। यसअघि खेलको ४१औं मिनेटमा कोलकाताका सत्रियले दायाँ बार च्यापेर प्रहार गरेको बललाई मच्छिन्द्रका गोलरक्षक विशाल श्रेष्ठले पन्च गरेका थिए। खेलको ४४औं मिनेटमा मच्छिन्द्रका आयुष घलानले पोस्टभन्दा ३० यार्ड टाढादेखि गरेको प्रहार बारमा लागेको थियो।

## ■ दोस्रो हाफमा मच्छिन्द्र बलियो

प्रतिस्पर्धामा मच्छिन्द्र र कोलकाताका गोलरक्षकले उत्कृष्ट प्रदर्शन गरेका थिए। पहिलो हाफमा मच्छिन्द्रका गोलरक्षक विशालले आकर्षक बचाउ गरेका थिए। मध्यान्तरपछिको प्रतिस्पर्धामा कोलकाताका गोलरक्षले प्रेरणादायी प्रदर्शन गरे।

४७औं मिनेटमा मच्छिन्द्रका स्टेफनले डिबक्सभित्रबाट गरेको कडा प्रहार कोलकाताका कप्तान सुमनले क्लियर गरे। गोलरक्षक सुरज मल्लिक अगाडि मौकामा सुमनले लगभग गोललाइनबाट क्लियर गरे। गोल हुनबाट जोगाए। दोस्रो हाफमा कोलकाताले केही राम्रो अवसर खेर फालेको थियो। ६५औं मिनेटमा स्टिफिनले डिबक्सबाट प्रहार गरेको बल पोस्टनजिक हुँदै बाहिरियो।

खेलको ७०औं मिनेट मनीष डाँगीको स्टेफनले प्रहार गरेको बललाई कोलकत्ताका गोलरक्षक सुरजले उत्कृष्ट बचाउ गरे। कोलकाताका प्रशिक्षक सौमेन्दु कुन्दूले खेलाडीहरूको थुप्रै अवसर पाउँदापाउँदै फिनिसिङ पक्ष कमजोर भएको बताए। मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले खेलाडीले योजनाअनुसार आक्रामक खेल्दा नतिजा आएको बताए। उनले सेमिफाइनलमा क्वार्टरफाइनलमा गरेको गल्ति सच्याउने बताए। उनका अनुसार सेमिफाइनलमा बिमल घर्तीमगर मैदानमा देखिनेछन्।

# अन्तर्राष्ट्रिय शान्ति म्याराथनको तयारी पूरा

**लुम्बिनी**/ लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ। लुम्बिनीको महत्त्वलाई विश्वमाझ अझै परिचित बनाउन म्याराथनको आयोजना हुन लागेको आयोजकले जनाएको छ। लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथन लुम्बिनी स्क्वायरबाट सुरु भई पुनः त्यहीं आएर टुंगिने गरी रुट बनाइएको छ। अन्तर्राष्ट्रियस्तरमा मान्यता पाउने गरी म्याराथनको ४२.१९५ मिटर दूरी मापनसमेत भएको लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव जयप्रकाश भट्टराईले बताए। पुरुषतर्फको म्याराथनको विजेताले पाँच लाख र उपविजेताले तीन लाख पाउनेछन्। तेसो स्थानमा रहने खेलाडीले दुई लाख हात पार्नेछन्। चौथो हुने खेलाडीले एक लाख र पाँचौं स्थानको खेलाडीले ८० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

महिलातर्फको हाफ म्याराथनमा पहिलो हुनेले दुई लाख र दोस्रो हुने खेलाडीले एक लाख ६० हजार रुपैयाँ जित्नेछन्। तेस्रो स्थानमा रहने खेलाडीले एक लाख २० हजार रुपैयाँ प्राप्त गर्नेछिन्। पाँच किमिको महिला र पुरुषको दौड र विद्यालयका छात्र-छात्राका लागि तीन किलोमिटरको वाकाथनसमेत आयोजना हुनेछ। पाँच किमि र ३ किमितर्फका विजेताले १५ हजार र उपविजेताले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगितामा नेपालसहित चीन, पाकिस्तान, श्रीलंका, केन्यालगायत देशका धावक सहभागी हुने आयोजकले बताएको छ।

# बरोडामाथि नेपालको सहज जित

**नयाँ पत्रिका**

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले सोमबार भारतको रणजी टोली बरोडालाई २४ रनले हराएको छ। भारत भ्रमणमा रहेको नेपालले यो लगातार दोस्रो जित हो। यसअघि पहिलो खेलमा नेपालले गुजरातलाई ८ विकेटले पराजित गरेको थियो। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेटको नोक्सानीमा एक सय ५६ रन बनाएको थियो। प्रत्युत्तरमा बरोडा २० ओभरमा १ सय २९ रनमा अलआउट हुँदा नेपाल २४ रनले विजयी भयो। घरेलु टोली बरोडाका लागि भानु पनियाले सर्वाधिक ३८ रन जोडे। बरोडाका कप्तान विष्णु सोलांकी २५ रन बनाए। नेपालका लागि फास्ट बलर करण केसीले घातक बलिङ गरेका थिए।



उनले चार ओभरमा २४ रन खर्चेर तीन विकेट लिए। नेपालका लागि सोमपाल कामी र अविनाश बोहराले समान दुई विकेट हात पारे। गुलसन झा र दीपेन्द्रसिंह ऐरीले एक-एक विकेट लिए। करणले पहिलो ओभरमै बरोडाका दुई खेलाडीलाई आउट पार्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाए। नेपालको ब्याटिङमा बायाँ हाते कुशल मल्लले नटआउट ४० रन बटुले। उनले २५ बलमा ३ चौका र २ छक्का प्रहार गरे। नेपालका ओपनर कुशल भुर्तेल र आसिफ सेख समान नौ रनमा आउट भए।

## जोहराको आक्रामक ब्याटिङ

पहिलो ब्याटिङ गरेको सन्दीप जोराले नेपालका लागि आक्रामक ब्याटिङ गरेका थिए। रणजी टोलीविरुद्ध उनले १६ बलमा २९ रन बटुले। यसक्रममा उनले समान दुई चौका र छक्का प्रहार गरेका थिए। यसअघि ओपनर भुर्तेलले ११ बल र सेखले १२ बलको सामना गरेका थिए। त्यसपछि अनिलकुमार साहले इनिङ्स सम्हाल्ने प्रयास गरे। उनले २५ रन जोड्न २७ बलमा २ चौका र १ छक्का प्रहार गरेका थिए। कप्तान रोहित पौडेलले २३ बलमा १८ रनमा जोडे। उनी रनआउट भएका थिए। अलराउन्डर गुल्सन झाले १३ रन जोडे। उनले १४ बलको सामना गरेका थिए। दीपेन्द्रसिंह ऐरीले पाँच बलमा पाँच रन जोडे। बलिङमा बरोडाका बाबा खानले चार ओभरमा २३ रन खर्चेर २ विकेट लिए।

गुजरातमा जारी सिरिजमा नेपालले गुजरात र बरोडासँग समान दुई वटा टी-२० खेल खेल्नेछ। एसएमएस फ्रेन्डसिप कप २०२४ नाम दिएको प्रतियोगिताको शीर्ष दुई टोलीबीच उपाधि भिडन्त हुनेछ। वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपमा सहभागिता जनाउनुअघि नेपालले भारतमा अभ्यास खेलका रूपमा टी-२० खेलिरहेको हो। त्यसपछि नेपाली टोली एसिसी प्रिमियर कप खेल्न ओमान जानेछ।

## खेल संक्षेप

### राष्ट्रिय जुनियर टेनिस हुँदै

**कास्की**/ पोखरामा राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता २१ देखि २५ चैतसम्म हुने भएको छ। कास्की जिल्ला टेनिस संघको आयोजनामा हुने प्रतियोगितामा विभिन्न १४ विधामा प्रतिस्पर्धा हुने भएको आयोजकले जनाएको छ। पुरुषतर्फ ४० र महिलामा ३० खेलाडीले भाग लिनेछन्। प्रतियोगिताकी निर्देशक प्रीति बरालले जानकारी दिइन्। प्रतियोगितामा पुरुष र महिलातर्फको एकल विजेताले १० हजार र उपविजेताले पाँच हजार रुपैयाँ हात पार्नेछन्। यसैगरी, १४ वर्ष समूहका विजेताले १५ हजार र उपविजेताले ७५ सय रुपैयाँ जित्नेछन्।

### यू-२१ राष्ट्रिय खोखो हुने

**काठमाडौं**/ नेपाल खोखो संघको आयोजनमा यू-२१ पुरुष तथा महिला राष्ट्रिय खोखो प्रतियोगिता आयोजना हुने भएको छ। सुदूरपश्चिम प्रदेशको धनगढीमा हुने प्रतियोगिता २४ देखि २७ चैतसम्म हुनेछ। लिग कम नकआउटका आधारमा हुने प्रतियोगितामा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, र सुदूरपश्चिमले सहभागिता जनाउनेछन्। प्रतियोगितामा २४ जना प्रशिक्षक र २० जना निर्णायक पनि संलग्न हुनेछन्। प्रतियागिताको च्याम्पियनले ५० हजार रुपियाँ प्राप्त गर्नेछ। यसैगरी उपविजेताले ३० हजार र तेस्रो हुने टोलीले २० हजार रुपियाँ पाउनेछन्।

# १७औंपटक रोहित शून्यमा आउट

**एजेन्सी**

मुम्बई इन्डियन्सका पूर्वकप्तान रोहित शर्माले इन्डियन प्रिमियर लिग (आइपिएल) १७औंपटक शून्य रनमा आउट भएका छन्। घरेलु रंगशाला वानखर्डेमा आइतबार राति राजस्थान रोयल्सविरुद्ध उनी सामना गरेको पहिलो बलमै पेभेलियन फर्केका थिए। उनले दिनेश कार्तिकसँगको धेरैपटक शून्य रनमा आउट हुने रेकर्ड बराबरी गरेका छन्। कार्तिक आइपिएलमा १७ पटक नै शून्य रनमा आउट भएका छन्। रोहितलाई ट्रेन्ट बोल्टले आउट गरेका थिए। आइपिएलको इतिहासमा धेरैचोटि शून्य रनमा आउट हुने तेस्रो खेलाडीमा चारजना छन्। ग्लेन म्याक्स वेल, पियुष चावला, मन्दिप सिंह र सुनिल नारिन समान १५ पटक शून्य रनमा आउट भएका छन्।



चालू आइपिएलमा मुम्बईले खराब सुरुवात गरेको छ। लगातार तेस्रो खेलमा हार सामना गरेको मुम्बई राजस्थानसँग ६ विकेटले पराजित भयो। मुम्बईले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर एक सय २५ रनको मध्यम योगफल बनाएको थियो। राजस्थानले १५.३ ओभरमा चार विकेटको नोक्सानीमा एक सय २६ रन बनायो। लगातार तेस्रो जितसँगै राजस्थान अंक तालिकाको शीर्ष स्थानमा उक्लेको छ।

## आइपिएलमा २ सय ५० खेल खेल्ने मुम्बई पहिलो

पाँचपटकको विजेता मुम्बईले चालू आइपिएलमा खराब रेकर्ड राखे पनि धेरै खेल खेल्ने टोली बनेको छ। १७ सिजनमा मुम्बईमा अहिलेसम्म दुई सय ५० खेल खेलेको छ। यो सफलता प्राप्त गर्ने मुम्बई एक्लो टोली हो। उत्कृष्ट प्रदर्शन गर्ने, तर उपाधि हात पार्न नसकेको रोयल्स च्यालेन्जर्स बेंग्लोरले दुई सय ४४ खेल खेलेको छ। यसैगरी, दिल्ली क्यापिटल्स दुई सय ४१ खेलका साथ तेस्रो स्थानमा छ। एकपटकको विजेता कोलकोता नाइट राइडर्स चौथो धेरै खेल खेल्ने टोली हो। कोलकोताले दुई सय ३९ खेल खेलेको छ। पन्चाब किंग्सले दुई सय ३५ खेलमा सहभागिता जनाएको छ। मुम्बईके बराबरी पाँचपटक उपाधि उचालेको चेन्नई सुपर किंग्सले दुई सय २८ खेल खेलेको छ।

## दुई सय खेल खेल्ने आश्विन दोस्रो बलर

राजस्थानका अलराउन्डर रविचन्द्रन आश्विनले आइतबार राति मुम्बईविरुद्ध एक रेकर्ड आफ्नो नाममा लेखाएका छन्। आश्विन आइपिएलमा दुई सय खेल खेल्ने दोस्रो बलर बनेका छन्। यसअघि आइपिएलमा रवीन्द्र जडेजाले दुई सय खेल पार गरेका थिए। बलरका रूपमा सर्वाधिक आइपिएल खेल्ने जडेजाले दुई सय २९ खेल खेलेका छन्। आइपिएलमा धेरै खेल खेल्ने खेलाडी चेन्नईका पूर्वकप्तान महेन्द्रसिंह धोनी हुन्। उनले अहिलेसम्म दुई सय ५३ खेल खेले। मुम्बईका रोहित दोस्रो स्थानमा छन्। उनले दुई सय ४६ खेलमा सहभागिता जनाए उनले दिनेश कार्तिकको दुई सय ४५ खेलको रेकर्ड पछि पारेका छन्। यसैगरी, जसप्रित बुमराहले युज्वेन्द्र चाहलको एकै खेलमा तीन विकेट लिने रेकर्ड बराबरी गरेका छन्। बुमराहले २० पटक एक खेलमा तीन विकेट लिए। चाहलले पनि २० पटक तीन विकेट लिएका छन्। श्रीलंकाका लथिस मलिंगाले १९ र अमित मिश्राले १७ पटक एकै खेलमा तीन विकेटको प्रदर्शन गरेका छन्।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com